# सशक्तीकरण

(महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको प्रकाशन)

वर्ष १९ पूर्णाङ्क २६ २०८०

# EMPOWERMENT

A Journal of Ministry of Women, Children and Senior Citizens

नेपाल सरकार

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

सिंहदरबार, काठमाडौं, नेपाल

# सशक्तीकरण

(महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको प्रकाशन)

वर्ष १९ पूर्णाङ्क २६ २०८०

# EMPOWERMENT

**A Journal of Ministry of Women, Children and Senior Citizens**

नेपाल सरकार

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

सिंहदरबार, काठमाडौं, नेपाल

फोन नं. : ४२१११९० / ४२००३३७ / ४२००४०८, फ्याक्स नं. : ४२००११६

**Email** : info@mowcsc.gov.np, **Web** : www.mowcsc.gov.np

## सम्पादक मण्डल

### सल्लाहकार

सुमनराज अर्याल, *सचिव*

### संयोजक

लक्ष्मीकुमारी बस्नेत, *सहसचिव*

### सदस्यहरू

रामहरि गैह्रे, *निर्देशक*

मीना पौडेल, *प्रमुख महिला विकास अधिकृत*

जीवन प्रकाश मोहत्रा, *उपसचिव (लेखा)*

वन्दनाकुमारी के.सी., *उपसचिव*

नेत्रप्रसाद कोइराला, *शाखा अधिकृत*



**प्रकाशक**

नेपाल सरकार

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

सिंहदरबार, काठमाडौं, नेपाल

**प्रकाशन प्रति**

*५०० प्रति*

**मुद्रण**

स्वर्ण कलश प्रिन्टिङ्ग प्रेस

# सम्पादकीय

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट विगत लामो समयदेखि मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यकसँग सम्बन्धित लेखरचनाहरू समावेश गरी सशक्तीकरण जर्नल प्रकाशन गरी पाठकसमक्ष प्रस्तुत गर्न पाउँदा सम्पादक मण्डल खुशी व्यक्त गर्दछ।

नेपालको संविधानले समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा विभेदरहित, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ र यसका लागि लैङ्गिक समानता अनिवार्य शर्त हो। संवैधानिक प्रावधान, आवधिक योजना र विभिन्न ऐन तथा कानुन लैङ्गिक समानताको दृष्टिकोणले विशेष महत्वपूर्ण रहेको छ। लैङ्गिक समानतामूलक राष्ट्र निर्माण गर्ने उद्देश्यका साथ लैङ्गिक समानता नीति, २०७७ समेत कार्यान्वयनमा आएको छ।

गरिबी, पछौटेपन, अन्धविश्वास, कुरीति र कुसंस्कारका चक्रबाट अझै पनि समाजलाई पूर्णरूपमा मुक्त गराउन नसकिएको अहिलेको तीतो यथार्थ हो। अझै पनि लैङ्गिक हिंसा, मानव बेचबिखनजस्ता जघन्य अपराधका घटनासम्बन्धी समाचारहरू दैनिकरूपमा आइरहेका छन्। प्रतिभावान युवाहरूको विदेशप्रतिको मोहले गर्दा सहाराविहीन जीवन बिताउन बाध्य भएका ज्येष्ठ नागरिकको व्यवस्थापन राज्यको प्रमुख चुनौती रहेको छ। ज्येष्ठ नागरिकहरूमा रहेका ज्ञान, सीप तथा अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरण गर्न सकिएको छैन। यस्तै चुनौतीहरूको सामना गर्दै समतामूलक समाजको निर्माणमा मन्त्रालयले आफ्नो ध्यान केन्द्रित गरेको छ।

मन्त्रालयले प्रकाशन गर्ने गरेको सशक्तीकरण जर्नलमा समसामयिक विषयवस्तु, लेखकका निजी अनुभव र महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित लेख रचनाहरू समाविष्ट गरिएका छन्। प्रस्तुत जर्नलमा समाविष्ट लेख रचनाहरू लेखकका निजी धारणा र विचार हुन्। जर्नलमा समावेश भएका लेखरचनाका माध्यमबाट मन्त्रालयको विषयमा जानकारी प्रदान गर्ने र सुसूचित गराउने अवसरका रुपमा यस सँगालोलाई लिएका छौं ।

अन्त्यमा, प्रस्तुत जर्नलमा आफ्नो लेखरचना उपलब्ध गराई सहयोग पुऱ्याउने सबै लेखकहरूलाई धन्यवाद दिन चाहन्छौं। यस जर्नल महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूका विषयमा खोज, अनुसन्धान तथा अध्ययन गर्नका लागि सहयोगी हुनेछ भन्ने अपेक्षाका साथ पाठकहरूबाट रचनात्मक सुझावको अपेक्षा गर्दछौं ।

# विषयसूची


जनआन्दोलन २ पछिका बजेटमा महिला विकास र महिला सशक्तीकरणका प्रतिबद्धताहरू

✍ *कृष्णहरि बास्कोटा* १

महिला सशक्तीकरण: आर्थिक सबलीकरण र सामाजिक रूपान्तरणमा जोड

✍ *सम्झना देवकोटा* ५

महिलाको लागि राज्यप्रदत्त सेवा सुविधा

✍ *विष्णुकुमारी लामिछाने* ९

संघीय राजस्व नीति र महिला उद्यमशीलतासम्बन्धी व्यवस्था, समस्या र समाधानका उपायहरू

✍ *रामबहादुर के.सी.* १९

नेपालको निजामती सेवा र महिला सहभागिता: एक अध्ययन

✍ *चमेली पोखरेल* २९

महिला अधिकारसम्बन्धी नेपालका कानुनहरू

✍ *श्यामसुन्दर श्रेष्ठ/आकृति माकाजू* ४५

राज्य रूपान्तरणमा सामाजिक न्याय र आजको अवस्था : एक विश्लेषण

✍ *सबिता कार्की* ५६

प्रजनन स्वास्थ्य, हामी सबैको कर्तव्य

✍ *अन्जु ढुङ्गाना* ६४

मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी वर्तमान अवस्था तथा चुनौतीहरू

✍ *सुरेन्द्र वाग्ले* ६९

लैङ्गिक हिंसा व्यवस्थापनमा अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्रको प्रभावकारिता

✍ *सुनालक्ष्मी कर्माचार्य* ८३

सामाजिक लिङ्गभेदका विनाशकारी नतिजाहरू

✍ *मथुरा खनाल* ८७

यौनिक तथा लैङ्गिक अल्पसंख्यकको पहिचान पाउने सङ्घर्ष

✍ *माधव दुलाल* ९०

ज्येष्ठ नागरिकको हितमा गरिएका व्यवस्था, अवस्था र आवश्यकता

✍ *बाबुकाजी कार्की* ९६

प्रविधिको प्रयोगकर्ता ज्येष्ठ नागरिक धेरै सुखी

✍ *छत्र प्रधान* १०३

ज्येष्ठ नागरिकको सक्रिय जीवनशैली

✍ *कल्पलता दाहाल* १०७

बौद्धिक अपाङ्गता र यसमा परिवारको भूमिका
✍ *मणिराज श्रेष्ठ* १११

**Rape: With or Without Intention**
✍ ***Laxmi Bakhadyo*** ११६

**Anti-Witchcraft Act as Tools for Social Transformation**
✍ ***Shilpa Shrestha*** १२६

**Elderly Abuses and Challenges of the Day**
✍ ***Prem Sharma*** १३३

**Gender and Disability: the Voice of Inclusion in Existing Policies of Nepal**
✍ ***Neera Adhikari*** १३६

# जनआन्दोलन २ पछिका बजेटमा महिला विकास र महिला सशक्तीकरणका प्रतिबद्धताहरू



कृष्णहरि बास्कोटा *

जनआन्दोलन २ सफल भएपछि गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सरकार गठन भयो। सो मन्त्रिमण्डलमा डा. रामशरण महत अर्थमन्त्री नियुक्ति हुनुभयो। उहाँले आर्थिक वर्ष २०६३/६४ का लागि एक प्रकारले संक्रमणकालीन बजेट जारी गर्नुभयो जसमा महिला विकास र सशक्तीकरणका लागि प्रतिबद्धता जनाइएको थियो। तत्पश्चात् डा. महतले आर्थिक वर्ष २०६४/६५ को बजेटद्वारा लैङ्गिक उत्तरदायी बजेटको औपचारिक थालनी आरम्भ गर्नुभयो। यसका लागि यसै पंक्तिकारको संयोजकत्वमा गठित लैङ्गिक उत्तरदायी बजेट समितिले यस प्रकारको बजेटका लागि सिफारिश गरेको थियो। यसै प्रतिवेदनको सिफारिशअनुसार लैङ्गिक उत्तरदायी बजेटको पहिचानका लागि ५ ओटा सूचकहरू (महिलाको क्षमता अभिवृद्धि, महिलाहरूको योजना तर्जुमा र कार्यान्वयनमा सहभागिता, लाभको बाँडफाँटमा महिलाको हिस्सा, महिलाहरूको रोजगार, आय अभिवृद्धिमा सहयोग र महिलाहरूको समयको प्रयोगमा गुणात्मक सुधार र कार्यबोझमा ल्याउने कमीलाई प्रयोगमा ल्याइयो जो अद्यपि कार्यान्वयनमा रहेको छ।

आर्थिक वर्ष २०६४/६५ को बजेट वक्तव्यमा डा. महतले महिला सशक्तीकरण शीर्षकमा ८ ओटा बुँदा प्रस्तुत गर्नुभएको थियो जसमा लैङ्गिक उत्तरदायी बजेटको अवधारणा लागु गरेको, महिला विकास कार्यक्रमलाई बिस्तार गरेको, महिलाको नाममा जग्गाको लिखत पारित गर्दा दस्तुरमा २० प्रतिशत छुट दिएको र स्वयंसेवक, विकास संयोजकमा महिला सहभागिता बढाइने प्रतिबद्धता व्यक्त भएको थियो। साथै, यस बजेट वक्तव्यमा महिलाको आर्थिक, सामाजिक र कानुनी सशक्तीकरण गर्ने, सुत्केरी महिला, नवजात शिशु र महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन भत्ता दिने, द्वन्द्व प्रभावित क्षेत्रमा घरविकास योजना सञ्चालन गर्ने र महिलाको आर्थिक आत्मनिर्भरताका कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता पनि व्यक्त भएका थिए।

आर्थिक वर्ष २०६५/६६ का लागि अर्थमन्त्री डा. बाबुराम भट्टराईले बजेट प्रस्तुत गर्दै आफ्नो बजेट भाषणमा लैङ्गिक उत्तरदायी बजेटका सम्बन्धमा अघिल्लो वर्षकै अर्थमन्त्रीको भनाईलाई निरन्तरता दिनुभएको थियो। यस अतिरिक्त उहाँको बजेट वक्तव्यमा महिला सशक्तीकरण, जीवनस्तरमा रूपान्तरण शीर्षकमा ६ ओटा बुँदा समेटिएका थिए। जसमा, लैङ्गिक समानतामा जोड दिने, महिला विकास

*पूर्व सूचना आयुक्त एवं पूर्व सचिव*

कार्यक्रमलाई बिस्तार गर्ने, कानुनी साक्षरता बढाउने, राष्ट्रिय महिला आयोगलाई साधनस्रोत सम्पन्न तुल्याउने, जोखिममा रहेकाहरूलाई विशेष कार्यक्रम सञ्चालन गर्ने र महिला सीप विकास गर्नेजस्ता प्रतिबद्धता व्यक्त भएका थिए।

आ.व. २०६६/६७ का लागि अर्थमन्त्री सुरेन्द्र पाण्डेले बजेट प्रस्तुत गर्दै महिला विकास तथा सामाजिक सशक्तीकरण शीर्षकमा ४ ओटा बुँदा प्रस्तुत गर्नुभएको थियो। जसअनुसार, लैङ्गिक उत्तरदायी बजेटलाई निरन्तरता दिने, महिला विकास कार्यक्रमलाई विस्तार गर्ने, वादी समुदायका महिलाको उत्थान गर्ने र घरेलु हिंसा एवं यौन दुर्व्यवहारमा परेका महिलालाई अल्पकालीन आश्रयस्थलमा राख्ने लगायतका प्रतिबद्धता जनाउनुभएको थियो।

आ.व. २०६७/६८ को बजेट पनि सुरेन्द्र पाण्डेले नै ल्याउनुभयो। अर्थमन्त्रीले सो बजेटको सार्वजनिक जानकारी वक्तव्यमा महिला सशक्तीकरण शीर्षकमा ३ ओटा बुँदा समेट्नुभएको थियो। जसमा, लैङ्गिक उत्तरदायी बजेटमा विनियोजन वृद्धि गर्ने, महिला हिंसा विरुद्धको विशेष अभियान सञ्चालन गर्न कोष खडा गर्ने र दाइजो, बोक्सीजस्ता कुप्रथालाई हटाउने लगायतका प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

आ.व. २०६८/६९ को बजेट तत्कालीन अर्थमन्त्री एवं उपप्रधानमन्त्री भरतमोहन अधिकारीले जारी गर्नुभयो। उहाँको बजेट वक्तव्यमा लैङ्गिक मूलप्रवाहीकरण र सशक्तीकरण शीर्षकमा ५ ओटा बुँदा रहेका थिए। जसमा, लैङ्गिक समानता कायम गर्ने, महिला विकास कार्यक्रम विस्तार गर्ने, विपन्न महिलालाई स्वरोजगार तुल्याउने, प्राविधिक तालीम दिने, घरेलु हिंसामा परेकालाई सेल्टरमा राख्ने, महिला बेचबिखनलाई नियन्त्रण गर्नेजस्ता प्रतिबद्धता व्यक्त भएका थिए।

आ.व. २०६९/७० को बजेट अर्थमन्त्री शंकरप्रसाद कोइरालाले अध्यादेशको माध्यमबाट जारी गर्नुभयो। उहाँले आफ्नो बजेटको जानकारी वक्तव्यमा महिला उद्यमशील विकास कोषमा उच्च महत्वका साथ रकम विनियोजन गरेको कुरा बताउनुभएको थियो।

आ.व. २०७०/७१ को बजेट पनि तत्कालीन अर्थमन्त्री शंकरप्रसाद कोइरालाले नै अध्यादेशको माध्यमद्वारा जारी गर्नुभयो। उहाँले आफ्नो बजेट वक्तव्यमा महिला विकास शीर्षकमा ८ ओटा बुँदा समावेश गर्नुभएको थियो। जसमा, लैङ्गिक उत्तरदायी बजेटको आकार वृद्धि गरेको, महिला विकास कार्यक्रम बिस्तार गरिने, विशेष अवस्थामा रहेका महिलाको सशक्तीकरण गरिने, लैङ्गिक हिंसा न्यून गरिने, एकल महिला कोषमा रकम थप गरिने, महिला निजामती कर्मचारी र सेवा प्रबेश गर्न चाहने महिलाका लागि विशेष ढंगले परीक्षाको तयारी कार्यक्रम सञ्चालन गरिनेजस्ता प्रतिबद्धता व्यक्त भएको थियो।

आ.व. २०७१/७२ को बजेट अर्थमन्त्री डा. रामशरण महतले जारी गर्नुभयो। सो बजेट वक्तव्यमा उहाँले महिला सशक्तीकरण र लैङ्गिक समानता शीर्षकमा २ ओटा बुँदा प्रस्तुत गर्नुभएको थियो। जसमा, महिला आर्थिक सशक्तीकरणको कार्यक्रम सञ्चालन गर्ने, वादी, मुक्त कमलरी, मुक्त कमैया, चेपाङ, राउटे तथा गन्धर्व समूहका किशोरी तथा महिलाका लागि रोजगार कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त भएको थियो।

पुनः डा. महतले नै आ.व. २०७२/७३ को बजेट प्रस्तुत गर्दै आफ्नो बजेट वक्तव्यको महिला सशक्तीकरण शीर्षकमा एउटा बुँदामा योगमाया महिला सशक्तीकरण कार्यक्रममार्फत् महिलाका विविध विषयमा सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

आ.व. २०७३/७४ को बजेट अर्थमन्त्री विष्णुप्रसाद पौडेलबाट जारी भयो। सो बजेटमा उहाँले महिला उत्थान शीर्षकमा ९ ओटा बुँदा समेटनुभएको थियो। जसमा, राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन गर्ने, महिलालाई उद्यमशीलतामा सघाउने, स्वरोजगारीका लागि बिउ पुँजी उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। साथै, उहाँले महिलाको नाममा जमिनको स्वामित्व बढाउन प्रोत्साहन गर्ने, हिंसामा परेका र बेवारिसे महिलालाई पुनर्स्थापनाको व्यवस्था गर्ने लगायतका प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

तत्कालीन अर्थमन्त्री कृष्ण बहादुर महराले आ.व. २०७४/७५ को बजेट जारी गर्नुभयो। यस वर्षको बजेटमा महिलालाई प्रत्यक्ष लाभ पुग्ने बजेटको अंश ३७.४२ प्रतिशत, अप्रत्यक्ष लाभको बजेट ३२.६६ प्रतिशत र तटस्थ बजेटको अंश २९.९२ प्रतिशत पुऱ्याइएको थियो। यसरी प्रत्यक्ष लाभको बजेटले एकै पटक ठूलो फड्को मारेको कुरा यहाँ उल्लेखनीय छ। उहाँले आफ्नो बजेट वक्तव्यमा महिला विकास तथा समाज कल्याण शीर्षकमा ४ ओटा बुँदा समेटनुभएको थियो। जसअनुसार, आधा आकाश ओगट्ने महिला उत्थानका लागि विविध कार्यक्रम सञ्चालन गरिने, महिलाको सीप विकास गरी स्वरोजगारका अवसर वृद्धि गर्ने लगायतका प्रतिबद्धता व्यक्त भएको थियो।

आ.व. २०७५/७६ को बजेट अर्थमन्त्री डा. युवराज खतिवडाबाट जारी भएको थियो। उहाँले आफ्नो बजेट वक्तव्यमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शीर्षकमा ५ ओटा बुँदा समेट्नुभएको थियो। जसअनुसार, राष्ट्रपति महिला उत्थान कार्यक्रमलाई विस्तार गरिने, विपन्न तथा पिछडिएका महिलालाई रोजगारी दिने, कुरीति, कुप्रथा हटाउने, गर्भवती र सुत्केरी महिलालाई एयर एम्बुलेन्सको सेवा दिने लगायतका प्रतिबद्धता व्यक्त भएका थियो।

आ.व. २०७६/७७ का लागि पनि डा. खतिवडाले नै बजेट जारी गर्नुभयो। यस वर्षको बजेट वक्तव्यमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शीर्षकमा ५ ओटा बुँदा समेटिएका थिए। जसमा, विपन्न र बञ्चितीकरणमा परेका महिलालाई सघाउने, हिंसापीडित महिलाको उद्धार गर्ने, मनोपरामर्श सेवा दिने, महिला हवाई उद्धार कार्यक्रमलाई निरन्तरता दिने, महिलाबिरुद्ध हुने सबै प्रकारको विभेद हटाउने लगायतका प्रतिबद्धता व्यक्त भएका थिए। सबैभन्दा महत्वपूर्ण कुरा डा. खतिवडाले आफ्नो बजेट वक्तव्यमा अबदेखि लैङ्गिक उत्तरदायी बजेटलाई प्रदेश सरकार र स्थानीय तहसम्म संस्थागत गर्दै लैजाने प्रतिबद्धता व्यक्त गर्नुभयो। जसअनुसार हाल सबै प्रदेश सरकारमा लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनमा आएको छ।

आ.व. २०७७/७८ को बजेट पनि डा. खतिवडाबाटै जारी भयो। यस पटकको बजेट वक्तव्यमा उहाँले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शीर्षकमा ७ ओटा बुँदा समेट्नुभएको थियो। जसमा, जोखिममा परेका महिलाको उत्थान गरिने, महिलाको आर्थिक सामाजिक अधिकार प्राप्त हुने गरी काम

गर्ने, सामाजिक भेदभाव, शोषण र हिंसा अन्त्य गर्ने लगायतको प्रतिबद्धता जनाउनुभएको थियो।

तत्कालीन अर्थमन्त्री विष्णुप्रसाद पौडेलले विगत दुई आ.व.को बजेटमा घटेको लैङ्गिक उत्तरदायी बजेट अन्तर्गतको महिलाको प्रत्यक्ष लाभको बजेटलाई वृद्धि गर्नुभएको थियो। उहाँले आफ्नो बजेट वक्तव्यमा महिला, वालबालिका तथा ज्येष्ठ नागरिक शीर्षकमा ११ ओटा बुँदा समेट्नुभएको थियो। जसअनुसार, उहाँले राज्यका सबै अङ्गमा लैङ्गिक समानता कायम गरिने, कार्यकारी तहमा महिलाको कम्तीमा ३३ प्रतिशत संलग्नता सुनिश्चित गरिने, महिलालाई सीपमूलक तुल्याइने, दाइजो प्रथा हटाइनेजस्ता प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

आ.व. २०७९/८० का लागि अर्थमन्त्री जनार्दन शर्मा प्रभाकरले बजेट जारी गर्नु भयो। यस वर्षको बजेट वक्तव्यमा महिला, वालवाचलिका तथा ज्येष्ठ नागरिक शीर्षकमा एउटा बुँदामा महिला पहिला कार्यक्रम अन्तर्गत विविध क्रियाकलापहरू सञ्चालन गरिने, महिला हिंसाविरुद्ध चौबिस घण्टे सेवासहित महिला प्रहरी सेल कार्यान्वनमा आउने लगायतका प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

यसरी नेपालमा जनआन्दोलन २ पछिका सबै वार्षिक बजेट र अर्थमन्त्रीहरूका बजेट वक्तव्यमा महिला विकास र महिला सशक्तीकरणलाई उच्च प्राथमिकता दिइएको छ। तथापि हालसम्मका नीतिगत हस्तक्षेपहरू अप्रयाप्त महसुस गएकिो छ। यसर्थ, आगामी दिनमा सशक्तरूपमा नीतिगत हस्तक्षप गरी महिला उत्थानमा विशेष फड्को मार्न सकिने अपेक्षा गर्न सकिन्छ।

ooo

# महिला सशक्तीकरण: आर्थिक सबलीकरण र सामाजिक रूपान्तरणमा जोड

✍ सम्झना देवकोटा *



## पृष्ठभूमि

महिला सशक्तीकरणले मूलभूत रूपमा समेट्ने विषय भनेको महिलाको जीवनमा आधारभूत रूपमा आवश्यक विषयवस्तु बुझ्न सक्ने बनाउनु, त्यसलाई प्राप्त गर्न सक्ने बनाउनु साथै प्राप्त अवसर र स्रोतलाई सही रूपमा उपभोग गर्न सक्ने बनाउनु हो। यसको तात्पर्य भनेको महिलाले सामाजिक जीवनका मुद्दा र समस्याहरूलाई आफै सजिलैसँग समाधान गर्न सक्नु नै हो। महिला सशक्तीकरणले महिलालाई आत्मनिर्भर बनाई उनीहरूमा आउने विभिन्न प्रकारका समस्याहरूका अलावा दैनिक दिनचर्यालाई समेत सबल रूपमा अगाडि बढाउन सक्छन्। यो विषय आर्थिक तथा सामाजिक साधन एवं स्रोतको पहुँच र अवसर तथा सोको न्यायसङ्गत तरिकाबाट वितरणसँग सम्बन्धित छ।

नेपालको संविधानले लैङ्गिक विभेदको अन्त गर्दै समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन अधिकार, राज्यका सबै निकायमा समानुपातिक प्रतिनिधित्वको लागि दिशानिर्देश गर्नुका साथै मौलिक हकको व्यवस्थासमेत गरेको छ। नेपालले महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि, १९७९ को अनुमोदन गरी सोही बमोजिमका नीति एवं कार्यक्रम कार्यान्वयन गर्दै आएको छ। यसका साथै दिगो विकास लक्ष्यमा उल्लिखित लैङ्गिक समानता र सशक्तीकरणका विषय आवधिक योजनामा आन्तरिकीकरण गरिएको छ। राष्ट्रपति महिला सशक्तीकरण कार्यक्रममार्फत् महिला उत्थानका विभिन्न कार्यक्रम सञ्चालनमा रहेका छन्। यी प्रयासका बाबजूद अपेक्षित रूपमा महिला समानता र सशक्तीकरणका प्रयासले मूर्त रूप लिन सकेका छैनन्।

## सशक्तीकरण र उद्यमशीलता

महिला सशक्तीकरण र उद्यमशीलता बिचमा नङ र मासुको जस्तै सम्बन्ध हुन्छ। उद्यमशीलता कुनै उद्यमीले अवसरहरू पहिचान गरेर ती अवसरहरूबाट फाइदा उठाउन विभिन्न जोखिम बहन गर्दै नयाँ व्यवसाय आरम्भ गर्नु र त्यसलाई निरन्तरता दिने क्रियाकलापसँग सम्बन्धित छ जसको उद्देश्य प्राप्त साधन र स्रोतको उचित समायोजन र परिचालन गरी नयाँ कार्यको सञ्चालन गरी नाफा कमाउनु हो। उद्यमशीलताको विकासले देशको आर्थिक विकासको सुदृढीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

* *उपसचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय*

महिला सशक्तीकरण महिलालाई आत्मनिर्भर तथा उद्यमी बनाई उनीहरूको जीवनमा आउने विभिन्न प्रकारका समस्या हल गर्नुका साथै दैनिक दिनचर्यालाई समेत सबल रूपमा अगाडि बढाउन सक्छन्। नेपालको सन्दर्भमा कृषिजन्य उद्योग र घरेलु तथा साना उद्योगको माध्यमबाट आर्थिक समृद्धिमा महिलाको सहभागितालाई सार्थक बनाउन सकिन्छ।

## समस्या, मुद्दा र दृष्टिकोण

महिलामाथि हुने विभेद अद्यापि कायम रहनु र यो विषय सामाजिक संरचनामै कायम रहनु, लैङ्गिक अवस्था प्रष्ट्याउने खण्डीकृत तथ्याङ्कको कमी, हिंसापीडित महिलाको पुनर्संरक्षण र पुनर्स्थापनामा पर्याप्त प्रबन्ध गर्न नसकिनु र समग्र रूपमा महिलालाई स्वावलम्बी बनाउन सशक्तीकरणका कार्यक्रम विस्तारित र प्रभावकारी बनाउन नसकिनु मुख्य समस्याका रूपमा रहेका छन्।

महिला सशक्तीकरणका लागि अन्तर्राष्ट्रियदेखि राष्ट्रियस्तरसम्म धेरै प्रयास भएका छन्। शिक्षा, स्वास्थ्य, रोजगारीजस्ता क्षेत्रमा पहुँच बढेकाले महिलाको अवस्था सुधारिएको छ। यो परिवर्तनले उनीहरूको जीवन तुलनात्मकरूपमा सहज बनाएको छ। हिजो दाउरामा खाना पकाउने महिलाहरू ग्याँस हुँदै बिजुली (इन्डक्सन) मा पकाउन थालेका छन्। तर यसले लैङ्गिक भूमिका, शक्ति सम्बन्धमा खासै परिवर्तन ल्याउन सकेको छैन। जागिरे वा कामकाजी महिलामा अझ कार्यबोझ थपिएको छ भन्ने दृष्टिकोण पनि रहिआएको छ।

सुदूरपश्चिम प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले महिला सशक्तीकरण कार्यक्रम सञ्चालन निर्देशिका २०७७ कार्यान्वयनमा ल्याई छोटो अवधिका तालिम र व्यवसाय स्थापनाका लागि नगण्य रूपमा अनुदान रकम उपलब्ध गराउने प्रावधान राखेको छ। यस प्रकारका सीमित प्रयासहरू अन्य प्रदेश तहका सरकारबाट पनि भैआएका छन्।

महिला विकास कार्यक्रममा अन्य समुदायको तुलनामा दलित जनजाति महिलाको सहभागिता कमजोर रहेको तथ्य महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट २०७४ सालमा गरिएको एक अध्ययनले देखाएको छ। यसले सरकारी तवरबाट सञ्चालित कार्यक्रममा पहुँचको स्तर कमजोर रहेको देखिन्छ अझ यसको प्रभावकारिताको लागि थप अध्ययनको जरुरी देखिन्छ। दलित एवं जनजातिको मागमा आधारित लक्षित कार्यक्रम तर्जुमा गर्न र महिला समूहको नेतृत्वदायी तहमा यी समुदायको उपस्थिति रहनुपर्ने समेत सो अध्ययनले देखाएको छ।

## मौजुदा संस्थागत एवं नीतिगत व्यवस्था

संविधान नै समावेशीकरणको पुञ्जको रूपमा रहेको छ जसले लैङ्गिक सवाल र समावेशीकरणलाई आधारस्तम्भको रूपमा अंगीकार गरेको छ। मौलिक हकको रूपमा महिलाको हकलाई सुनिश्चित गरिएको छ। दिगो विकास लक्ष्यले लैङ्गिक सशक्तीकरणलाई एक लक्ष्यका रूपमा लिई तदनुरूप आवधिक योजनाहरूमा निम्नानुसार आन्तरिकीकरण गरिएको छ।

- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
- राष्ट्रिय महिला आयोग
- मन्त्रालयहरूमा लैङ्गिक सम्पर्क बिन्दुको प्रबन्ध
- प्रदेश तहमा सामाजिक विकास मन्त्रालयअन्तर्गत तोकिएको शाखाबाट कार्य सम्पादन
- लैङ्गिक बजेट कोडको व्यवस्थाबाट लैङ्गिक उत्तरदायी बजेटको प्रारम्भ
- स्थानीय तहहरूबाट छोटो अवधिका तालिमहरू सञ्चालन
- संघीय संसद, प्रदेश संसद र स्थानीय तहहरूमा महिला प्रतिनिधित्वको अर्थपूर्ण र उल्लेख्य प्रतिनिधित्वको संवैधानिक एवं कानुनी प्रबन्ध
- निजामती सेवालगायत सरकारी सेवाहरूमा आरक्षणको प्रबन्ध
- लैङ्गिक हिंसा न्यूनीकरणका लागि सुरक्षा निकाय लगायतसँगको सहकार्य
- गरिवी निवारण कोषबाट होमस्टे, सहकारी लगायतका उद्यमशीलतामा जोड।

**पन्ध्रौ योजनामा उल्लिखित केही महत्वपूर्ण सूचक एव तथ्याङ्क**

| सूचक | २०७५/७६ को अवस्था | २०८०/८१ को लक्ष्य |
|---|---|---|
| लैङ्गिक विकास सूचकाङ्क | ०.८९७ | ०.९६३ |
| लैङ्गिक सशक्तीकरण सूचकाङ्क | ०.५७ | ०.६४ |
| संघीय संसदमा महिला प्रतिनिधित्व | ३२.७% | ४०% |
| प्रदेश सभामा महिला प्रतिनिधित्व | ३४.४% | ४०% |
| सार्वजनिक सेवमा महिला प्रतिनिधित्व | २४.७% | ३४% |

**लैङ्गिक सशक्तीकरणका लागि लिइनुपर्ने रणनीतिहरू**

१. लैङ्गिक समानताका लागि क्षेत्रगत नीति, कानुन र कार्यक्रम लागु गर्ने।

२. तीनै तह एवं क्षेत्र र निकायमा लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्बन गर्ने।

३. सबै तहमा लैङ्गिक उत्तरदायी बजेट पद्धति संस्थागत गर्ने।

४. पिछडिएका महिला लक्षित आर्थिक उद्यमशीलता र सशक्तीकरण एवं सामाजिक रूपान्तरणका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्ने।

५. लैङ्गिक हिंसाको न्यूनीकरण र न्यायमा सहज पहुँचको सुनिश्चितता प्रदान गर्ने।

## निष्कर्ष

महिलाको सारभूत रूपमा समानता कायम गर्न तीनै तहका सरकारका नीति, कानुन र कार्यक्रम समतामा आधारित हुनु आवश्यक छ। यसका लागि लैङ्गिक उत्तरदायी बजेटको मर्म बमोजिमको कार्यक्रम तर्जुमा र कार्यान्वयन एवं महिला विकासको मुद्दा सबै कार्यक्रम तथा नीतिहरूमा मूलप्रवाहीकरण गरिनु पूर्वशर्तको रूपमा रहेको छ। महिला सशक्तीकरणका लागि राज्यका संरचना र विकास प्रक्रियामा अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्नु, महिलाको सीप विकास र श्रम तथा समय वचतका लागि प्रविधिसँग जोड्नु, विभेद र कुरीतिलाई कम गर्न सचेतना अभिवृद्धिका साथै कानुनी उपायलाई प्रभावकारी बनाउनु, हिंसाविरुद्ध शुन्य सहनशीलताको नीतिलाई दृढ रूपमा कार्यान्वयन गर्नु एवं निशुल्क कानुनी सहायता र पुनर्स्थापना केन्द्रलाई वास्तविक रूपमा पीडितले महसुस गर्ने गरी सेवा प्रवाह गर्न सक्ने बनाउनु, महिला सहकारीलाई उत्पादनमूलक कार्यमा संलग्न गराउनु, राष्ट्रिय आयमा महिलाको योगदानको लेखाङ्कन गर्नु लगायतका उपायहरूलाई समयबद्ध र योजनाबद्ध रूपमा कार्यान्वयन गर्नुको विकल्प छैन्। यी सबै प्रयासहरूमा राज्य र गैरराज्य पक्षको समन्वयात्मक रूपमा परिचालन गरी महिलालाई आर्थिक रूपमा सबल र उद्यमशील बनाउनु एवं सामाजिक रूपान्तरणको लागि सबै तह र क्षेत्रको प्रयास गर्नु नै महिला सशक्तीकरणको मूल मर्म हो।

## सन्दर्भ सामग्री


- नेपालको संविधान (२०७२)
- पन्ध्रौ आवधिक योजना, राष्ट्रिय योजना आयोग (आ.व. २०७६/७७-२०८०/८१)
- महिला सशक्तीकरण र उद्यमशीलता- सावित्रा दाहाल loktantrapost.com
- महिला विकास कार्यक्रममा जनजाति महिलाको सहभागिता अध्ययन प्रतिवेदन, २०७४
- महिला सशक्तीकरणको पुनर्व्याख्या किन? सावित्रा ढकाल https://www.setopati.com/


००० 

# महिलाको लागि राज्यप्रदत्त सेवा सुविधा



✍ विष्णुकुमारी लामिछाने *

**सारांश**

महिलाको फरक आवश्यकताको सम्बोधन गर्दै उनीहरूको मानव अधिकार प्रवर्धन गर्न संयुक्त राष्ट्रसंघले सन् १९७९ मा महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धी पारित गर्‍यो। नेपाल सरकारले यसको अनुमोदन सन् १९९१ मा गरेको थियो। समान कामका लागि समान ज्याला, महिलाको राजनीतिक सहभागिता, नागरिकताको अधिकारलगायतका सवालमा क्रमिक रूपमा अन्तर्राष्ट्रिय प्रयासहरू भए। त्यसको प्रभाव नेपालमा पनि पर्दै गयो। विशेष गरी छैटौं योजनादेखि महिलालाई सशक्त बनाई राष्ट्रिय विकासमा समान रूपले सहभागी गराउन विकासमा महिला सहभागिता अभिवृद्धि गर्ने नीति आवधिक योजनामा समावेश गरियो। महिलालाई समतामूलक ढङ्गबाट सशक्तीकरण, मूलप्रवाहीकरण र समावेशीकरणका लागि महिला विकास कार्यक्रम सञ्चालन गर्न वि.सं. २०३८ सालमा स्थानीय विकास मन्त्रालयअन्तर्गत महिला विकास शाखाको स्थापना गरिएको थियो। नेपालमा भएका आन्दोलनपश्चात् महिलालाई राज्यले अझै प्राथमिकता प्रदान गरी संविधानमा छुट्टै मौलिक हकको व्यवस्था गर्नुका साथै विभिन्न नीति, कार्यक्रम र कार्यविधिमार्फत् विशेष सेवा सुविधाहरू प्रदान गर्नुका साथै राज्यका विभिन्न निकायमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरेको छ। यस लेखमा महिलालाई राज्यले स्वास्थ्य, शिक्षा, रोजगारी, उद्यम लगायत सामाजिक सुरक्षासम्बन्धी प्रदान गरेका सेवा सुविधा एवं विशेष व्यवस्थाहरू उल्लेख गर्ने प्रयास गरिएको छ।

## विषय प्रवेश

मानव समाज उत्पत्तिको क्रममा महिला र पुरुषबिच समानता थियो भनिन्छ। समाज विकासको क्रममा महिला सन्तानोत्पादन र घरायसी कार्यमा तथा पुरुष आहाराको खोजी र बाहिरी काममा संलग्न हुँदै गएपछि परनिर्भरता सँगै विभेदको शुरुवात भएको पाइन्छ। मानव मानव (महिला र पुरुष) बिच विभेदको यो रूप अहिलेसम्म पनि विश्वभरिका महिलाले कुनै न कुनै रूपमा महसुस गरिरहेका छन्।

मानव भएर पनि मानवोचित व्यवहारका लागि महिलाले धेरै आन्दोलन गर्नुपर्ने अवस्थाको सिर्जना भयो। भ्रुणावस्थादेखि मृत्युपर्यन्त गरिने संस्कारसम्म महिलालाई विभेदको शिकार बनाइन्छ।

* *निर्देशक, हेटौंडा उपमहानगरपालिका*

परिवारभित्रको वातावरणदेखि नागरिकको लागि राज्यप्रदत्त सेवाहरूमा समेत महिलालाई विभेद गरिएको कारण समाजको समानुपातिक विकास हुन सकेन। संयुक्त राष्ट्रसंघीय मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ले सबै मानवको लागि समान अधिकार र स्वतन्त्रताको साझा बोध सर्वोत्तम महत्वको कुरा भएको विषयलाई केन्द्रित गरेको छ, जसले असमान अवस्थामा रहेका महिलाको लागि फरक व्यवस्था गर्न सकेन। फलस्वरूप महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (Convention for Elimination of All forms of Discrimination Against Women, CEADAW) १९७९ मा महासभाद्वारा पारित भयो। यसले पुरुषसरह महिलाहरूलाई मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको प्रयोग तथा उपभोगको प्रत्याभूति दिने उद्देश्यका लागि महिलाको पूर्ण विकास र समुन्नति सुनिश्चित गर्न पक्ष राष्ट्रहरूले सबै क्षेत्र खास गरी राजनैतिक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रहरूमा कानुनी व्यवस्था लगायतका सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नुपर्ने कुरामा जोड दिएको छ।

नेपालले CEDAW को अनुमोदन २२ अप्रिल १९९१ तदनुसार ५ चैत २०४८ मा गरेको थियो। औपचारिक समानताभन्दा माथि उठेर यस महासन्धिले सारभूत समानताको ढाँचा विकसित गर्दै समानताको बाटोमा रहेका व्यवधान हटाउनुपर्ने कुरामा जोड दिएको छ। त्यसै गरी सन् १९९५ मा बेइजिङमा भएको चौथो महिला सम्मेलनले लैङ्गिक समानता तथा महिला सशक्तीकरणको क्षेत्रमा १२ ओटा क्षेत्रलाई गम्भीर सरोकारका क्षेत्र पहिचान गरी यी समस्याका विरुद्ध संयुक्त रूपमा लड्न बेइजिङ कार्यमञ्च (Beijing Platform for Action) तयार गरेको छ। यसलाई लैङ्गिक समानता तथा महिला सशक्तीकरणको क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल गर्ने कदम मानिएको छ।

## नेपालले गरेका प्रयासहरू

### संवैधानिक प्रयास

विभेदकारी रूपमा नै भए तापनि नेपालको पहिलो लिखित कानुन मुलुकी ऐन, १९१० लाई नै महिलाको विषयमा बोल्ने लिखित कानुनको रूपमा मानिन्छ। राणाकालको अन्त्यतिर पहिलो संवैधानिक लिखितको रूपमा जारी भएको नेपाल सरकारको वैधानिक कानुन २००४ ले प्रथम पटक सीमित मात्रामा नागरिकका आधारभूत मौलिक हक प्रदान गर्‍यो। अन्तरिम शासन विधान, २००७, नेपाल अधिराज्यको संविधान,२०१५, नेपालको संविधान, २०१९, नेपाल अधिराज्यको संविधान, २०४७ ले लिङ्गको आधारमा भेदभाव नगरिने तथा बालिग मताधिकारको व्यवस्था गरी महिला अधिकारलाई संवैधानिक र कानुनी संरक्षण दिने प्रयासको थालनी भएको पाइन्छ। नेपालको अन्तरिम संविधान, २०६३ ले महिलाका अधिकारलाई मौलिक हकको रूपमा व्यवस्था गरी अन्तर्राष्ट्रिय अधिकारको मापदण्डलाई आत्मसात गरेको पाइन्छ।

लैङ्गिक विभेद अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्पका साथ नेपालको संविधान २०७२ सालमा जारी भएको छ।

नेपालको संविधानमा महिलाका अधिकारहरू देहायबमोजिम व्यवस्था गरिएको छ :-

- समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने, लैङ्गिक विभेद अन्त्य गर्ने।
- आमाको नामबाट नागरिकता प्राप्त गर्न सकिने लगायतका नागरिकतासम्बन्धी विषयमाथि नागरिकताको शीर्षकअन्तर्गत उल्लेख गरेबमोजिम हुने।
- सामान्य कानुनको प्रयोगमा उत्पति, धर्म, वर्ण, जात, लिङ्ग वा अन्य कुनै आधारमा भेदभाब नगरिने।
- सामाजिक वा संस्कृतिक दृष्टिले पिछडिएका महिलालगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्ने।
- महिलालाई लैङ्गिक भेदभावबिना समान वंशीय, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यको हक हुने।
- महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक, परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोविज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने र त्यस्तो कार्य दण्डनीय हुने तथा पीडितले क्षतिपूर्ति पाउने।
- राज्यका सबै निकायमा महिलाको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता रहने।
- महिलाले शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधरमा विशेष अवसर प्राप्त गर्ने।
- सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने।
- सामाजिक रूपले पछाडि परेका महिला समेतले समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउन सामाजिक न्यायको हक हुने।
- आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला समेतले सामाजिक सुरक्षा पाउने हक हुने।
- मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैङ्गिक समानता सुनिश्चित गर्ने राज्यको राजनीतिक उद्देश्य हुने।
- प्रजनन् स्वास्थ्यसम्बन्धी आवश्यक सेवा सुविधाको उपभोगको सुनिचितता गर्ने।
- आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने।
- राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुने।
- राष्ट्रिय महिला आयोग संवैधानिक आयोगको रूपमा रहने।

## नीतिगत प्रयास

नेपालमा हाल १५औं योजना कार्यान्वयनमा रहेको छ। शुरुका पाँचौं आवधिक योजनाहरूसम्म महिलाहरूको लागि छुट्टै व्यवस्था नभएकोमा छैटौं पञ्चवर्षीय योजनामा महिलाको आर्थिक सशक्तीकरणमा जोड दिनुपर्ने कुरा उल्लेख भएको थियो। आ.व. २०३९/४० मा ग्रामीण महिलाका लागि उत्पादन ऋण व्यवस्था कार्यक्रमको रूपमा महिला विकास कार्यक्रमको अभियान शुरु भएको थियो। आवधिक योजनाहरूमा उल्लेख भएका महिलासम्बन्धी विशेष नीतिगत व्यवस्थाहरू यसप्रकार रहेका छन् :

- छैटौं पञ्चवर्षीय योजनाः महिलाहरूलाई शिक्षामार्फत् राष्ट्र निर्माणमा बल पुर्‍याउनुपर्ने आवश्यकता औंल्याइयो। आर्थिक रूपमा सक्रिय महिलाको संख्या बढाउनुको साथै महिला सहभागिताका क्षेत्रसमेत यथासम्भव विस्तार गर्नुपर्नेमा जोड।
- सातौं पञ्चवर्षीय योजनाः महिलाको उत्पादकत्व र क्षमता बढाउनुका साथै उनीहरूलाई विकास प्रक्रियामा पुरुषसरह सक्रिय रूपमा सहभागी गराउने।
- आठौं पञ्चवर्षीय योजना : महिला सरोकारलाई विकासको मूलप्रवाहमा समाहित गर्ने।
- नवौं पञ्चवर्षीय योजना : लैङ्गिक समानता र महिला सशक्तीकरणका कार्यक्रमहरू तर्जुमा गरी महिलाहरूलाई समतामूलक तवरबाट विकासको मूल प्रवाहमा समाहित गराउने।
- दशौं पञ्चवर्षीय योजना : लैङ्गिक मूलप्रवाहीकरण एवं महिला सशक्तीकरण गर्नुपर्नेमा जोड।
- एघारौं त्रिवर्षीय योजना : राज्य संरचनामा महिलाको प्रतिनिधित्व र समस्त विकास प्रक्रियामा लैङ्गिक विकासलाई जोड।
- बाह्रौं त्रिवर्षीय योजना : लैङ्गिक तथा महिला सशक्तीकरणका नीतिहरूको निरन्तरता। योजनामा सबै वर्ग र क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण गर्दै दिगो शान्ति एवं विकासमा महिलाहरूको भूमिकालाई सशक्त बनाउने र महिलाविरुद्धका विभिन्न प्रकारका लैङ्गिकतामा आधारित हिंसा एवं विभेदको अन्त्य गर्ने।
- तेह्रौं त्रिवर्षीय योजना : महिलाको मूलभूत तथा समान अधिकार सुनिश्चित गर्दै लैङ्गिक रूपले समावेशी र समतामूलक राष्ट्र निर्माण गर्ने।
- चौधौं योजना : सबै वर्ग र क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक र राजनीतिक सशक्तीकरण गर्दै महिलाको मूलभूत अधिकार सुनिश्चित गर्ने।
- पन्ध्रौं योजनाः आर्थिक समृद्धि र दिगो विकासका लागि महिलाको समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर तथा लाभमा महिलाको समान पहुँच तथा सम्मानित जीवनयापनको वातावरण सुनिश्चित गर्ने।

## राज्यप्रदत्त सेवा सुविधा

महिला अधिकार प्रवर्धन गर्न समावेशीकरण, मूलप्रवाहीकरण तथा सशक्तीकरणको लागि सरकारले

संवैधानिक र नीतिगत व्यवस्थाका अलावा विभिन्न क्षेत्रमा प्राथमिकता प्रदान गरी विशेष व्यवस्था गर्दै आएको छ। समानुपातिक प्रतिनिधित्वको व्यवस्थादेखि राजश्व, दस्तुर छुट अनि रोजगारीमा सकरात्मक विभेद लगायत सेवा सुविधा उपलब्ध गराउने व्यवस्था गरेको छ। संवैधानिक तथा नीतिगत रूपमा गरिएका व्यवस्थालाई कार्यान्वयनमा ल्याउन नेपाल सरकारले गरेका प्रयासलाई संक्षिप्त रूपमा तल उल्लेख गरिएको छ :

**शिक्षासम्बन्धी**

१. सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरूलाई महिनावारीका समयमा आवश्यक पर्ने सेनेटरी प्याड निःशुल्क वितरणको व्यवस्थापन गर्न संघीय सरकारले स्थानीय तहमार्फत् कार्यक्रम कार्यान्वयन गर्न बजेट विनियोजन गर्दै आएको छ। (सेनेटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि, २०७६)

२. महिला तथा अपाङ्गता भएका शिक्षकलाई साधारणतया अपायक पर्ने स्थानमा सरुवा नगरिने। (शिक्षा नियमावली, २०५९ परिच्छेद १७, नियम ९९(२))

३. सामुदायिक विद्यालयमा अध्ययन गर्ने कर्णालीका माध्यमिक तहमा अध्ययनरत र अन्यत्रको हकमा आधारभूत तह (कक्षा १-८) मा अध्ययनरत छात्राहरूलाई वार्षिक रु. ४०० का दरले छात्रवृत्ति व्यवस्थापन।

**स्वास्थ्यसम्बन्धी**

१. आमा सुरक्षा कार्यक्रम

सुत्केरी भत्ताः स्वास्थ्य संस्थामा प्रसूति गराएबापत पहाडी र भित्री मधेशका जिल्लामा रु. २ हजार, हिमाली भेगमा रु. ३ हजार र तराईका जिल्लामा रु. १ हजार प्रदान गरिने

यातायात खर्च : चारपटक गर्भजाँचको लागि रु. ८०० प्रदान गरिने। (आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका, २०७८)

२. उत्तरप्रसूति स्याहार (PNC) घरभेट कार्यक्रम

सुत्केरी महिलाको कम्तीमा १ पटक घरमा नै गरइ स्वास्थ्य परिक्षण गराइने व्यवस्था। (स्थानीय तहमा उत्तरप्रसूति स्याहार घरभेट कार्यक्रमको सूक्ष्मयोजना तथा सञ्चालन निर्देशिका २०७७)

३. निशुल्क गर्भपतन सेवा

अनिच्छुक गर्भधारण गरेका महिलाहरूलाई १२ हप्तासम्मको गर्भपतन गर्न पाउने कानुनी अधिकार र सेवा प्रदान गरेबापत स्वास्थ्य संस्थालाई रु. ८०० देखि २००० अनुदान। (सुरक्षित मातृत्व तथा प्रजनन अधिकार ऐन, २०७५ र सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका, २०७८)

४. गर्भवती महिलालाई आकस्मिक रूपमा प्रेषण

नजिकैको स्वास्थ्य संस्थामा प्रसूति हुन नसकी अन्यत्र अस्पतालमा लैजानु परेमा एम्बुलेन्स बापतको रकम उपलब्ध गराउने। (स्वास्थ्य सेवा विभागबाट जारी गरिएको स्थानीय स्तरको कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९/८०)

५. गर्भवती महिलालाई रक्तसञ्चार सेवा

शल्यक्रियाबाट सुत्केरी गराउनुपर्ने वा सुत्केरी हुने क्रममा अत्याधिक रक्तस्राव भई रगत उपलब्ध गराउनु परेमा निःशुल्क रूपमा उपलब्ध गराउने व्यवस्था। (स्वास्थ्य सेवा विभागबाट जारी गरिएको स्थानीय स्तरको कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९/८०)

६. न्यानो झोला

विशेषतः न्यानो झोलामा नवजात शिशुलाई आवश्यक न्यानो कपडा राखिने भए तापनि सुत्केरी महिलाको लागि समेत १ थान सहज कपडा स्वास्थ्य संस्थाले उपलब्ध गराउने व्यवस्था।

7. VIA तथा महिलाहरूको आङ खस्ने समस्या समाधानको लागि एवं अब्स्ट्रक्टिभ फिस्टुलाको निःशुल्क उपचार

महिलाहरूको प्रजनन स्वास्थ्य रुग्णताको समाधान गर्नका लागि पाठेघरको मुख र स्तन क्यान्सर समयमा नै पत्ता लगाउने तथा महिलाहरूको आङ खस्ने समस्या समाधानको लागि अब्स्ट्रक्टिभ फिस्टुलाको स्क्रिनिङ्ग गर्न स्वास्थ शिविर सञ्चालन गरी शल्यक्रिया आवश्यक भएका महिलालाई निःशुल्क शल्यक्रियाको व्यवस्था।

८. आइरन फोलिक एसिड ट्याबलेट वितरण

विद्यालयमा अध्ययनरत ९ देखि १९ वर्षसम्मका किशोरीहरूलाई रक्तअल्पता नियन्त्रणका लागि विद्यालयमा नै आइरन फोलिक एसिड ट्याबलेट वितरण।

९. हवाई उद्धार

राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत आ.व. २०७५/७६ देखि दुर्गम हिमाली तथा पहाडी क्षेत्रका ३४ जिल्लाका गर्भवती तथा सुत्केरी हुने अवस्थामा स्वास्थ्य समस्या सिर्जना भई ज्यान जोखिममा रहेका महिलालाई हवाई उद्धार गरी तोकिएका अस्पतालमा पुर्याइ गुणस्तरयुक्त स्वास्थ्य सेवा प्रदान गर्ने। (दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूका लागि हवाई उद्धारसम्बन्धी कार्यविधि,२०७५)

**रोजगारी, उद्यम तथा घरजग्गासम्बन्धी**

१. आरक्षणको व्यवस्थाः निजामती सेवा, शिक्षक सेवा, संस्थान लगायतका विभिन्न सरकारी सेवाहरूमा पदपूर्ति गर्दा खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत पद छुट्याई सोलाई शतप्रतिशत मानी त्यसमध्ये महिलालाई ३३ प्रतिशत आरक्षणको व्यवस्था गरिएको छ।

२. उमेर हद, परिक्षणकाल र अनुभवः निजामती सेवा, शिक्षा सेवा, संस्थान लगायतका विभिन्न सरकारी सेवाहरूका खुला प्रतिस्पर्धामा महिलाहरू ४० वर्षसम्म सहभागी हुन पाउने अन्यको हकमा ३५ वर्ष रहेको छ। त्यसै गरी महिलाको लागि परिक्षणकाल ६ महिना मात्र रहने र अरुको हकमा १ वर्ष रहने व्यवस्था छ। आन्तरिक प्रतियोगितामार्फत् माथिल्लो पदमा प्रतिस्पर्धा गर्ने प्रयोजनमा अनुभवको लागि १ वर्ष कम भए हुने।

३. प्रसूति बिदा तथा शिशु स्याहार भत्ताः सुत्केरी भएका महिला कर्मचारीले सुत्केरीको अघिपछि गरी ९८ दिन बिदा पाउने प्रावधान रहेको छ र दुईओटा बच्चाको लागि जनही एकमुष्ठ रूपमा रु. ५००० शिशु स्याहार भत्ता प्राप्त गर्नुका साथै पुरुष कर्मचारीको हकमा निजका श्रीमती प्रसूति भएमा शिशु स्याहार भत्ता र १५ दिन प्रसूति स्याहार बिदा पाउँछन्। (निजामती सेवा नियमावली,२०५०)

त्यसै गरी कर्मचारी सञ्चय कोषले पनि कोष कट्टी गरिरहेका कर्मचारीको हकमा दुई जना बच्चाको लागि जनही रु. ७५०० रकम सुत्केरी तथा शिशु स्याहार खर्च उपलब्ध गराउँछ।

४. पारिश्रमिक आयमा छुटः महिलाको पारिश्रमिक आयमा १० प्रतिशत छुट हुने व्यवस्था रहेको छ।

५. महिला उद्यमीले सञ्चालन गरेको लघु उद्यम व्यवसाय वा कारोबार शुरु गरेको १० वर्षसम्म आयकर छुट हुने व्यवस्था छ। (आयकर ऐन २०५८, संशोधनसहितको)

६. उद्योग दर्तामा छुटः महिला उद्यमीको मात्र स्वामित्व रहने गरी उद्योग दर्ता गरिएमा त्यस्तो उद्योग दर्ता गर्दा प्रचलित कानुनबमोजिम लाग्ने उद्योग दर्ता दस्तुरमा ३५ प्रतिशत छुट हुनेछ। (औद्योगिक व्यवसाय ऐन, २०७३)

७. महिला उद्यमीको मात्र स्वामित्व रहने गरी दर्ता भएको उद्योगमा प्रयोग गरिने औद्योगिक सम्पत्ति दर्ता गराउँदा प्रचलित कानुनबमोजिम लाग्ने दस्तुरमा २० प्रतिशत छुट हुनेछ। त्यसै गरी महिला उद्यमीले औद्योगिक क्षेत्रभित्र उद्योग स्थापना गर्न चाहेमा औद्योगिक क्षेत्रभित्रको स्थान प्राथमिकताका आधारमा तोकिएबमोजिम उपलब्ध गराइने तथा औद्योगिक उत्पादन निर्यात गर्न तोकिएबमोजम निर्यात कर्जा उपलब्ध गराउने व्यवस्था गरेको छ। (औद्योगिक व्यवसाय ऐन, २०७३)

८. घरजग्गा रजिष्ट्रेशन दस्तुरमा छुटः प्रदेश सरकारले निर्धारण गरेबमोजिम महिलालाई छुट हुने (आर्थिक ऐन,२०७९ )

९. वैदेशिक रोजगारीमा जान चाहने महिलाको लागि आवश्यक पर्ने सीप, भाषा र व्यवहारको जानकारी प्रदान गर्नुका साथै वैदेशिक रोजगारीमा परिवारका सदस्यरहेका महिलाहरूलाई वित्तीय साक्षरता कक्षा सञ्चालन। (सामी परियोजना)

१०. सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानः महिलालाई व्यक्तिगत तथा सामूहिक रूपमा उद्यमशील बन्नका लागि महिला उद्यमशील कर्जा १५ लाखसम्मको सीमा रहेको छ। १८ वर्ष उमेर पुगेका महिला वा समूहको हकमा फरक परिवारका कम्तीमा ५ जना व्यक्तिलाई बैङ्क

तथा वित्तीय संस्थाले निर्धारण गरेको ब्याजदरमध्ये ६ प्रतिशत अनुदान दिने व्यवस्था रहेको छ। (सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान कार्यविधि, २०७५)

**हिंसापीडित तथा प्रभावितसम्बन्धी**

१. निवेदन दस्तुर नलाग्ने : राष्ट्रिय महिला आयोगमा उजुरी गर्दा कुनै पनि दस्तुर लाग्दैन। (राष्ट्रिय महिला आयोग ऐन, २०७४ दफा ८(४))

२. निःशुल्क उजुरी सेवाः बालिका वा महिला हिंसामा परेमा निम्नानुसारका नम्बरमा निःशुल्क रूपमा फोन सम्पर्क गर्न सकिने व्यवस्था रहेको छ।

   नेपाल प्रहरीको आपतकालीन निःशुल्क नम्बरः १००

   राष्ट्रिय महिला आयोगको हटलाइन निःशुल्क नम्बरः ११४५

३. घरेलु हिंसापीडित प्रभावितको लागि अल्पकालीन सेवा केन्द्र/सेफ हाउसः नेपाल सरकारले स्थानीय सरकारबाट सञ्चालनमा रहेका सेफ हाउसलाई वार्षिक अनुदान उपलब्ध गराउँदै आएको छ, जसबाट पीडित प्रभावित महिलाहरूले स्थानीय तहबाट तोकिएबमोजिम निःशुल्क अल्पकालीन रूपमा आश्रय लिन सक्ने, कानुनी उपचारको व्यवस्था, स्वास्थ्य उपचार, जीविकोपार्जनका लागि सहायता, लुगा कपडा, यातायात खर्च, मनोसामाजिक परामर्श तथा पारिवारिक पुनर्स्थापनाजस्ता सेवाहरू प्राप्त गर्न सक्दछन्।

४. घरेलु हिंसापीडितको उपचारः घरेलु हिंसाका कारण शारीरिक चोटपटक वा मानसिक यातना पुगेकोमा उपचार गराउँदा लागेको खर्च र हिंसाबाट अशक्त भई अस्पतालमा उपचार गराउँदा लागेको सम्पूर्ण खर्च पीडकले बेहोर्नुपर्ने व्यवस्था छ। (घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ तथा नियमावली २०६७)

   अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्रबाट समेत लैङ्गिक हिंसापीडितलाई निःशुल्क उपचार, मनोपरामर्श सेवा, कानुनी परामर्श र उपचार, जीविकोपार्जन तथा पुनर्स्थापना गरिने व्यवस्था। (अस्पतालमा आधारित लैङ्गिक हिंसासम्बन्धी एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना र सञ्चालन निर्देशिका, २०७७)

५. मानव बेचबिखन तथा ओसारपसारबाट पीडितहरूलाई सहायता पुनर्स्थापना केन्द्रमा राखी औषधी उपचार र परामर्श सेवा प्रदान गरिने तथा कसुरदारबाट क्षतिपूर्ति भराउने व्यवस्था रहेको तर कसुरदारको निम्न हैसियत भएमा वा भराउन नसकिएमा पुनर्स्थापना कोषबाट भराउने व्यवस्था रहेको छ।

**सामाजिक सुरक्षासम्बन्धी**

१. असहाय एकल महिला भत्ता : ६० वर्ष उमेर पुगेका सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेका, विधवा, शक्ति पृथकीकरण गरी बसेका, विवाह नगरेका असहाय महिलाले सामाजिक सुरक्षा भत्ता

प्राप्त गर्न सक्ने। जीवनयापन गर्ने आयस्रोत नभएको, नेपाल सरकारले तोकेको भन्दा न्यून आय भएको र श्रम गर्न नसक्ने ६० वर्ष उमेर नपुगेका सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेका, विधवा, शक्ति पृथकीकरण गरी बसेका असहाय एकल महिलाले समेत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न सक्ने व्यवस्था रहेको छ। (सामाजिक सुरक्षा ऐन, २०७५)

संघीय सरकारले यीलगायत अन्य सेवा सुविधा महिलालाई उपलब्ध गराउँदै आएको छ। त्यसै गरी प्रदेश सरकारहरूले आ-आफ्ना प्रदेशमा रहेका महिलालाई तथा स्थानीय तहहरूले स्थानीय महिलाको लागि हुने गरी थुप्रै सेवा सुविधाहरू उपलब्ध गराउँदै आएका छन्।

## अवसर

नेपालमा महिलाको अधिकार प्रवर्धनका लागि गरिएको संवैधानिक व्यवस्था विश्वमा नै उदाहरणीय छ। यसैबाट निर्देशित मुलुकका कानुनहरू समेत महिलामैत्री अर्थात् महिलाको फरक आवश्यकताको सम्बोधनसमेत गर्ने गरी जारी भएका छन्। राष्ट्रिय महिला आयोगले संवैधानिक मान्यता प्राप्त गर्नु र महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय कार्यरत रहनुले पनि महिला अधिकारको विषय प्राथमिकतामा परेको देखिन्छ।

नेपाल सरकारले गरेका प्रयाससँगै प्रदेश सरकार र स्थानीय सरकारहरूले पनि महिलाको क्षेत्रमा सक्दो लगानी र प्रयास गरिरहेका छन्। सरकारी तबरबाट मात्र कहाँ हो र गैरसरकारी क्षेत्रबाट पनि महिलाको सशक्तीकरणमा थुप्रै प्रयासहरू भैरहेका छन्। आर्थिक तथा संस्थागत रूपमा क्षमता विकास गर्नुका साथै सचेतनामूलक विभिन्न आयाममा गैससहरूले थप योगदान पुर्‍याएको कुरालाई नकार्न मिल्दैन।

राज्यले प्रदान गरेका सेवा सुविधाको अवसरबाट सार्वजनिक क्षेत्रमा महिला सहभागिता बढ्दै गएको छ। महिला तथा बालबालिकाको स्वास्थ्यमा सुधार आउनुको साथै आर्थिक स्रोत, घर जग्गा र सम्पत्तिमा तथा शैक्षिक क्षेत्रमा महिलाको पहुँच अभिवृद्धि हुँदै गएको छ। हिंसा सहने परिपाटीबाट प्रतिवाद गर्ने शैलीको विकास भएको छ। यसरी राज्यले प्राथमिकताका साथ उपलब्ध गराएका सेवा सुविधाबाट महिलाको सबै क्षेत्रको अवस्थालाई उकासेको छ।

## चुनौती

कानुनी व्यवस्था आफैले अवस्था परिवर्तन गर्दैन। राज्यले महिलाहरूको लागि शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमलगायत विभिन्न निकाय र क्षेत्रमा सहभागिता तथा प्रतिनिधित्व गराउने हेतुले विभिन्न व्यवस्थाहरू गरेको छ। यद्यपि यी सबै व्यवस्थाहरूको भनौं या सेवा सुविधाहरूको पहुँचमा सबै महिलाहरू रहेका छैनन्। राज्यप्रदत्त सेवा सुविधाहरूको बारेमा कतिपय महिला जानकार पनि नहोलान्। जसको लागि लक्षित गरिएको छ ऊ बेखबर हुने र जो सशक्त छ उसले मात्र सेवा सुविधाको लाभ लिने परिवेश देखिन्छ। हुने खाने र हुँदा खाने जोसुकै होस् महिला भएकै कारण अवसर प्राप्त गर्न मिल्ने भएकोले यी दुई वर्गबिचको दूरी कम हुनुको सट्टा अझै बढ्ने देखिन्छ।

राज्यले प्रदान गरेका सेवा सुविधा प्राप्तिमा देखिएका केही चुनौतीहरू यसप्रकार रहेका छन् :

- लक्षित महिलालाई संघीय, प्रादेशिक र स्थानीय सरकारले प्रदान गर्ने सेवा सुविधाबारे जानकारी दिनुका साथै आवश्यकतानुसार सेवा प्रदान गर्नु
- सेवाहरूको प्रक्रिया सरलीकृत गरी सहज तवरले पहुँचयोग्य बनाउनु
- पारिवारिक तहमा सम्पत्तिको स्वामित्वमा महिलाप्रतिको विश्वास र अपेक्षालाई अभिवृद्धि गर्नु
- सबै महिलाहरूको सशक्तीकरण र क्षमता अभिवृद्धि गर्नु
- जैविक जिम्मेवारीसँगै सामाजिक, आर्थिक तथा राजनैतिक तवरमा महिलाहरूको व्यवहारिक पहुँच तथा अवसर उपलब्ध गराउनु
- महिलाको सामर्थ्य र क्षमताप्रति सामाजिक एवं पारिवारिक दृष्टिकोणमा परिवर्तन ल्याउनु
- स्थानीय तहले स्थानीय आवश्यकता, सम्भावना तथा उपलब्ध स्रोत साधनको आधारमा महिला सशक्तीकरणको लागि निष्पक्ष रूपमा योजना बनाई कार्यान्वयन गर्नु
- लक्षित महिलाले लाभ लिन सक्ने गरी सेवा सुविधा प्रदान गर्नु।

**अन्त्यमा,**

राज्यले महिलाहरूको लागि समतामूलक तबरले कानुनी रूपमा जति पनि प्रयास गरेको छ ती सबैको व्यवहारिक प्रयोग हुन सकेमा महिलाहरूको अवस्थामा अपेक्षित परिवर्तन आउन सक्ने देखिन्छ। व्यवसाय, रोजगारी, सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य लगायतका विभिन्न क्षेत्रमा महिलाहरूलाई विशेष छुट, सहुलियत, अवसर, आरक्षण तथा सुविधा प्रदान गर्न जति पनि विशेष व्यवस्था गरेको छ यी सबै महिलाका लागि प्राप्तिमा सहजता हुनुपर्छ। महिलाका लागि गरिएका विशेष व्यवस्थाले सक्नेका लागि सबै नभई लक्षित महिला यकिन गरी पहुँच अभिवृद्धि गर्नेतर्फ राज्य लाग्नुपर्छ।

**सन्दर्भ सूची**


- नेपालको संविधान, नेपाल सरकार, कानुन किताब व्यवस्था समिति, २०७२
- महिलाका सुविधासम्बन्धी सूचना, राष्ट्रिय सूचना आयोग, २०७३ असार
- महिला विकास कार्यक्रम र महिला सशक्तीकरण, सशक्तीकरण, विष्णुकुमारी लामिछाने, २०७५ असार


ooo

# संघीय राजस्व नीति र महिला उद्यमशीलतासम्बन्धी व्यवस्था, समस्या र समाधानका उपायहरू



✍ रामबहादुर के.सी. *

## सारांश

नेपालको संविधानले शासकीय स्वरूपलाई एकात्मकबाट संघात्मक व्यवस्थामा परिवर्तन गरेको छ। संविधानले संघ, प्रदेश र स्थानीय तहलाई एकल तथा साझा अधिकार प्रदान गरेको छ। संविधान र सोको शृङ्खलामा बनेका कानुनहरूले तीनै तहका सरकारलाई राजस्व नीति र कर कानुनहरू निर्माण गर्न, करको दर निर्धारण गर्न, राजस्व संकलन तथा राजस्व प्रशासन गर्ने अधिकारहरू प्रदान गरेका छन्। नेपालको मौजुदा संविधान, आवधिक योजना, सरकारको नीति तथा कार्यक्रम, वार्षिक बजेटका आधारमा राजस्व नीतिको तय हुन्छ। यसै नीतिको माध्यमबाट मुलुकले राजस्व सञ्चालन, परिचालन र व्यवस्थापन गर्दछ। राजस्व नीतिको प्रमुख उद्देश्य नै सरकारको ढुकुटीमा रहेको नगद वैधानिक प्रक्रियाबाट जनताका हातमा पुर्‍याउने र जनताको हातबाट पुनः सरकारको ढुकुटीमा भित्र्याउने गर्दछ। वर्तमान राजस्व नीति समाजवादउन्मुख उदार अर्थतन्त्रको विकास, निजी क्षेत्रलाई प्रोत्साहन गर्दै जाने र राज्यले करको दर न्यून तथा दायरा विस्तार गरी उत्तरदायी कर प्रशासनको माध्यमबाट करदातामा कर परिपालना र स्थिर राजस्व नीतिमार्फत् उद्यमशीलताको प्रवर्धन गरी आर्थिक समृद्धि हासिल गर्ने रहेको हुन्छ। राजस्व नीतिले महिला उद्यमशीलतालाई उच्च प्राथमिकतामा राखी महिला उद्यमीको नेतृत्व विकास गरी संख्यात्मक र गुणात्मक विकासको अपेक्षा राखेको छ।

## विषय प्रवेश

राजस्व प्रशासन सञ्चालन गरी कर एवं गैरकर राजस्व संकलन गर्न राज्य/सरकारले अवलम्बन गर्ने ऐन, नियम, कार्यविधि, निर्देशिका, परिपत्र एवं मापदण्डहरूको एकीकृत स्वरूप राजस्व नीति हो। राजस्व व्यवस्थापनका सम्बन्धमा अबलम्बन गरिने मूल्य, आदर्श एवं अवधारणा, व्यवहार, संरचनागत पद्धतिको मूल आधारशीलाको रूपमा राजस्व नीतिलाई स्वीकार गरिन्छ। यसमा राजस्व संकलन गर्ने तौरतरिका, विधि, राजस्व चुहावट नियन्त्रण, संकलित राजस्वको न्यायोचित वितरण तथा दिगो उत्पादनमुखी उपयोग समेतका विषयहरू समावेश हुन्छन्। राजस्व नीतिले निजी क्षेत्रको विकास, आर्थिक वृद्धि, औद्योगिक क्षेत्रको विकास र विस्तार, आयात नियन्त्रण, व्यवस्थापन तथा निकासी

* *उपसचिव, अर्थ मन्त्रालय*

वृद्धिका साथै महिला उद्यमशीलताको प्रवर्धनजस्ता महत्वपूर्ण पक्षलाई ध्यानमा राखेर नै राजस्व नीति तर्जुमा हुन्छ। यसको प्रमुख विशेषता भनेको मुलुक विश्व व्यापार संगठनको सदस्य भैसकेकोले भन्सार महसुलका दरहरू क्रमशः घटाउँदै जाने, करको दायरा बढाउँदै जाने, करका दरहरू र निकासी सेवा शुल्क घटाउँदै जाने, आन्तरिक वस्तु तथा सेवाको उपभोगमा प्रवर्धन गर्ने, अनावश्यक, कम महत्वका तथा विलासी वस्तु तथा सेवाको उपभोग हतोत्साहित गर्न अन्तःशुल्क, पूर्वाधार र वातावरण करको दर र दायरा क्रमशः बढाउँदै जाने, विशेष प्राथमिकता क्षेत्र, विशेष आर्थिक क्षेत्र तथा दुर्गम र हिमाली भेगमा स्थापना भएका र पूर्वाधार विकास र महिलामैत्री उद्योगहरूलाई निश्चित अवधिसम्म आर्थिक र पूर्णरूपमा करहरू छुट दिँदै मुलुकको अर्थतन्त्रलाई विश्व अर्थतन्त्रसँग आबद्धता कायम गर्दै जानु रहेको हुन्छ।

राजस्व नीति तर्जुमाका सिद्धान्तहरू

राजस्व नीति तर्जुमा गर्दा मुलुकले निश्चित अर्थशास्त्रीय सिद्धान्तहरूको आधारबाट तर्जुमा गर्नुपर्छ। अर्थशास्त्रीय सिद्धान्तहरूको आधारमा रही तर्जुमा गरिएको राजस्व नीति अधिकांश जनताहरूबाट स्वीकृत हुन्छ जसले सरकारको वैधता पुष्टि गर्न समेत क्षमता राख्दछ। राजस्व नीति सक्षम संस्थाबाट तर्जुमा, सञ्चालन, परिचालन र व्यवस्थापन गर्दा निम्न सिद्धान्तहरूको अबलम्बन गरिएको हुन्छः

(१) **राजस्वको अन्तर्राष्ट्रिय सैद्धान्तिक दृष्टिकोणः** सन् १२१५ को म्याग्नाकार्टाले स्थापित गरेको No Taxation without representaton को मूलभूत मान्यताको आधारमा राजस्वको नीति तर्जुमा गरिने हुन्छ। यस सिद्धान्तलाई अधिकांश मुलुकहरूले आर्थिक कार्य प्रणालीमार्फत् संगति कायम गरेको देखिन्छ। नेपालमा पनि संघ, प्रदेश र स्थानीय तहले यस सिद्धान्तलाई आत्मसात गरी राजस्व नीति तर्जुमा, कार्यान्वयन र सञ्चालन गर्ने गरेको छ।

(२) **संवैधानिक आर्थिक उद्देश्यको सिद्धान्तः** नेपालको संविधानअनुसार मुलुकको पहिलो निर्देशक सिद्धान्त राजनीतिक उद्देश्य, दोस्रोमा सांस्कृतिक उद्देश्य, तेस्रोमा आर्थिक उद्देश्य र चौंथोमा अन्तर्राष्ट्रिय सम्बन्धसम्बन्धी चार प्रमुख निर्देशक सिद्धान्त रहेका छन्। उल्लेख गरिएअनुसार तेस्रोमा रहेको आर्थिक उद्देश्यमा राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ भन्ने उल्लेख भएबाट राजस्व नीति तय गर्दा उल्लिखित उद्देश्य पूरा हुने गरी तर्जुमा हुनै पर्छ।

(३) **राजस्वको विशिष्ट उद्देश्यगत सिद्धान्तः** लोकहितको लागि सरकारले गर्ने खर्चको जोहो राजस्व स्रोतको प्रत्याभूति गर्नु राजस्वको विशिष्ट उद्देश्य रहेको हुन्छ। समन्याय कायम गर्न, गिनी सूचकाङ्क अनुसारको असमान दूरी न्यून गर्न प्रगतिशील राजस्व नीति अवलम्बन गर्ने गरेको देखिन्छ।

(४) **कार्यक्षेत्रको सिद्धान्तः** सरकारको शासन सञ्चालनको दायित्व पूरा गर्ने सार्वजनिक प्रशासनको परम्परागत तथा आधुनिक अवधारणाअनुसार सरकारको कार्य विभाजनअन्तर्गत राजस्व संकलन

तथा परिचालन गर्ने कार्य रहेको हुन्छ। यसै सिद्धान्तको आधारमा समेत तीन तहका सरकारले राजस्व नीति तर्जुमा र परिचालन गर्दै आएका छन्।

(५) **कर तिर्न सक्ने क्षमताको सिद्धान्तः** बहुप्रचलित र सर्वस्वीकार्य यस सिद्धान्तले क्षमतावान व्यक्तिले आफ्नो क्षमता र सामर्थ्यले भ्याएसम्म सरकारलाई कर बुझाउनुपर्छ भन्ने आदर्श आधारको रूपमा यसलाई लिइन्छ। असमान आय हुँदा कर दाखिला गर्ने सामर्थ्यसमेत असमान हुन्छ भन्ने यस सिद्धान्तको प्रमुख फाइदा हो। जुन व्यक्ति, संस्था वा निकायले बढी आय आर्जन गर्दछ, ती व्यक्ति, संस्था र निकायको करदान क्षमता पनि बढी हुन्छ भन्ने अवधारणा यस सिद्धान्तको उपज हो।

(६) **फाइदाको सिद्धान्तः** यस सिद्धान्तअनुसार सरकारबाट लाभ वा फाइदा प्राप्त गरेको अनुपातमा कर लगाउनुपर्छ। यदि बराबर फाइदा प्राप्त गर्दछन् भने बराबर कर तिर्नुपर्छ। बढी फाइदा लिनेले बढी कर तिर्नुपर्ने हुन्छ। प्राविधिक रूपमा यस सिद्धान्तको उपयोग राजस्व नीति तर्जुमा गर्दा अबलम्बन गर्न कठिन हुन्छ। यसले आय असमानता हटाउनुको सट्टा थप बढाउने समेत देखिन्छ।

(७) **आडम स्मिथको सिद्धान्तका आधारहरूः** समन्याय, निश्चितता, सुविधा र मितव्ययिता जस्ता आधारमा रही राजस्व नीति तर्जुमा गर्नुपर्छ। यस सिद्धान्तकै आधारमा महिला, अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिकले प्राप्त गर्ने सामाजिक सुरक्षा रकम लगायतमा छुट, सहुलियत तथा सुविधाहरूको व्यवस्था गरेको हुन्छ।

संघीय राजस्व नीतिमा महिला उद्यमशीलताको प्रवर्धनमा रहेका कानुनी व्यवस्थाहरूः

मुलुकको संघीय राजस्व नीति भन्सार ऐन, २०६४ तथा नियमावली, २०६५, मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा नियमावली, २०५३, आयकर ऐन, २०५८ तथा आयकर नियमावली, २०५९, सालबसाली आर्थिक ऐनमार्फत् सञ्चालन, परिचालन र व्यवस्थापन हुन्छ। महिला उद्यमशीलताको लागि भएका व्यवस्थाहरूलाई निम्नबमोजिम प्रस्तुत गरिएको छः

(१) भंसार ऐन, २०६४ तथा नियमावली, २०६४

अ. अपाङ्गता भएका व्यक्तिहरू (महिला र पुरुष) ले लिने ४ ह्विलर स्कुटर लिंदा रु. ५६५/- मात्र भंसार महसुल लाग्ने व्यवस्था रहेको छ। यो सुविधा उपभोगको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस आवश्यक पर्ने।

(२) मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा नियमावली, २०५३

क. तोकिएको रकमसम्मको वार्षिक कर लाग्ने कारोबार गर्ने साना व्यवसायीलाई मूल्य अभिवृद्धि कर (Value Added Tax) मा दर्ता गर्न नपर्ने गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ९ मा सानो कारोबार गर्ने व्यवसायीलाई छुटको व्यवस्था रहेको छ,

२. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २४ को उपदफा ३ ले महिनाभरिको कुल बिक्रीमध्ये चालिस प्रतिशतभन्दा बढी निकासी गरी बिक्री गर्ने दर्ता भएको व्यक्तिले दफा १७ बमोजिम कर कट्टी गर्न पाउने रकम यस अघि यस दफामा तोकिएको कार्यविधि अपनाई फिर्ता पाउन निवेदन दिएमा बुझाउनुपर्ने कुनै रकम बाँकी भए त्यसमा मिलान गरी बाँकी रहेको रकम एकमुष्ट फिर्ता पाउन निवेदन दिन सक्ने र कर फिर्ता दिनुपर्ने व्यवस्था रहेको छ,

३. औषधि उद्योगले औषधि उत्पादनको लागि आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ र प्याकिङ्ग मेटेरियल स्वदेशी उद्योगबाट खरिद गरेमा उक्त खरिदमा तिरेको कर चौमासिक रूपमा फिर्ता पाउन निवेदन दिएमा कर अधिकृतले निवेदन परेको ६० दिनभित्र फिर्ता दिनुपर्ने मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २५ग२ मा व्यवस्था रहेको छ,

(३) आयकर ऐन, २०५८ तथा नियमावली, २०५९

१. महिलालाई जग्गा खरिदमा छुट, पुँजीगत लाभकरमा छुटको व्यवस्था रहेको छ। यो छुट सुविधाभन्दा अगाडि महिलाको सम्पत्तिमा स्वामित्व नगन्य मात्रमा रहेकोमा हाल करिब ३० प्रतिशतको अनुपातमा रहेको छ,

२. कर छुटसम्बन्धी संस्था दर्ताः महिला उद्यमीहरूमार्फत् संञ्चालित मुनाफा आर्जन नहुने उद्देश्य सहित स्थापित कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता रहेको संस्था, जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका संस्था, स्थानीय सरकारमा दर्ता रहेका संस्था र समाज कल्याण परिषद्मा दर्ता भएका संस्थाहरूलाई आयकर ऐन, २०५८ को दफा २(ध) अनुसार छुट सुविधाको लागि कानुनी व्यवस्था रहेको छ,

३. महिलाहरूको लागि कुल करदायित्वको १० प्रतिशतको छुट रहेको छ,

४. नेपाल सरकारबाट विधवा, वृद्धा वा अपाङ्ग व्यक्तिलाई दिइने भत्तामा कर नलाग्ने आयकर ऐन, २०५८ को दफा १० मा व्यवस्था रहेको छ,

५. ग्रामीण समुदायमा आधारित लघु वित्त संस्था, ग्रामीण विकास बैंक, हुलाक बचत बैंक र सहकारीमा जम्मा गरेको निक्षेपबाट आर्जित वार्षिक २५ हजार रुपैंयासम्मको ब्याज आयमा कर नलाग्ने व्यवस्था आयकर ऐन, २०५८ को दफा ११ मा रहेको छ,

(४) आर्थिक ऐन, २०७९

१. करका दरहरू निर्धारण, छुट तथा सहुलियतहरूको व्यवस्था, राजस्व नीतिको खाकासम्बन्धी व्यवस्था,

(५) वार्षिक बजेट तथा कार्यक्रमः

१. आन्तरिक राजस्व परिचालनलाई व्यवस्थित गरी लगानीमैत्री करका दरहरू, फराकिलो

दायरा विस्तार, केही शीर्षक र अत्यावश्यक क्षेत्रमा छुट प्रदान र चुहावट नियन्त्रण गर्ने,

२. राजस्व प्रशासनलाई आधुनिक, प्रविधियुक्त, प्रक्रियालाई सरलीकरण, जनशक्तिमा उत्प्रेरणा र करदातामैत्री चुस्त, झन्झटमुक्त, जवाफदेही र उत्तरदायी बनाउने,

३. राजस्व नीतिअनुसार न्यून वित्तको स्रोत परिचालन गर्दा मौद्रिक नीतिले तरलता व्यवस्थापन गर्दा कायम गर्ने वार्षिक क्यालेन्डर समन्वयात्मक रूपमा कायम गरी मुद्रा स्फीतिलाई बाञ्छित सीमाभित्र राख्ने,

४. सार्वजनिक वित्त परिचालन गर्दा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र खर्चमा अनुशासन कायम गर्ने,

५. आधुनिक, गतिशील, विश्वसनीय, प्रभावकारी, अग्रगामी र अन्तर्राष्ट्रियस्तरको राजस्व नीतिमार्फत् विदेशी राष्ट्र, विकास साझेदार, निजी, सहकारी तथा सामुदायिक क्षेत्र, अन्तर्राष्ट्रिय/राष्ट्रिय गैरसरकारी संस्था, नागरिक समाज, सञ्चार जगत र सबै नागरिकसम्मको भावना सम्बोधन गरी नागरिक र सरकारबिचको दूरी साँघुरो बनाउने,

६. प्रदेश तथा स्थानीय राजस्वको एकल प्रशासन र राजस्व परिचालनको लागि क्षमता विकास गर्ने गरी मार्ग निर्देश र मापदण्ड कायम गर्ने,

७. वित्त नीति र मौद्रिक नीति बिचमा सामञ्जस्यता कायम गरी वार्षिक बजेट तथा कार्यक्रमहरूले तय गरेका उद्देश्य पूरा हुने गरी निर्देशित कर्जा कार्यक्रममा न्यूनतम व्याजदरमा महिला उद्यमशीलताको लागि उच्च प्राथमिकता दिने,

८. लैंङ्गिक उत्तरदायी बजेटको पूर्ण कार्यान्वयन।

संघीय राजस्व नीतिको दायराभित्र महिला उद्यमीहरू आउन नसक्नुका कारणहरूः

समावेशी आर्थिक समृद्धिको आधार महिला उद्यमशीलता हो। नयाँ-नयाँ उद्योगधन्दा, कलकारखाना, व्यापार-व्यवसाय स्थापना, सञ्चालन, परिचालन र व्यवस्थापन नै उद्यमशीलता हो। उद्यमशीलताबिना औद्योगिक विकास हुन सक्दैन तथापि उद्यमशीलता मौलाउनका निमित्त लगानीकर्ताको लगानीको सुरक्षा, लगानीकर्ताको जीउधनको सुरक्षा, लगानीकर्ताको सम्पत्तिको सुरक्षा र स्थिर राजस्व नीति प्रत्याभूत अपरिहार्य कुरा हो। उद्यमशीलता अंकुरण हुन नसक्दा रोजगारी, आयआर्जन वृद्धि, उत्पादन र उत्पादकत्व वृद्धि, निकासी प्रवर्धन, व्यापार घाटा न्यूनीकरण, बाह्य क्षेत्र सन्तुलन र आर्थिक वृद्धि हासिल गर्न असंभव प्राय हुन्छ। महिलाको संगठनमा नेतृत्व, महिलाको नीतिगत निर्णयमा पहुँच र सम्पत्तिमा स्वामित्वले समग्र उद्यमशीलतामा निर्णायक भूमिका खेल्दछ। महिला उद्यमशीलताको लागि मौजुदा राजस्व नीतिले गरेका व्यवस्थाहरू एकातर्फ निकै नै कम रहेको देखिन्छ भने अर्कोतर्फ महिला उद्यमीहरू दर्ता नभई अनौपचारिक कारोबार गरिरहेको अवस्थासमेत रहेको छ। राजस्व नीतिको दायरामा महिला उद्यमीहरू आउन नसक्नुका कारणहरूः

(१) राजस्व प्रशासनमार्फत् व्यापक रूपमा करदाता शिक्षा कार्यक्रम सञ्चालन गरी महिला उद्यमीहरूमा

सचेतना अभिवृद्धि, दर्ता प्रक्रियामा सरलीकरण, कर विवरण दाखिला र मौजुदा कर कानुनसम्बन्धी स्पष्ट जानकारी गराउन नसक्नु,

(२) महिला उद्यमीहरूमा करमा दर्तापश्चात् अवलम्बन गर्नुपर्ने औपचारिकताका बारेमा अनभिज्ञ हुनु,

(३) राजस्वको दायरामा ल्याउन लिङ्किङ नेट (Linking Net) को व्यवस्था गर्न नसकिनु,

(४) परम्परागत, घरेलु, स्थानीय स्रोतबाट सञ्चालित साना तथा मझौला उद्योगहरूको दायरा व्यापक र फराकिलो बनाउन नसकिनु,

(५) तीन तहका सरकार, निजी क्षेत्रका प्रतिनिधि संस्था र उद्यमीहरूबिच समन्वय र सहकार्य हुन नसक्नु,

(६) सरकारको नियमन क्षमता कमजोर हुनु,

(७) उद्यमीहरूमा करमा दर्ता गर्दा उच्च दरमा कर तिर्नुपर्छ, दण्ड, जरिवाना उच्च छ भन्ने मानसिकतामा रूपान्तरण गर्न नसकिनु।

उद्यमशीलताको आधारः औपचारिक राजस्वको दायरा

अर्थतन्त्रको संरचनामा कृषि क्षेत्र, उद्योग क्षेत्र र सेवा क्षेत्रको कुल गार्हस्थ उत्पादनमा योगदान क्रमशः न्यून, मध्यम उच्च र उच्च हुनुपर्ने हो तर कृषि क्षेत्रको योगदान क्रमशः घट्दो क्रममा रहनु, उत्पादनमूलक उद्योगको योगदान दयनीय अवस्थामा गुज्रनु र सेवा क्षेत्रको योगदान क्रमशः बढ्दो क्रममा रहनुले अर्थतन्त्रको संरचनामा समस्याहरू बृहत छन् भन्ने नै हो। अर्कोतर्फ नेपालको राजस्व नीतिमा कृषि क्षेत्र अधिक अनौपचारिक रहेको, आश्रित धेरै तर रोजगारी सिर्जना न्यून हुने, मौसममा भर पर्ने, आधुनिक, यान्त्रिक, वैज्ञानिक र व्यावसायिक नहुँदा मूल्य शृङ्खलामा ठूलो अर्थ राखेको देखिंदैन। उद्योग क्षेत्रले आफ्नो विरासत विस्तारै गुमाउँदै गएको अवस्था छ। उद्योगका वास्तुविदहरू उद्योगमा जोखिम बहन नगर्ने र क्रमशः ट्रेडिङ र आयात व्यापारमा आनन्द लिनेतर्फ आकर्षित हुँदा सेवा क्षेत्रले बबल इकोनोमी सिर्जना गरेको छ। यस परिस्थितिमा महिला उद्यमशीलता अर्थतन्त्रको संरचनात्मक रूपान्तरण गरी उद्योग क्षेत्रको योगदान वृद्धिमा कोशेढुङ्गा सावित हुन सक्दछ। राजस्वको औपचारिक दायरामा आउँदा र राजस्वमा दर्तापश्चात् महिला उद्यमीहरूले निर्वाह गर्नुपर्ने करसम्बन्धी सामान्य औपचारिकताहरू निम्न छनः

(१) घरेलु तथा साना उद्योग कार्यालय वा स्थानीय तह वा औषधि व्यवस्था विभाग वा कम्पनी रजिष्ट्रारको कार्यालय (उद्यमीको उद्यमशीलताको प्रकारअनुसार) मा दर्ता रहेको प्रमाणपत्र, साझेदारी फर्म भएमा साझेदारी सम्झौता, प्रबन्धपत्र नियमावली, नागरिकताको प्रतिलिपि, बहाल सम्झौता वा आफ्नै घरजग्गामा भए लालपुर्जाको प्रतिलिपि, व्यक्तिगत स्थायी लेखा नं. आदि कागजपत्र तयार गरेपश्चात् दर्ता गर्न सकिने।

(२) राजस्वमा दर्तापश्चात् महिला उद्यमीले पालना गर्नुपर्ने करसम्बन्धी औपचारिकताहरूः

१. बिलबिजक तयार गर्ने, खरिद बिक्री बिजकको अभिलेख राख्ने, आर्थिक वर्ष समाप्त भएपश्चात् अर्थात् साउनदेखि आश्विन महिना भित्रमा कर विवरण (Tax File) गर्ने र आयकरसमेत दाखिला गर्ने,

२. मूल्य अभिवृद्धि करमा दर्ता भएका महिला उद्यमीहरूले आर्थिक वर्ष शुरु हुँदा खरिद बिक्री खातावही स्वयं प्रमाणित गरी खरिद बिक्री विवरण खातामा प्रविष्टि गर्ने र मासिक रूपमा मूल्य अभिवृद्धि कर विवरण र मूल्य अभिवृद्धि कर (VAT) दाखिला गर्ने, रु. १० करोडभन्दा बढीको वार्षिक कारोबार भएमा विद्युतीय बिजक जारी गर्ने,

३. मासिक रूपमा पारिश्रमिक भुक्तानी गर्दा अग्रिम कर कट्टी गर्ने, eTDS गर्ने, रु. ५० हजार माथिको कारोबार गर्दा बैंकिङ्ग कारोबार गर्ने,

४. कारोबारको आधारमा वार्षिक वित्तीय विवरण (Audit Report) समयमै तयार गर्ने र सो विवरणअनुसार आयविवरण पेश गर्ने, कर दाखिला गर्ने र समयमै कर चुक्ता लिने,

संघीय राजस्व नीति र महिला उद्यमशीलतासम्बन्धी विद्यमान समस्याहरूः

संघीय राजस्व नीति र महिला उद्यमशीलता सम्बन्धमा देहायका समस्याहरू रहेका छन्ः

(१) संघीय राजस्व नीति तर्जुमा गरी समष्टिगत आर्थिक नीतिहरू जस्तै मौद्रिक नीति, विदेशी विनिमय नीति, कृषि नीति, शिक्षा नीति, वाणिज्य नीति, उद्योग नीति, पर्यटन नीति, सूचना प्रविधि नीति, दिगो विकास लक्ष्य नीतिबिच सामञ्जस्यता कायम गर्न सक्ने गरी एकीकृत नीतिको कमी हुनु,

(२) राजस्व नीतिमा महिला उद्यमशीलतासम्बन्धी स्पष्ट सुविधा, व्यवस्था तथा प्रोत्साहन सहित दिगो र स्थिर राजस्व नीति तर्जुमा गर्न नसकिनु, महिला उद्यमीहरूलाई प्रदान गरिने सुविधाहरू सतही हुनु,

(३) महिला उद्यमीहरूलाई तीन तहका सरकारबाट समन्वयात्मक रूपमा औपचारिक रूपमा दर्ता गर्न, नीतिगत सहजीकरण गर्न, सचेतना अभिवृद्धि गर्न नसकिनु,

(४) महिला उद्यमशीलताको लागि राजस्व नीतिमा नवप्रवर्तन र सिर्जनशीलता (Policy Innovation and Creativity) को अबलम्बन गर्न नसकिनु,

(५) महिला उद्यमशीलता अभिवृद्धि सम्बन्धमा राजस्व व्यवस्थापनमा शोध, खोज, अध्ययन, अनुसन्धान र विकासलाई उच्च प्राथमिकता दिन नसकिनु,

(६) रु. ४८ खर्ब ५१ अर्बको अर्थतन्त्रको आकारमा महिला उद्यमीको योगदान कति छ भनी यकिन गर्ने सूचना प्रणालीको अभावसमेत रहनु,

(७) निरन्तर करदाता शिक्षा, प्रचारप्रसार, सघन बजार अनुगमनमार्फत् महिला उद्यमीको चेतनास्तर समेत वृद्धि र व्यावसायिक नैतिकता तथा सदाचारिता (Business Ethics & Integrity) प्रवर्धन

गर्न नसकिनु,

(८) राजस्व नीति सहजीकरणबाट महिला उद्यमशीलता विस्तार, उत्पादन, व्यावसाय वृद्धि र रोजगारी सिर्जनाका साथ आर्थिक वृद्धि, आर्थिक विकास र समृद्धि उन्मुखसँग संगति कायम गर्न नसकिनु,

(९) राजनीतिक स्थिरतासहित महिला उद्यमीहरूलाई लगानी आकर्षण हुने वातावरण तयार गरी विश्वास आर्जन गर्न नसकिनु,

(१०) अनौपचारिक अर्थतन्त्रलाई औपचारिकिकरण गर्न नसकिनु,

(११) मूल्य अभिवृद्धि करमा बहुदर कायम गर्न नसकिनु।

संघीय राजस्व नीति र महिला उद्यमशीलतासम्बन्धी देखिएका समस्याहरू समाधानका उपायहरूः

संघीय राजस्व नीतिमा महिला उद्यमशीलता सम्बन्धमा देखिएका समस्याहरू समाधानका उपायहरू निम्न बमोजिम प्रस्तुत गरिएको छः

(१) संघीय राजस्व नीतिमा महिला उद्यमशीलतासम्बन्धी व्यवस्थासहित दिगो राजस्व नीतिको तर्जुमा गर्ने,

(२) महिला उद्यमशीलतासम्बन्धी रहेका कर छुट, सुविधा, प्रोत्साहन लगायतका सुविधामा अभिवृद्धि गर्ने,

(३) तीन तहका सरकारबाट समन्वयात्मक रूपमा औपचारिक रूपमा दर्ता गर्न, नीतिगत सहजीकरण गर्न, सचेतना अभिवृद्धि कार्यक्रमको सञ्चालन गर्ने, महिला उद्यमीहरूको हौसला, सहयोग, मनोबल उचो बनाउने,

(४) राजस्व नीतिमा नवप्रवर्तन र सिर्जनशीलता (Policy Innovation and Creativity) को अवलम्बनमा महिला उद्यमशीलतालाई उच्च प्राथमिकता दिने,

(५) महिला उद्यमशीलता अभिवृद्धिसम्बन्धी शोध, खोज, अध्ययन, अनुसन्धान र विकासलाई उच्च प्राथमिकता दिने,

(६) निरन्तर करदाता शिक्षा, प्रचार प्रशार, सघन बजार अनुगमनमार्फत् महिला उद्यमीको चेतनास्तर समेत वृद्धि र व्यावसायिक नैतिकता तथा सदाचारिता (Business Ethics & Integrity) प्रवर्धन गर्ने,

(७) राजस्व नीति सहजीकरणबाट महिला उद्यमशीलता विस्तार, उत्पादन, व्यावसाय वृद्धि र रोजगारी सिर्जनाका साथ आर्थिक वृद्धि, आर्थिक विकास र समृद्धि उन्मुखसँग संगति कायम गर्ने,

(८) राजनीतिक स्थिरतासहित महिला उद्यमीहरूलाई लगानी आकर्षण हुने वातावरण तयार गरी

विश्वास आर्जन गर्न महिला उद्यमीहरूलाई सशक्तीकरण र सबलीकरण कार्यक्रम सञ्चालन गर्ने।

(९) अनौपचारिक अर्थतन्त्रलाई औपचारिक गर्ने,

(१०) महिला उद्यमीको राजस्वमा योगदान बढाउन र यकिन गर्न खण्डीकृत तथा एकीकृत सूचना तथा तथ्याङ्क प्रणालीको विकास गर्ने,

(११) मूल्य अभिवृद्धि करमा बहुदर कायम गर्ने र महिला उद्यमीहरूलाई छुटको सुविधा प्रदान गर्ने,

(१२) वित्तीय संघीयताको पूर्ण कार्यान्वयन गर्ने, बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाह हुने कर्जा, पुनर्कर्जा र निर्देशित कर्जामा महिला उद्यमीहरूलाई उच्च प्राथमिकता दिने र कर्जाको ब्याजदर न्यून र स्थिर हुने सुनिश्चितता कायम गर्ने, पुँजीबजारमा प्रवेश गर्ने महिला उद्यमीहरूलाई करछुटको थप व्यवस्था गर्ने,

(१३) उत्कृष्ट महिला उद्यमीहरूलाई वार्षिक रूपमा पुरस्कृत र सम्मान गर्ने, कमजोर क्षेत्रमा रहेका महिला उद्यमीहरूको क्षमता विकास गर्न तीन तहका सरकारले वार्षिक कार्यक्रम तयार गर्ने,

(१४) महिला उद्यमीहरूबाट उत्पादित वस्तुको ब्रान्डिङ, ट्रेड मार्क दर्ता, जनशक्ति व्यवस्थापन, स्वास्थ्य र सुरक्षा, व्यापार सहजीकरण लगायतका क्षेत्रमा तीन तहका सरकारले पूर्ण सहयोग गर्ने,

(१५) ज्ञानमा आधारित, हरित, निर्यातमूलक अर्थतन्त्रको निर्माण र जलवायु परिवर्तनको जोखिमबाट महिला उद्यमशीलताको संरक्षण गर्न अनुकूलन कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गर्ने,

निष्कर्षमाः

जनसंख्याको बनोटमा ५१.१३ प्रतिशत रहेको महिलाको संख्या उद्यमीको आकारमा न्यून हुनुले समावेशी आर्थिक समृद्धि हासिल गर्न ठूलो चुनौती देखिएको छ। राजस्व नीति महिला उद्यमशीलताको लागि प्रस्थान बिन्दु हो। राजस्व नीतिमार्फत् महिला उद्यमशीलता प्रवर्धन गर्न स्थिर, फराकिलो र दिगो सुविधाको सुनिश्चितता गर्ने, व्यापक करछुट प्रदान गर्ने, लक्ष्यित करदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने, राजस्वमा दर्ता गर्दा, कर विवरण दाखिला गर्दा महिला उद्यमीमैत्री कर प्रशासनको व्यवस्थापन गर्न आवश्यक छ। साथै तीन तहका सरकार, निजी क्षेत्रका प्रतिनिधि संस्था, महिला उद्यमीहरूबिच चुस्त समन्वय कायम गरी अनौपचारिक कारोबारमा रहनुभएका उद्यमीहरूलाई राजस्वको दायरामा ल्याउनुपर्छ। यसो गर्न सकिएमा महिला उद्यमशीलताको विकास र विस्तार हुने, रोजगारमूलक उत्पादन र गुणस्तरीय उत्पादकत्व वृद्धि हुने, उच्च लगानी विस्तारबाट अझ फराकिलो, समावेशी र स्थिर आर्थिक वृद्धि र विकास हुने, आन्तरिक राजस्व स्रोत परिचालनमा वृद्धि हुने, निकासी वृद्धि भई अन्तर्राष्ट्रिय व्यापार तथा बाह्य क्षेत्र सन्तुलन कायम गर्न मद्दत पुगी समष्टिगत अर्थतन्त्रका सूचकहरूमा सकारात्मक गुणात्मक प्रभाव पर्न सघाउने छ। यसका लागि राजस्व नीति र महिला उद्यमशीलता सम्बन्धमा अर्थतन्त्रको संरचनागत रूपान्तरणमार्फत् समष्टिगत व्यवस्था गर्न ढिला गर्नु हुँदैन।

**सन्दर्भ सामग्रीहरू:**


- नेपालको संविधान, कानुन किताब व्यवस्था समिति।
- पन्ध्रौ योजना, राष्ट्रिय योजना आयोगको सचिवालय, सिंहदरबार।
- बजेट वक्तव्य, आर्थिक सर्वेक्षण (विभिन्न आर्थिक वर्ष), अर्थ मन्त्रालय।
- आर्थिक वर्ष २०७९/८० को बजेटको अर्धवार्षिक मूल्यांकन प्रतिवेदन,
- आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२, कानुन किताब व्यवस्था समिति
- महत, डा. रामशरण, लोकतन्त्रको पक्षमा  नेपाली अर्थ-राजनीतिका चरण र चुनौती।
- अर्याल, जितेन्द्र प्रकाश, (२०६८),  सूक्ष्म अर्थशास्त्र, न्यू हिरा बुक्स इन्टरप्राइजेज, कीर्तीपुर।
- Mahat, Dr. Ram Sharan, Trials, Tremors and Hope, The Political Economy of Contemporary Nepal, Adarsh Enterprises.
- Mohan, Rakesh, Growth with Financial Stability, Central Banking in an Emerging Market, Oxford collected essays.
- Salvatore, Dominik (2003), Microeconomics, Theory and Applications, New York, Oxfor University Press.
- Ricardo, David (2005), On the Principles of Political Economy and Taxation, Volume 1.


○○○

# नेपालको निजामती सेवा र महिला सहभागिताः एक अध्ययन



✍ चमेली पोखरेल *

## लेखको प्रारम्भ

कानुनले परिभाषित गरेबमोजिम योग्यता प्रणालीबाट छनोट भएका गैरसैनिक चरित्रका वैतनिक, स्थायी र सीपयुक्त व्यवसायिक अधिकारीहरू संलग्न रहेको सरकारी कर्मचारीहरूको पेशागत समूह नै निजामती सेवा हो। यसलाई राज्यव्यवस्था सञ्चालनको एक अनिवार्य तथा आधारभूत अङ्गको रूपमा लिइन्छ। निजामती सेवा सरकारी सेवाहरूको केन्द्रमा रहेको सेवा हो जसले निरन्तर रूपमा राज्यको नीति निर्माण, विश्लेषण तथा कार्यान्वयन गरेर राज्य सञ्चालन प्रणालीलाई जीवन्त राख्ने कार्य गरेको हुन्छ। निजामती सेवालाई सरकारको ज्ञानेन्द्रिय एवं कर्मेन्द्रियका रूपमा पनि लिने गरिन्छ। निजामती सेवाले राज्य व्यवस्था सञ्चालनमा अन्य सरकारी सेवा तथा गैरसरकारी सेवालाई समेत मार्गदर्शन प्रदान गर्दछ।

नेपालको संघीय संरचनामा रहेको निजामती सेवामा हुने गरेका लैङ्गिक विभेदरहित सहभागितालाई सेवा प्रवेश प्रक्रियादेखि निजामती सेवामा गरिने नियुक्तिका सिफारिससम्मको प्रक्रियागत विवरणसहित महिलाहरूको सहभागिताको अवस्थालाई प्रस्तुत गर्ने उद्देश्यका साथ यो लेख तयार गरिएको छ। यसमा नेपाल सरकारले अवलम्बन गरेको समावेशीकरणको नीति र सकारात्मक विभेदको नीतिले नेपाली महिलाहरूमा पारेको प्रभावको संक्षेपमा उल्लेख गर्न खोजिएको छ। निजामती सेवाको सञ्चालन विधि, कार्यक्षेत्र र नेपालको निजामती सेवामा महिलाहरूको लागि गरिएको आरक्षणको प्रभावलाई पनि लेखमा औंल्याउने प्रयास गरिएको छ।

## निजामती सेवाको पृष्ठभूमि

नेपालमा किराँत, लिच्छवी कालदेखि नै कुनै न कुनै स्वरूपमा निजामती सेवाको शुरुवात भएको थियो। विधिवत तवरले नेपालमा निजामती सेवाको शुरुवात भने नेपाल निजामती सेवा ऐन, २०१३ नेपाल राजपत्रमा प्रकाशित भएपश्चात् राजपत्रांकित सेवा र राजपत्र अनंकित सेवा गरी विभिन्न समूह र पद वर्गीकरणअनुसार सञ्चालनमा आएको पाइन्छ। निजामती सेवाको विभिन्न कालखण्डमा विविध स्वरूपमा निजामती सेवा सञ्चालन हुँदै आएकोमा वि. सं. २०४६ को परिवर्तनपछि निजामती सेवाको

* *कम्प्युटर अधिकृत, राष्ट्रिय तथ्याङ्क कार्यालय*

विकास र आधुनिकीकरणको क्षेत्रमा धेरै प्रयासहरू भएका छन्। यस अवधिमा निजामती सेवा ऐन, २०४९ र नियमावली, २०५० निर्माण गरियो। निजामती सेवामा विभिन्न सेवा, समूह, उपसमूह र श्रेणी विभाजन, सहायक कर्मचारीहरूलाई ट्रेड युनियन अधिकार, कर्मचारीहरूको सेवा अवधि ५८ वर्ष, स्वेच्छिक अवकाश, मन्त्रालयहरूको संख्या र संरचनालगायतको क्षेत्रमा आमूल परिवतनहरू गरी जनपक्षीय निजामती सेवाको मार्गचित्र शुरु गर्ने अभ्यासको शुरुवात भएको थियो। वि.सं. २०६२/६३ को जनआन्दोलनमा निजामती कर्मचारीहरूको प्रत्यक्ष संलग्नता रह्यो। नेपालको अन्तरिम संविधान, २०६३ को भावनाअनुकुल निजामती सेवा ऐनमा आवश्यक संशोधन गरी निजामती सेवालाई समावेशी बनाउने कार्य भयो। निजामती सेवा ऐन, २०४९ लाई वि.सं. २०६३ मा संशोधन गरी निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये (निजामती सेवा ऐन, २०४९ को दफा ७(६) मा ४५ प्रतिशत पद छुट्ट्याइयो । सो पदलाई शतप्रतिशत मानी महिला, आदिवासी जनजाति, मधेशी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रका उम्मेदवारबिच मात्र प्रतिस्पर्धा गराएर पदपूर्ति व्यवस्था गर्न ३३ प्रतिशत महिलासहित ६ ओटा आरक्षणका पद तय गरी निजामती सेवामा आरक्षण सहितको सकारात्मक विभेदको नीतिलाई कार्यान्वयनमा जोड दिइएको छ।

देशको मूल कानुनको रूपमा रहेको नेपालको संविधानको धारा २८३(१) मा निजामती सेवाको पदको स्पष्ट परिभाषा सहितको व्यवस्था गरेको छ। नेपालको निजामती सेवामा वि.सं. २०४९ मा जारी भई वि.सं. २०५० जेठ ४ देखि लागु भएको १० परिच्छेद र ७६ दफा भएको निजामती सेवा ऐन २०४९ र वि.सं. २०५० असार २८ देखि जारी भएको निजामती सेवा नियमावली, २०५० ले व्यवस्था गरेबमोजिम एवं कर्मचारी समायोजन ऐन, स्थानीय तह सञ्चालन ऐन र सोसँग सम्बन्धित अन्य मौजुदा कानुनबमोजिम निजामती सेवा सञ्चालनमा आएको छ। साथै निजामती सेवा ऐनभित्र स्वास्थ्य सेवा ऐनअन्तर्गत गठन भएको स्वास्थ्य सेवा र संसद सेवा ऐनअन्तर्गत गठन भएको संसद सेवालाई पनि समेटेको छ। निजामती सेवा ऐन, २०४९ को दफा ३ ले निजामती सेवामा १२ ओटा सेवाको व्यवस्था गरेको छ। निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ३ बमोजिम नेपाल सरकारले गठन गरेका निजामती सेवाहरू निम्नानुसार छन्ः

१. नेपाल विविध
२. नेपाल आर्थिक योजना तथा तथ्याङ्क
३. नेपाल इञ्जिनियरिङ
४. नेपाल कृषि
५. नेपाल न्याय
६. नेपाल परराष्ट्र
७. नेपाल प्रशासन
८. नेपाल लेखापरीक्षण
९. नेपाल वन

१०. नेपाल शिक्षा

११. नेपाल स्वास्थ्य

१२. सङ्घीय संसद

राज्य सञ्चालनको एउटा महत्वपूर्ण र जिम्मेवार संयन्त्रको रूपमा रहेको तथा देशको मूल कानुन र अन्य प्रचलित कानुनले प्रदान गरेको अधिकार, जिम्मेवारी र कर्तव्यको कसीमा राखेर हेर्दा यस सेवामा व्यवस्था गरिएका १२ ओटा सेवाहरूको विविधताको आधारमा निजामती सेवा बृहत र गहन क्षेत्राधिकारमा फैलिएको सार्वजनिक सेवाहरूमध्येकै उत्कृष्ट सेवा हो।

## निजामती सेवाको दरबन्दी र पदपूर्ति

निजामती सेवाका रिक्त पदमा नयाँ कर्मचारी भर्ना गरेर कर्मचारी आपूर्ति गर्ने निरन्तर चल्ने प्रक्रियागत कार्य पदपूर्ति हो। नेपाल सरकारले गठन गरेका निजामती सेवाका रिक्त भएका पदहरूमा नयाँ कर्मचारी भर्ना गरेर तथा पुराना कर्मचारीहरूको सरुवा बढुवा गरेर कानुनबमोजिम कर्मचारीहरूको पदपूर्ति गरिन्छ। निजामती सेवामा सेवाभित्र आन्तरिक पदपूर्ति र खुला प्रतिष्पर्धाबाट गरिने बाह्य पदपूर्ति गरी जम्मा दुई प्रकारले पदपूर्ति गरिन्छ।

नेपालको निजामती सेवामा रिक्त रहेका पदपूर्ति गर्ने जिम्मेवारी लोक सेवा आयोगले प्राप्त गरेको छ। नेपाल सरकारको निजामती सेवामा रहेका विभिन्न कार्यालयहरूको संगठन संरचना अनुसारको रिक्त रहेका दरबन्दीहरूको माग सम्बन्धित कार्यालय तथा संवैधानिक आयोगमार्फत् लोक सेवा आयोगले संकलन गर्दछ। यसरी रिक्त दरबन्दीको माग संकलन भएपश्चात् नि.से.ऐन, २०४९ को दफा ७ को उपदफा ६ मा गरिएको व्यवस्थाअनुसार प्रतिशत निर्धारण गरी खुला, समावेशी र आरक्षणको मापदण्ड पूरा गर्दै प्रतियोगी परीक्षा र बढुवा व्यवस्थाअनुसार योग्यता र क्षमतालाई आधार मान्दै माग बमोजिमका पदमा निश्चित र निर्धारित मापदण्ड पूरा गरी नेपालभरिका दक्ष र योग्य नागरिकहरूबाट दरखास्त माग गरी निष्पक्ष परीक्षा प्रणालीमार्फत् दक्ष र योग्य जनशक्तिलाई निजामती कर्मचारीको रूपमा छनोट गरी निजामती सेवामा रिक्त रहेका पदहरूको पूर्ति गर्ने गरी नियुक्तिका लागि सिफारिस गर्ने कार्य लोक सेवा आयोगले गर्दछ।

नेपालको संघिय संरचनाअनुसार निर्धारण भएको कुल दरबन्दी र पदपूर्तिको अवस्थालाई राष्ट्रिय किताबखानाको मिति २०७९/५/८ सम्म अद्यावधिक भएको तथ्याङ्क विवरणअनुसार संघमा ५३,५३१ दरबन्दीमध्येमा ३८,१२५ दरबन्दीमा कार्मचारी कार्यरत, सात प्रदेशहरूमा जम्मा १७,३२२ दरबन्दीमध्येमा ११,२४७ दरबन्दीमा कर्मचारी कार्यरत र ७५३ स्थानीय तहहरूमा जम्मा ६५,२६९ दरबन्दीमध्येमा ३६,२८४ दरबन्दीमा कर्मचारी कार्यरत रहेको देखिन्छ। निजामती सेवाभित्र रहेका १२ ओटा सेवामा देशभर कुल १,३६,१२२ स्वीकृत दरबन्दी रहेको देखिन्छ। निजामती सेवाको कुल दरबन्दी र पदपूर्तिको स्थिति सहितको विस्तृत विवरण तालिका नं. १ बाट प्रष्ट हुन्छ।

**तालिका नं. १: निजामती सेवाको संघ, प्रदेश र स्थानीयतहको कुल दरबन्दी र पदपूर्तिको स्थिति**

| सेवा | संघ | | प्रदेश | | स्थानीय | |
|---|---|---|---|---|---|---|
| | दरबन्दी | कार्यरत | दरबन्दी | कार्यरत | दरबन्दी | कार्यरत |
| नेपाल विविध | २७१४ | २१५० | १३६० | ४५१ | १९६८ | ११८६ |
| नेपाल आर्थिक योजना तथा तथ्याङ्क | ३२९ | २८९ | ११८ | ६६ | ४६ | १२ |
| नेपाल इञ्जिनियरिङ | ९१८६ | ५८६१ | ३०२० | १२८४ | ९७३१ | ३२७१ |
| नेपाल कृषि | १२०० | १२३३ | १५९४ | ९७१ | ७८०१ | १६४२ |
| नेपाल न्याय | ५३५६ | ३९०४ | १०५ | ५० | ४२ | ० |
| नेपाल परराष्ट्र | ३३९ | २८५ | - | - | - | - |
| नेपाल प्रशासन | २७६६५ | १८५६४ | ५३६१ | ३३७७ | १६८४८ | ७९९४ |
| नेपाल लेखापरीक्षण | ५३४ | ३९८ | - | - | - | - |
| नेपालवन | १९४२ | २१११ | ४४१३ | २७८० | ० | ७ |
| नेपालशिक्षा | १०६१ | ८८६ | ३३० | १७४ | १८८७ | ९५६ |
| नेपाल स्वास्थ्य | २७८५ | २२२५ | १०२१ | २०९४ | २६९४६ | २१२१६ |
| सङ्घीय संसद | ४२० | २१९ | - | - | - | - |
| जम्मा | ५३५३१ | ३८१२५ | १७३२२ | ११२४७ | ६५२६९ | ३६२८४ |

*स्रोतः लोक सेवा आयोगको ६३औं वार्षिक प्रतिवेदन पेज नं. ३७ र ३८ को तालिकाको आधारमा*

## नेपालको निजामती सेवा प्रवेशका लागि दरखास्तको विवरण र महिलाको सहभागिता स्थिति:

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कुल जनसंख्या २,९१,६४,५७८ मध्ये पुरुषको जनसंख्या १,४२,५३,५५१ (४८.९ प्रतिशत) छ भने महिलाको जनसंख्या १,४९,११,०२७ (५१.१ प्रतिशत) रहेको छ। पुरुषभन्दा महिलाको जनसंख्या ६,५७,४७६ अंकले बढी देखिन्छ। महिलाको संख्यात्मक वृद्धिको तुलनामा निजामती सेवामा भने महिलाहरूको अझै पनि न्यून सहभागिता रहेको देखिन्छ। नेपालको निजामती सेवामा महिलाहरूको सहभागितलाई निजामती सेवा प्रवेश गर्ने प्रक्रियाको पहिलो चरणको रूपमा रहेको लोक सेवा आयोगले आह्वान गर्ने गरेको विभिन्न पदमा परेको महिला तथा पुरुषहरूको दरखास्तको तुलनात्मक विवरण तालिका नं.२ र ३ अनुसार छ :

**तालिका नं. २ : विज्ञापनको प्रकारअनुसार दरखास्त विवरण**

| विज्ञापनको प्रकार | महिला | पुरुष | जम्मा | प्रकारगत प्रतिशत | महिलाको प्रतिशत | महिलापुरुष अनुपात |
|---|---|---|---|---|---|---|
| आन्तरिक प्रतियोगिता | १७४३ | ७५६५ | ९३०८ | २.५ | १८.७ | ०.२३ |
| खुला प्रतियोगिता | ७६६९० | १२५०७७ | २०१७६७ | ५५.२ | ३८.० | ०.६१ |
| समावेशी प्रतियोगिता | ९८२०९ | ५६१५० | १५४३५९ | ४२.२ | ६३.६ | १.७५ |
| महिला | ७१९७१ | ० | ७१९७१ | १९.७ | १००.० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| आदिवासी-जनजाति | १५३६० | १७१३२ | ३२४९२ | ८.९ | ४७.३ | ०.९० |
| मधेसी | ७०४२ | २७५४० | ३४५८२ | ९.५ | २०.४ | ०.२६ |
| दलित | २३७५ | ५१७८ | ७५५३ | २.१ | ३१.४ | ०.४६ |
| अपाङ्ग | ३६८ | २३४१ | २७०९ | ०.७ | १३.६ | ०.१६ |
| पिछडिएको क्षेत्र | १०९३ | ३९५९ | ५०५२ | १.४ | २१.६ | ०.२८ |
| जम्मा | १७६६४२ | १८८७९२ | ३६५४३४ | १०० | ४८.३ | ०.९४ |

*स्रोतः लोक सेवा आयोगको ६३औं वार्षिक प्रतिवेदन पेज नं. ४४ को तालिकामा आधारित*

तालिका नं. २ बमोजिम लोक सेवा आयोगले गर्ने विभिन्न विज्ञापनमा परेका समग्र दरखास्तमध्ये महिलाहरूको दरखास्त दर ४८.३ प्रतिशत रहेको छ भने महिला पुरुषको अनुपात ०.९४ देखिएको छ। विज्ञापनको प्रकारमध्ये आन्तरिक प्रतियोगितामा दरखास्त दिने महिलाको प्रतिशत १८.७ रहेको छ भने महिला पुरुष अनुपात ०.२३ देखिन्छ। त्यस्तै खुला प्रतियोगितामा ३८.० प्रतिशत रहेको छ भने महिला पुरुष अनुपात ०.६१ रहेको छ र समावेशी प्रतियोगितामा महिलाहरूको दरखास्त दिने दर ६३.६ प्रतिशत रहेको र महिला पुरुष अनुपात १.७५ देखिएको छ। यसको आधारमा समावेशी प्रतियोगितामा दरखास्त दिन महिलाहरू उत्साहित रहेको देखिन्छ। तर विज्ञापनको खुला प्रतियोगिता र आन्तरिक प्रतियोगितामा दरखास्त दिने महिलाहरूको प्रतिशतमा कमी आउनु र समग्र दरखास्त दरमा पनि महिलाहरूको सहभागिता किन न्यून हुन गयो यो खोजीको विषय हुन सक्छ।

**तालिका नं. ३: श्रेणी वा तहअनुसार दरखास्तको विवरण**

| श्रेणी-तह | महिला | पुरुष | जम्मा | श्रेणीगत प्रतिशत | महिलाको प्रतिशत | महिलापुरुष अनुपात |
|---|---|---|---|---|---|---|
| रा.प.प्रथम (अप्रा.-प्रा.) | ७१३ | ३००२ | ३७१५ | १.० | १९.२ | ०.२४ |
| अधिकृत एघारौं तह | ३२ | ११९ | १५१ | ०.० | २१.२ | ०.२७ |
| रा.प.द्वितीय (अप्रा.-प्रा.) | २६८६ | ८३२२ | ११००८ | ३.० | २४.४ | ०.३२ |
| अधिकृत नवौं तह | ९९ | १९५ | २९४ | ०.१ | ३३.७ | ०.५१ |
| रा.प.तृतीय (अप्रा.-प्रा.) | २३३५२ | ४२२८४ | ६५६३६ | १८.० | ३५.६ | ०.५५ |
| अधिकृत आठौं तह | २७५९ | ३५५७ | ६३१६ | १.७ | ४३.७ | ०.७८ |
| अधिकृत सातौं तह | ८१६८ | १६०३ | ९७७१ | २.७ | ८३.६ | ५.१० |
| रा.प.अनं.प्रथम (अप्रा.-प्रा.) | ५२५१५ | ७१३२४ | १२३८३९ | ३३.९ | ४२.४ | ०.७४ |
| सहायक पाँचौं तह | २७७६५ | ९१२ | २८६७७ | ७.८ | ९६.८ | ३०.४४ |
| रा.प.अनं.द्वितीय (अप्रा.) | ५५०८८ | ५४०७९ | १०९१६७ | २९.९ | ५०.५ | १.०२ |
| सहायक चौथो तह | ३४६५ | ३३९५ | ६८६० | १.९ | ५०.५ | १.०२ |
| जम्मा | १७६६४२ | १८८७९२ | ३६५४३४ | १०० | ४८.३ | ०.९४ |

*स्रोतः लोक सेवा आयोगको ६३औं वार्षिक प्रतिवेदन पेज नं. ४४ र ४५ को तालिकामा आधारित*

आर्थिक वर्ष २०७८/७९ को अवधिमा श्रेणी–तहगत आधारमा तयार गरिएको प्रस्तुत तालिका नं. ३ अनुसार सबैभन्दा बढी दरखास्त क्रमशः रा.प.अनं. प्रथम श्रेणी र रा.प.अनं. द्वितीय श्रेणीका पदमा परेको देखिन्छ भने स्वास्थ्य सेवाको एघारौं तहको पदमा सबैभन्दा कम दरखास्त परेको देखिन्छ। साथै, दररखास्त दिने क्रममा महिलाहरूको रोजाइका क्षेत्रहरूमा रा.प. प्रथम श्रेणी तहमा १९.२ प्रतिशत रहेको छ भने महिला पुरुष अनुपात ०.२४ रहेको देखिएको छ। श्रेणी वा तहअनुसार दरखास्त दिने महिलाहरूको दर सहायक पाँचौं तहमा ९६.८ प्रतिशत रहेकोमा महिला पुरुष अनुपात ३०.४४ देखिएको छ। त्यस्तै, अधिकृत सातौं तहमा महिला सहभागिता ८३.६ प्रतिशत र महिला पुरुष अनुपात ५.१० को रहेको देखिन्छ। श्रेणी वा तहअनुसार दरखास्त दिन महिलाहरूको सहभागितालाई हेर्दा सहायक पदहरूमा उल्लेख्य सहभागिता रहे तापनि नीति निर्माणको र निर्णायक भूमिकामा रहेका पदहरूमा भने दरखास्त दिने चरणबाटै महिलाहरूको न्यून सहभागिता रहेको देखिन्छ। महिलाहरूको क्षमता, योग्यता वा अवसरमा सुधारको आवश्यकता रहेको एवं महिलाहरूको समान सहभागिता र सबलीकरणतर्फ राज्यको नीति निर्माण तहमा ध्यान जान आवश्यक रहेको तथ्य यस तालिकाको आँकडाले औंल्याएको छ।

**नेपालको निजामती सेवामा सिफारिस गरिएका कर्मचारीहरूको विवरण र महिलाको सहभागिता स्थितिः**

आर्थिक वर्ष २०७८/७९ को अवधिमा निजामती सेवाको श्रेणी–तहको आधारमा यस सेवामा कुल २,६७२ जना उम्मेदवारहरू स्थायी नियुक्तिका लागि सिफारिस भएका छन्। यस अवधिमा महिलाहरू ७३८ जना वा २७.६ प्रतिशत मात्र सिफारिस भएका छन्। सिफारिस भएका अधिकृतस्तरको पदमा महिला सहभागिता २८.६ प्रतिशत रहेको छ भने सहायकस्तरको पदमा २६.३ प्रतिशत मात्र सिफारिस भएको देखिन्छ। लोक सेवा आयोगमा दरखास्त दिने आवेदकहरूको जस्तै सिफारिसका क्रममा पनि महिलाहरूको सहभागिता तुलनात्मक रूपमा न्यून रहेको तथ्याङ्क तथा विश्लेषणलाई विस्तृत विवरणसहित तालिका नं. ४ मा उल्लेख गरिएको छः

**तालिका नं. ४: श्रेणी÷तहअनुसार सिफारिस भएका उम्मेदवारहरूको विवरण**

| श्रेणी–तह | महिला | पुरुष | जम्मा | श्रेणीगत प्रतशित | महिलाको प्रतिशत | महिलापुरुष अनुपात |
|---|---|---|---|---|---|---|
| रा.प. प्रथम | १३ | ७१ | ८४ | ३.१ | १५.५ | ०.१८ |
| एघारौं | ५ | १६ | २१ | ०.८ | २३.८ | ०.३१ |
| रा.प. द्वितीय | ४० | १६३ | २०३ | ७.६ | १९.७ | ०.२५ |
| नवौं | ३३ | ४६ | ७९ | ३.० | ४१.८ | ०.७२ |
| रा.प. तृतीय | ३३८ | ७८६ | ११२४ | ४२.१ | ३०.१ | ०.४३ |
| आठौं | १ | ३ | ४ | ०.१ | २५.० | ०.३३ |
| सातौं | ११ | १६ | २७ | १.० | ४०.७ | ०.६९ |
| अधिकृतस्तर जम्मा | ४४१ | ११०१ | १५४२ | ५७.७ | २८.६ | ०.४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| रा.प.अनं. प्रथम | २९६ | ८२९ | ११२५ | ४२.१ | २६.३ | ०.३६ |
| पाचौं | १ | ४ | ५ | ०.२ | २०.० | ०.२५ |
| सहायकस्तर जम्मा | २९७ | ८३३ | ११३० | ४२.३ | २६.३ | ०.३६ |
| कुल जम्मा | ७३८ | १९३४ | २६७२ | १०० | २७.६ | ०.३८ |

*स्रोतः लोक सेवा आयोगको ६३औं वार्षिक प्रतिवेदन पेज नं. ६३*

साथै आर्थिक वर्ष २०७८/७९ मा निजामती सेवाका पदहरूमा सेवाका आधारमा स्थायी नियुक्तिका लागि जम्मा २६७२ कर्मचारी सिफारिस गर्दा महिला कर्मचारीहरू जम्मा ७३८ जना भएको तथ्याङ्कलाई हेर्दा पनि महिलाहरूको सिफारिस दरको संख्यामा समानता तथा बढोत्तरी भएको देखिंदैन। अधिकृतस्तरको पदमा १५४२ जना सिफारिस हुँदा महिलाहरूको सिफारिस संख्या ४४१ रहेको छ भने सहायकस्तरको पदमा ११३० कर्मचारी सिफारिस हुँदा महिलाहरूको सिफारिस संख्या २९७ मात्र रहेको देखिन्छ। यस अवधिमा लोक सेवा आयोगले सेवा, पदको स्तर र उम्मेदवारको आधारमा गरेको सिफारिसवाट महिला सहभागितालाई नियाल्नका लागि यससम्बन्धी विवरणलाइं तालिका नं. ५ मा प्रस्तुत गरिएको छः

**तालिका नं. ५: सेवाका आधारमा सिफारिसको विवरण**

| सेवा | अधिकृतस्तर | | | सहायकस्तर | | | कुलजम्मा |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| न्याय | १५९ | २२८ | ३८७ | १०९ | ३७७ | ४८६ | ८७३ |
| इञ्जिनियरिङ | ४९ | १९० | २३९ | ६१ | २११ | २७२ | ५११ |
| परराष्ट्र | १०६ | २५८ | ३६४ | ० | ० | ० | ३६४ |
| प्रशासन | २६ | २२४ | २५० | ३ | ३० | ३३ | २८३ |
| कृषि | २९ | ४५ | ७४ | ३८ | ५९ | ५९ | १७१ |
| विविध | ११ | २६ | ३७ | २६ | ७८ | ७८ | १४१ |
| स्वास्थ्य | ५० | ८१ | १३१ | १ | ४ | ५ | १३६ |
| शिक्षा | ० | ६ | ६ | ५४ | ५९ | ११३ | ११९ |
| वन | ४ | १३ | १७ | ४ | ९ | १३ | ३० |
| आर्थिक योजना तथ्याङ्क | ३ | ८ | ११ | १ | ५ | ६ | १७ |
| लेखापरीक्षण | १ | १६ | १७ | ० | ० | ० | १७ |
| संघीय संसद | ३ | ६ | ९ | ० | १ | १ | १० |
| जम्मा | ४४१ | ११०१ | १५४२ | २९७ | ८३३ | ११३० | २६७२ |

*स्रोतःलोक सेवा आयोगको ६३औं वार्षिक प्रतिवेदन पेज नं. ६३*

## विज्ञापनको आर्थिक वर्ष र सो अनुसारका पदहरू र सिफारिस संख्या

लोक सेवा आयोगको त्रिसट्ठऔँ वार्षिक प्रतिवेदनमा उल्लेख भएको आर्थिक वर्ष २०७८/७९ को अवधिमा भएको कुल सिफारिस संख्यालाई विज्ञापनको आर्थिक वर्षअनुसार तयार गरिएको अभिलेख तालिका नं. ६ अनुसार आर्थिक वर्ष २०७६/०७७ देखि आर्थिक वर्ष २०७८/७९ सम्मको अवधिमा भएको कुल सिफारिस संख्या २६७२ जना निजामती कर्मचारीहरूमध्ये महिला कर्मचारीहरूको सेवा प्रवेशको संख्या जम्मा ७३८ जना रहेको छ। यही दरमा महिला सहभागितामा वृद्धि भएमा दिगो विकासको लक्ष्यअनुसार र समानुपातिक समावेशी सिद्धान्तबमोजिम महिला र पुरुषको समान सहभागिता कायम गर्न धेरै वर्ष पर्खनुपर्ने देखिन्छ।

**तालिका नं. ६: आ.व. २०७६/७७-२०७८/७९ मा सिफारिस भएका उम्मेदवार संख्या**

| विज्ञापनको आर्थिक वर्ष | अधिकृतस्तर | | | सहायकस्तर | | | कुलजम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| २०७६/७७ | २८७ | ७०६ | ९९३ | २३० | ६३८ | ८६८ | ५१७ | १३४४ | १८६१ |
| २०७७/७८ | ११५ | २५३ | ३६८ | ६७ | १९५ | २६२ | १८२ | ४४८ | ६३० |
| २०७८/७९ | ३९ | १४२ | १८१ | ० | ० | ० | ३९ | १४२ | १८१ |
| जम्मा | ४४१ | ११०१ | १५४२ | २९७ | ८३३ | ११३० | ७३८ | १९३४ | २६७२ |

*स्रोतः लोक सेवा आयोगको त्रिसट्ठिऔँ वार्षिक प्रतिवेदन पेज नं. ६३ को आधारमा*

## निजामती सेवामा महिला कर्मचारीको पछिल्लो सहभागिताको अवस्थाः

नेपाल सरकारले सकारात्मक विभेदको नीति अवलम्बन गरेपश्चात् निजामती सेवामा महिलाको सहभागिता उल्लेख्य रूपमा वृद्धि भए तापनि अपेक्षाकृत सहभागिता भएको छैन। निजामती किताबखानाको २०७९ को पछिल्लो अभिलेखअनुसार निजामती सेवामा कार्यरत कुल ८६,२९७ कर्मचारी मध्ये ६२,४३५ पुरुष कर्मचारी र २३,८६२ महिला कर्मचारीहरूको सहभागिता रहेको देखिन्छ। हाल नेपालको निजामती सेवामा महिलाको सहभागिता २७.७ प्रतिशत रहेको छ। निजामती सेवाको नीति निर्माण र निर्णय प्रक्रियामा सहभागी हुने सचिव र सहसचिव पदमा महिलाहरूको सहभागिता भने न्यून नै देखिन्छ। प्रस्तुत तालिकाअनुसार निजामती सेवामा महिलाको प्रतिनिधित्व संख्यात्मक रूपमा वृद्धि भए तापनि हालसम्म पनि निजामती सेवामा महिलाको प्रतिनिधित्व ३३ प्रतिशत पुग्न सकेको छैन। निजामती सेवाको प्रमुख र नेतृत्वदायी पद मानिदै आएको नेपाल सरकारको विशिष्ट श्रेणीको मुख्य सचिव पदमा हालसम्म पनि महिला कर्मचारीको उपस्थिति भएको छैन। निजामती किताबखानामा दर्ता भएका समग्र निजामती सेवाका विभिन्न ३८ श्रेणी-तहमा कार्यरत कर्मचारीहरूको तुलनात्मक विवरणलाई तालिका नं. ७ मा प्रस्तुत गरिएको छ :

**तालिका नं. ७ : निजामती सेवाको श्रेणी र तहगत रूपमा कार्यरत कर्मचारीहरूको विवरण**

| क्र.सं. | श्रेणी र तह | पुरुष | महिला | जम्मा | महिला % |
|---|---|---|---|---|---|
| १ | न्यायाधीश, सर्वोच्चअदालत | ६ | १ | ७ | १४.३ |
| २ | विशिष्ट श्रेणी (मुख्यसचिव) | १ | | १ | ०.० |
| ३ | विशिष्ट श्रेणी | ६४ | ६ | ७० | ८.६ |
| ४ | अधिकृत बाह्रौं | २ | १ | ३ | ३३.३ |
| ५ | न्यायाधीश, उच्च अदालत | ५३ | १७ | ७० | २४.३ |
| ६ | न्यायाधीश, पुनरावेदन अदालत | १० | | १० | ०.० |
| ७ | अतिरिक्त न्यायाधीश, पुनरावेदन अदालत | २ | | २ | ०.० |
| ८ | अधिकृत एघारौं | ११० | ३२ | १४२ | २२.५ |
| ९ | एघारौं तह | ६ | | ६ | ०.० |
| १० | रा.प. प्रथम श्रेणी | ६४० | ६० | ७०० | ८.६ |
| ११ | अधिकृत दशौं | १७८ | ५५ | २३३ | २३.६ |
| १२ | दशौं तह | २५४ | १३ | २६७ | ४.९ |
| १३ | जिल्ला न्यायाधीश | २१५ | ६ | २२१ | २.७ |
| १४ | अतिरिक्त जिल्ला न्यायाधीश | २ | | २ | ०.० |
| १५ | अधिकृत नवौं | १४५ | ५८ | २०३ | २८.६ |
| १६ | नवौं तह | २५१ | ३१ | २८२ | ११.० |
| १७ | रा.प. द्वितीय श्रेणी | २६९१ | ३३९ | ३०३० | ११.२ |
| १८ | अधिकृत आठौं | ४८७ | १७३ | ६६० | २६.२ |
| १९ | आठौं तह | ११२६ | १९३ | १३१९ | १४.६ |
| २० | अधिकृत सातौं | २८६ | १७९ | ४६५ | ३८.५ |
| २१ | सातौं तह | १४६३ | ३१० | १७७३ | १७.५ |
| २२ | रा.प. तृतीय श्रेणी | ६४१७ | १६२३ | ८०४० | २०.२ |
| २३ | अधिकृत छैटौं | १८३७ | ९०६ | २७४३ | ३३.० |
| २४ | छैटौं तह | ६४६६ | १९०८ | ८३७४ | २२.८ |
| २५ | वरिष्ठ पाँचौं | ३ | ८ | ११ | ७२.७ |
| २६ | रा.प.अनं. प्रथमश्रेणी | ९७८५ | २४६९ | १२२५४ | २०.१ |
| २७ | सहायक पाँचौं | ७६८ | १३८५ | २१५३ | ६४.३ |
| २८ | पाँचौं तह | ७९१० | ५०७६ | १२९८६ | ३९.१ |

| | | | | | |
|---|---|---|---|---|---|
| २९ | रा.प.अनं. द्वितीयश्रेणी | ५५३४ | १६०३ | ७१३७ | २२.५ |
| ३० | सहायक चौथो | ५२३ | ५३१ | १०५४ | ५०.४ |
| ३१ | चौथो तह | ६०५४ | ५८५१ | ११९०५ | ४९.१ |
| ३२ | रा.प.अनं. तृतीयश्रेणी | १५६ | ९ | १६५ | ५.५ |
| ३३ | सहायक तेस्रो | १५ | २१ | ३६ | ५८.३ |
| ३४ | रा.प.अनं. चतुर्थश्रेणी | ४५ | २ | ४७ | ४.३ |
| ३५ | सहायक दोस्रो | - | २ | २ | १००.० |
| ३६ | रा.प.अनं. पाँचौंश्रेणी | ७३९ | ६९ | ८०८ | ८.५ |
| ३७ | श्रेणीविहीन | ८१७१ | ९१७ | ९०८८ | १०.१ |
| ३८ | श्रेणीरतह नखुलेको | २० | ८ | २८ | २८.६ |
| | श्रेणी/तह जम्मा | ६२४३५ | २३८६२ | ८६२९७ | २७.७ |

*स्रोतः निजामती किताबखाना, २०७१ को अभिलेखअनुसार*

**निजामती सेवामा महिला सहभागिताको सम्भावनाको खोजः**

निजामती सेवा ऐन, २०४९ को दफा ७१ को (क) अनुसार व्यवस्था भएको ८ प्रकारका बिदामध्ये उपदफा ५ को प्रसूति स्याहार बिदा र उपदफा ४ को प्रसूति बिदाको व्यवस्था, बढीमा २ ओटा बच्चाका लागि जनही पाँच हजार शिशुस्याहार भत्ताको व्यवस्थाजस्ता मौद्रिक सुविधा र श्रीमान् श्रीमती दुवै निजामती सेवामा कार्यरत भएमा मिलेसम्म एकै जिल्लामा सरुवाको व्यवस्था गर्ने प्रावधान, विदेशस्थित दुतावास वा नियोगमा कार्यरत कर्मचारीको पति वा पत्नीका लागि बढीमा ५ वर्षसम्म बेतलबी बिदाको व्यवस्था जस्ता गैरमौद्रिक सुविधाको कारणले पनि यस सेवामा महिलाहरूलाई प्रवेश गराउन सहज हुनेछ। साथै, निजामती सेवा ऐन, २०४९ ले महिलालाई निजामती सेवा प्रवेशमा उमेरको हद चालीस वर्ष कायम गरिनु, परिक्षणकालको अवधि ६ महिना राखिनु र बढुवाको लागि एक वर्षको सेवा अवधि कम गरी महिला सहभागितालाई प्रोत्साहन गर्न खोजिनुजस्ता सकारात्मक विभेदका यस्ता सुविधा पनि महिलाहरूको लागि यस सेवामा प्रवेश गर्न उत्साहित गर्ने आधार हुन सक्छ। तर यस सेवाको सकारात्मक विभेदको कार्यान्वयनमा रहेको सकारात्मक विभेद तथा आरक्षणको नीतिको प्रभावकारिता मूल्यांकन गरी महिलाभित्रकै आवश्यक समूह तथा समावेशी समूहमा यो नीति केन्द्रित गर्न आवश्यक हुन्छ। निजामती क्षेत्रमा महिलाको सहभागिता दर्शाउने एवं महिला कर्मचारीहरूको सम्पूर्ण तथ्याङ्क सूचना तथा जानकारी अध्यावधिक गर्ने गरी लैङ्गिक तथ्याङ्क प्रणालीमार्फत् नियमित अनुगमन तथा मूल्यांकन गर्ने र यस्ता लैङ्गिक तथ्याङ्कको र निजामती सेवामा रहेका सकारात्मक सुविधाहरूको बारेमा नियमितरूपमा प्रकाशन तथा प्रचार प्रसार गर्न सकेमा यस सेवामा महिला सहभागिता बढाउन सक्ने प्रशस्त सम्भावना रहन्छ।

लोक सेवा आयोगमा आवेदन गर्ने उम्मेदवारहरूले आफ्नो व्यक्तिगत विवरणमा उल्लेख गरेअनुसार

आवेदक कुल उम्मेदवार संख्या ३,६५,४३४ जनामध्येमा बेरोजगार महिलाहरू १,५०,८२६ जना वा ५०.३ प्रतिशत रहेका छन्। सरकारी सेवामा कार्यरत पदभन्दा माथिल्लो पदका विज्ञापनमा दरखास्त दिने महिला उम्मेदरवारहरू १६,५१२ जना वा ३५.२ प्रतिशत रहेका छन्। समग्रमा कुल उम्मेदवारहरू ३,६५,४३४ जना योग्य आवेदहकहरू मध्येवाट १,७६,६४२ जना वा ४८.३ प्रतिशत महिला उम्मेदवारहरूलाई यस सेवामा आबद्ध गराउन सकिने प्रचुर सम्भावना रहेको तथ्यलाई उम्मेदवारको रोजगारीको स्थिति प्रस्तुत गरेको तालिका नं. ८ ले उजागर गरेको छ :

**तालिका नं. ८: उम्मेदवारको रोजगारीको स्थिति**

| रोजगारीको स्थिति | महिला | पुरुष | जम्मा | पेशागत प्रतिशत | महिलाको प्रतिशत | महिला—पुरुष अनुपात |
|---|---|---|---|---|---|---|
| बेरोजगार | १५०८२६ | १४९१३५ | २९९९६१ | ८२.१ | ५०.३ | १.०१ |
| सरकारी सेवा | १६५१२ | ३०३९१ | ४६९०३ | १२.८ | ३५.२ | ०.५४ |
| गैरसरकारी सेवा | ३४६१ | ३०५९ | ६५२० | १.८ | ५३.१ | १.१३ |
| स्वरोजगार | २९८ | ७६६ | १०६४ | ०.३ | २८.० | ०.३९ |
| अन्य | ५५४५ | ५४४१ | १०९८६ | ३.० | ५०.५ | १.०२ |
| जम्मा | १७६६४२ | १८८७९२ | ३६५४३४ | १०० | ४८.३ | ०.९४ |

*स्रोतः लोक सेवा आयोगको ६३औं वार्षिक प्रतिवेदन पेज नं. ५२*

**नेपालको निजामती सेवामा महिला सहभागिता वृद्धि गर्ने उपायहरू**

माथि प्रस्तुत गरिएका विभिन्न तालिकाको तथ्याङ्क सहितको विवरणको आधारमा नेपालको निजामती सेवामा महिलाको सहभागिता आशातित रूपमा बढ्न सकेको छैन। यस सेवामा सिफारिस भएका उम्मेदवारहरूको आधारमा राष्ट्रिय औसत हेर्दा सेवाका सूचकहरू सबै सेवा समूहमा समानरूपमा लागु हुन सकेको छैन। निजामती सेवामा महिलाहरूको सहभागिता दरमा संख्यात्मक तवरको सकारात्मक वृद्धि भएको छ तर नीति निर्माण र निर्णायक तहमा अझै पनि महिला सहभागिताको संख्यात्मक र गुणात्मक बढोत्तरी हुन सकेकै छैन। यस सेवामा कार्यरत महिलाको गुणात्मक र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने विषय चुनौतीको रूपमा रहेको छ। निजामती सेवामा रहेका नीति निर्माण र निर्णय प्रक्रियामा महिला सहभागिता अभिवृद्धि गर्न विद्यमान लैङ्गिक, सामाजिक, आर्थिक, राजनैतिक, कानुनी र कार्यशैलीगत विभेद तथा समस्याहरूलाई तत् तत् विषयवस्तुमा पुनरावलोकन गर्दै महिलाभित्रका समूह र समावेशीकरणलाई सूक्ष्मरूपमा विश्लेषण गरी कार्यान्वयनमा लगेर निराकरण गर्दै जानु आजको अपरिहार्य आवश्यकता हो। निजामती सेवामा महिला सहभागिता वृद्धि गर्ने उपायहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छः

**क) सामाजिक संरचना, मूल्य मान्यता र सोचमा परिवर्तन गर्न आवश्यक छ**

नेपाली समाज पितृसतात्मक सोच, मूल्य र मान्यताबाटै निर्देशित छ। संविधान र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय

विषयगत कानुन, ऐन नियम तथा प्रतिबद्धताहरूले महिला र पुरुषको समान सहभागिताको व्यवस्था गरे तापनि व्यवहारिक रूपमा सामाजमा सन्तानलाई दिने मान्यता र अवसरमा विभेद कायमै छ। महिला भएकै कारण सानैदेखि घरभित्रकै सम्पूर्ण काम गर्नुपर्ने सोच छ। प्रजनन भूमिका, घरपरिवारको हेरचाह, वालवच्चा तथा वृद्धवृद्धाहरूको पालनपोषण र स्याहारसम्भार लगायतको रेखदेख र खेतीपाती तथा पशुपालन आदिमा महिलाको संलग्नता पुरुषको तुलनामा बढी छ। घरायसी कामकाजमा पुरुषको साझेदारी न्यून हुनुले महिलाहरूलाई कार्यबोझ बढी हुनुजस्ता कारण महिलाहरूको निजामती सेवामा प्रवेश र निति निर्माण तहमा महिलाको सहभागितामा वृद्धि हुन सकिरहेको छैन। महिलाहरूको क्षमता विकास गर्न नेपालको सामाजिक संरचना, मूल्य मान्यता र सोचमा परिवर्तन गरी लैङ्गिक भूमिकामा रूपान्तरण गर्नुपर्ने देखिन्छ। महिलाको कामको क्षेत्र परिवर्तन भएकोले महिलाको लैङ्गिक भूमिकामा रूपान्तरण गर्ने गरी पुरुष सहभागिता तथा सहकार्यलाई प्रोत्साहन गर्ने, महिलाको श्रम र समयको बचत हुने गरी प्रविधिको प्रयोगमा जोड दिने तथा यस्ता प्रविधिलाई सर्वसुलभ तथा सहुलियतमा उपलब्ध गराई महिला हुर्किएको घरपरिवार र समाजबाटै अधिकार र अवसरमा रहेको विभेद हटाई काम र जिम्मेवारीमा साझेदारीको मान्यता स्थापित गराउन सकेमा मात्र महिलाहरूको समग्र विकासको सन्दर्भमा नदेखिने वा पारदर्शी अवरोध हटाई निजामती सेवामा महिलाहरूको सहभागितालाई संख्यात्मक र गुणात्मक वद्धि गर्न सकिनेछ।

**ख) महिलाको शैक्षिकस्तरमा वृद्धि गर्ने र सूचनामा पर्याप्त पहुँच प्रदान गर्न आवश्यक छ**

नेपालमा पुरुषको तुलनामा महिलाको साक्षरता दर कमी छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालको राष्ट्रिय साक्षरता दर ७६.२ प्रतिशत रहेकोमा पुरुष साक्षरता दर ८३.६ प्रतिशत र महिला साक्षरता दर ६९.४ प्रतिशत रहेको छ। यसै सन्दर्भमा महिलाहरूको साक्षरता दर बढाउन राज्य तथा समाजले नीतिगत र व्यवहारिक सुधार गर्नु आवश्यक छ। घरपरिवारदेखि नै महिलाको शैक्षिकस्तरमा वृद्धि गर्न आवश्यक सहयोग पुऱ्याउनुपर्छ। पाठ्यसामग्रीसँगै आधुनिक प्रविधियुक्त शिक्षा तथा सूचनामा समग्र महिलाहरूलाई सहज पहुँच पुऱ्याई निजामती सेवालाई आवश्यक पर्ने विशेष ज्ञान तथा सीप हासिल गर्ने खालको पाठ्यक्रम अनुसारको सैद्धान्तिक तथा व्यवहारिक शिक्षामा जोड दिंदै महिलाको सहभागिता वृद्धिमा ध्यान दिनुपर्ने हुन्छ। स्थानीयस्तरदेखि नै गरिब घरपरिवारका, दुर्गम क्षेत्रका, आर्थिक तथा सामाजिक रूपले पिछडिएका वर्ग, समुदाय र क्षेत्रमा रहेका महिला, धार्मिक तथा भाषिक अल्पसंख्यक समूहका महिलाको शैक्षिकस्तर अभिवृद्धि गर्ने गरी कार्यक्रम तय गरी लागु गर्नुपर्ने देखिन्छ। यस्ता कार्यक्रमहरूको कार्यान्वयन पक्षको नियमित अनुगमन तथा प्रभावको विश्लेषण गरी समग्र महिलाहरूलाई निजामती सेवामा दरखास्त दिनेदेखि सिफारिस हुनेसम्मको प्रक्रियामा सहभागी हुन अभिप्रेरित गर्नु आजको आवश्यकता हो। यसका लागि स्थानीय स्तरदेखि नै निजामती सेवा प्रवेश गर्नका लागि आवश्यक पर्ने शैक्षिक योग्यता पूरा गरेका महिलाहरूलाई लोक सेवा आयोगको पाठ्यक्रम अनुसारको विभिन्न सेवागत तवरको निजामती सेवा प्रवेशको तयारी कक्षा सहितको क्षमता विकासकेन्द्रित जनचेतना र प्रशिक्षणको कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ। सबै तहका निकायहरूले सूचनामा महिलाहरूको पहुँच वृद्धि गर्ने तथा सरकारी सेवामा रहेका महिला कर्मचारीहरूलाई सेवामा

आकर्षण बढाउने गरी अभिमुखीकरण, सचेतनामूलक तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ। महिलाको कामको क्षेत्र परिवर्तन भएकोले महिलाको लैङ्गिक भूमिकामा रूपान्तरण गर्ने गरी पुरुष सहभागिता तथा सहकार्यलाई प्रोत्साहन गर्ने, महिलाको श्रम र समयको बचत हुने गरी प्रविधिको प्रयोगमा जोड दिने तथा यस्ता प्रविधिलाई सर्वसुलभ तथा सहुलियतमा उपलब्ध गराउने व्यवस्था हुनुपर्छ।

**ग) महिला कर्मचारी स्वयंले आत्मविश्वास वृद्धि गर्दै जोखिम लिन सक्ने क्षमताको विकास गर्नुपर्ने हुन्छ।**

महिला हुर्किएको समाजको सामाजिक संरचना, मूल्यमान्यता, उनले आर्जन गरेको शिक्षा र ज्ञानको स्तर, आर्थिक स्रोत तथा साधनमा महिलाको स्वामित्व तथा नियन्त्रणको अवस्था, आर्थिक परनिर्भरताको अवस्था आदिको सूक्ष्म प्रभावको कारणले गर्दा निजामती सेवामा कार्यरत महिलाहरूको आत्मविश्वास कमजोर रहेको हुन्छ। आफ्नो कार्य क्षमतालाई चिन्न नसक्दा समकक्षी पुरुष कर्मचारीहरूले सोही अवसरको सदुपयोग गरिरहेको जानकार हुँदैनन् महिला कर्मचारीहरू। आफूमा भएको सीप, ज्ञान र क्षमतामा रही निर्णय गर्न सक्ने पर्याप्त आधार तथा सम्भावना हुँदाहुँदै पनि आत्मविश्वासको कमी भएकाले महिलाहरूले तत्काल निर्णय गर्न नसक्ने अवस्था छ। निर्णय गर्न पुरुष समकक्षीलाई सोध्ने वा उनीहरूको मनोभावअनुसार निर्णय गर्ने वा बढी नै भावुक भएर गर्ने कारणले गर्दा पनि महिलाहरूले आफूलाई अब्बल रूपमा स्थापित गर्न सकेका छैनन्। निर्णय गर्दा जोखिम बहन गर्ने क्षमतामा पनि महिला कर्मचारी पुरुषको तुलनामा पछि परेको कारणले निजामती क्षेत्रमा सैद्धान्तिक प्रक्रियामा अब्बल सावित भै सिफारिस भै आएका महिला कर्मचारीहरू पनि नीति निर्माण तहको कार्यक्रम तथा छलफलमा सहज सहभागी हुने वातावरणबाट वन्चित रहेको पाइन्छ। महिलाहरूको आत्मविश्वास अभिवृद्धि गराउने प्रकृतिका कार्य जिम्मेवारी दिएर जवाफदेही कर्मचारी बनाउनतर्फ सबै निकाय सजग हुनु आवश्यक छ। महिला कर्मचारी स्वयं पनि आत्मविश्वासले पूर्ण भै निर्णय गर्न सक्ने पर्याप्त कानुनी आधार तथा सम्भावना भएसम्म कुनै पनि निर्णय गर्ने जोखिम लिन सक्ने क्षमताको विकास स्वयंले नै गर्न आवश्यक छ।

**घ) महिलामा भएको ज्ञान, सीप, क्षमता, योग्यता र कौशलताप्रति विश्वास गर्ने तथा सेवाको स्वीकार गर्ने प्रवृत्तिको विकास हुनुपर्ने छ।**

निजामती सेवामा कतिपय अवस्थामा कानुनीरूपमा बाध्यकारी भए पनि व्यवहारिक रूपमा महिलाको नेतृत्व र नियन्त्रणलाई सहजै स्वीकार गर्न सकेको पाइँदैन। यसले महिला कर्मचारी स्वयंलाई आफूमा भएको क्षमतामा अवमूल्यन गर्न बाध्य पार्ने र आफूमा भएको योग्यता, क्षमताप्रति नै निराशा पैदा हुन सक्ने जोखिम सिर्जना गर्दछ। महिलाले सबै क्षेत्रमा समानरूपले कार्य सम्पादन गर्ने क्षमता हुँदाहुँदै पनि मनोवैज्ञानिक त्रास वा महिलाको क्षमता, योग्यता तथा विज्ञताप्रति पूर्ण रूपमा विश्वास गर्न नसकेको कारणले महिलालाई निर्णायक तहको जिम्मेवारी कम दिइने वा सकेसम्म जिम्मेवारी नदिने कारणबाट पनि नीति निर्माण र निर्णायक तहमा महिलाको सहभागिता कम देखिएको छ। निजामती सेवामा रहेका सीमित सह-सचिवहरूलाई महिला कर्मचारी भएकै कारण पनि कार्यालयको प्रमुख भूमिकामा नराखी उपमहानिर्देशक तथा उपप्रमुखको भूमिकामा पदस्थापन गर्ने र शाखाको जिम्मेवारी दिंदा पनि

कार्यालय सञ्चालनको जिम्मेवारी दिने तर नीति निर्माणको कार्यमा सहभागिता हुनुपर्ने र राष्ट्रिय गौरवका कार्यक्रम भएका कार्य जिम्मेवारी पुरुष कर्मचारी भएसम्म पुरुषलाई नै प्राथमिकतामा राखिदिएको पाइन्छ। समग्रमा महिलाको भूमिका, क्षमता, र कार्यसम्पादनमा कायम रहेको विश्वासको खाडल कम गरी निजामती सेवामा महिलापुरुषको अवस्था वा हैसियत समान बनाउन महिलामा भएको ज्ञान, सीप, क्षमता, योग्यता र कौशलताप्रति विश्वास गर्दै महिला कर्मचारीहरूलाई पनि भ्रष्टाचारमुक्त शुसासनका लागि जिम्मेवार र जवाफदेही राष्ट्रसेवकको पहिचान दिनु आवश्यक छ।

**ङ) महिला तथा बालबालिकाउपर हुने शारीरिक, मानसिक तथा यौनजन्य हिंसाको अन्त्य आवश्यक छ।**

नेपाली समाजमा महिला हिंसाको प्रमुख कारकको रूपमा अशिक्षा, अभाव, अन्धविश्वास, पछौटेपन, हानिकारक प्रथा, प्रचलन र अभ्यास रहेको पाइन्छ। महिला विरुद्ध हुने शारीरिक, मानसिक तथा यौनजन्य हिंसाको संख्या दिनप्रतिदिन वृद्धि हुँदै जाँदा महिलाहरूको समग्र विकासमा अवरोध पैदा गराएको छ। घरपरिवार, नजिकका आफन्त, चिनेजानेका व्यक्तिवाट महिला र बालबालिका बढी पीडित हुने गरेका कारण चाहे जसरी व्यक्तित्व विकास र क्षमता अभिवृद्धि गर्न कठिनाइ भएको छ। यस किसिमको हिंसाले महिलाको शारीरिक, मानसिक तथा आर्थिक क्षति हुनुको साथै महिलाको समग्र विकासमा बाधा तथा अवरोध सिर्जना गर्दछ। विभिन्न किसिमका हिंसाले नेपाली समाजमा महिलाको सशक्तीकरण र लैङ्गिक समानताको प्राप्ति र विकासमा ठूलो चुनौती खडा गरेको छ। महिलाहरूमाथि व्यतित भएका सामाजिक कलङ्कको रूपमा रहेको यस्ता प्रकृतिका हिंसाको अन्त्य गरी सार्वजनिक निकाय (संरचना, कार्यप्रक्रिया, कार्यसंस्कार, सञ्चार, कार्यस्थल आदि) लाई लैङ्गिक संवेदनशील, सुरक्षित तथा महिलामैत्री भएमा मात्र महिलाहरूको विशेषज्ञताको आधारमा निजामती सेवामा प्रवेश गर्ने संख्यामा वृद्धि गराउन सकिन्छ।

**च) महिलाको हकअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता र राष्ट्रिय कानुनको प्रभावकारी कार्यान्वयन गरेर।**

राज्यका सबै निकायमा महिलाहरूलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकलाई महिलाको हकको रूपमा मात्रै नभई मौलिक अधिकारको रूपमा नेपालको संविधानमा नै व्यवस्था भएको छ। दिगो विकासको लक्ष्य नं. ५ को उपलक्ष्य नं. ५.५ हासिल गर्नको लागि समयबद्ध सूचक तय गरी सन् २०३० सम्म महिलाको सहभागिता पुरुषसरह बनाउने तयारी नेपालले गरिरहेकै सन्दर्भमा नेपालले अवलम्बन गरेको समानताको नीति, सकारात्मक विभेदको नीति, सारभूत समानतामा जोड, विशेष संरक्षणको नीति र महिलाको शिक्षा तथा स्वास्थ्यको क्षेत्रमा भएको सुधार र अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयनबाट नीति निर्माण र निर्णय प्रक्रियमा महिलाको सहभागिता उल्लेख्यरूपमा वृद्धि गर्नुपर्ने छ। महिलाको सहभागिता सुनिश्चित गर्ने गरी बनाइएका विभिन्न क्षेत्रगत तथा विशिष्टीकृत ऐन, नियमावली तथा नीतिहरूको प्रभावकारी रूपमा कार्यान्वयन गरी महिलाको समानुपातिक सहभागिता सुनिश्चित गर्ने र महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मुलन गर्ने महासन्धि, बेइजिङ कार्ययोजना र दिगो विकासका लक्ष्यहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गरेमा निजामती सेवामा महिला सहभागितालाई वृद्धि गर्न सहज हुनेछ। संघ, प्रदेश र स्थानीय सरकारले अन्तर्राष्ट्रिय प्रतिबद्धता र राष्ट्रिय ऐन नियमलाई आत्मसाथ गर्दै महिलामैत्री कानुनबनाई कार्यान्वयन

गरेमा निजामती सेवामा महिला सहभागिताको संख्यात्मक र गुणात्मक वृद्धि सुनिश्चित हुनेछ।

**निष्कर्ष**

नेपालको जनसंख्याको आधाभन्दा बढी हिस्सा ओगटेका महिलाहरूको शैक्षिक तथा प्राज्ञिक स्तर, आर्थिक, सामाजिक तथा राजनैतिक अवसर, आफूमा निहित क्षमताको विकास र राज्य एवं समाजप्रदत्त अवसरको पहुँचमा भने तुलनात्मक रूपमा पछाडि परेको छ। महिलाहरू आर्थिक गतिविधि र सम्पत्तिको स्वामित्वमा कमजोर छन्। तर घर परिवार व्यवस्थापनदेखि घरायसी व्यवसायमा उनीहरू सबल र सफल रहेका छन्। महिलाहरूलाई घरपरिवारको चौघेरावाट बाहिर ल्याई उनीहरूको शक्ति, साधान र अवसरमा संख्यात्मक तथा गुणात्मक बढोत्तरी गराउन राज्यले लैङ्गिक मानकहरू जस्तैः लैङ्गिक मानक, शैक्षिक मानक, प्रजनन स्वास्थ्य र यौन मानक, अनौपचारिक क्षेत्रका कार्यको मानक र राजनैतिक आवाज एवं प्रतिनिधित्व प्रणालीको मानक परिवर्तन गर्नु आवश्यक छ। महिलाको शिक्षा, स्वास्थ्यको स्तर अभिवृद्धि गरी सशक्तीकरणको सूचक वृद्धि गर्न सकेमा मात्र महिला सहभागिता गुणस्तरीय हुनुको साथै अर्थपूर्ण हुन सक्छ। स्थानीय तहदेखि नै सबै तह र क्षेत्रमा महिलाको सहभागितामा क्रमिक सुधार हुनु आवश्यक छ। नेपालको निजामती सेवामा रहेका दरबन्दीको अवस्था, पदपूर्तिको अवस्था पदपूर्तिमा महिला कर्मचारीहरूको सहभागिता आदिको तथ्याहरूवाट यस सेवामा महिलाको सहभागितालाई संख्यात्मक तथा गुणात्मक तवरले अभिवृद्धि गर्न राज्यले अवलम्बन गरेको सकारात्मक विभेद तथा आरक्षण व्यवस्थाको  कार्यान्वयनको अनुगमन तथा यसले पारेको प्रभावको विश्लेषण गर्दै यस्ता नीतिमा पुनरावलोकन गर्दे समयसापेक्ष परिवर्तन गर्नु आवश्यक छ। निजामती सेवामा महिला सहभागिता बढाउनका लागि पदपूर्ति गर्ने प्रक्रियाका चरणदेखिनै राज्यलेनै नीतिगत हस्तक्षेपमार्फत् यसको कार्यान्वयनमा जोड दिनुपर्ने हुन्छ।

नेपाल एकात्मक शासन व्यवस्थाबाट संघीय शासन व्यवस्थामा रूपान्तरण भएको सन्दर्भमा राज्यका सबै तहको संरचनामा महिलाको हकअधिकार संस्थागत गरी नीति निर्माण र निर्णय प्रक्रियमा महिला कर्मचारीहरूको अर्थपूर्ण र प्रभावकारी सहभागिता सुनिश्चित गर्ने महत्वपूर्ण अवसर प्राप्त भएको छ। राज्यका तीनै तहको संरचनामा निजामती सेवामा महिला कर्मचारीहरूको सहभागिता अभिवृद्धि गर्न संस्थागत संयन्त्रको सुदृढीकरण र उत्तरदायित्वको विकास गर्नुपर्छ। मुख्य रूपमा महिलाको शिक्षा र स्वास्थ्यको स्तर अभिवृद्धि गरी महिला सशक्तीकरणको सूचक वृद्धि गर्न सकेमा निजामती सेवाका सबै तह र क्षेत्रमा महिला कर्मचारीहरूको सहभागितामा क्रमिक सुधार हुन्छ र सहभागिता गुणस्तरीय हुनुको साथै अर्थपूर्ण हुनसक्छ। महिला कर्मचारीहरूको नीति निर्माण र निर्णायक तहमा सहभागिता अभिवृद्धि गर्न प्रारम्भिक रूपमा शिक्षा र स्वास्थ्यमा लगानी बढाउन आवश्यक छ। नीति निर्माण र निर्णय प्रक्रियामा महिला सहभागिताले उनीहरूको व्यक्तित्व विकास हुनुको साथै नेतृत्व सीपको विकस हुन्छ। आत्मसम्मान र आत्मविश्वास वृद्धि हुन्छ। यसका साथै राजनितिक, आर्थिक र सामाजिक सशक्तीकरणको तहमा समेत वृद्धि हुन्छ। राज्यका विभिन्न तहका विविध विषयका ऐन, नियम निर्माण तथा निर्णय प्रक्रियामा महिलाको उल्लेख्य उपस्थिति हुँदा महिलामैत्री ऐन तथा नियमहरू बन्ने सम्भावना हुन्छ। यसले समाजमा वास्तविक समानताको अनुभुति गर्न सकिने वातावरणको सिर्जना गर्दछ।

**स्रोत सामग्रीहरू:**


- नेपालको संविधान, कानुन किताब व्यवस्था समिति।
- नेपालको निजामती सेवाको दीर्घकालीन सोचः एक विवेचना, चुडामणि शर्मा, स्वाभिमानी राष्ट्रसेवक मुखपत्र, २०६३, नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समिति।
- नेपालको सार्वजनिक नीति निर्माण र निर्णय प्रक्रियामा महिला सहभागिताः अवस्था र चुनौती, राधिका अर्याल, नेगो अर्थ सन्देश, २०७६, निजामती कर्मचारी संगठन, विभागीय कार्यसमिति, अर्थ मन्त्रालय।
- निजामती सेवा ऐन, २०४९
- निजामती सेवा नियमावली, २०५०
- लोक सेवा आयोगको ६३औं वार्षिक प्रतिवेदन, २०७८, लोक सेवा आयोग, काठमाण्डौं।
- व्यावसायिकता र नेपालको निजामती सेवा, वीरबहादुर राई, निजामती सेवा पत्रिका, २०७७
- समृद्ध नेपाल निर्माणको लागि निजामती सेवाको भूमिका, झक्क प्रसाद आचार्य, नेगो अर्थ सन्देश, २०७६, निजामती कर्मचारी संगठन, विभागीय कार्यसमिति, अर्थ मन्त्रालय।
- सशक्तीकरण वर्ष १८, पूर्णाङ्क २५, गोपीनाथ मैनाली, सहकारी र लैङ्गिक सशक्तीकरण पेज १७, २०७९ असार
- समावेशी निजामती सेवाः सकारात्मक विभेद तथा आरक्षणको प्रभाव, हुमकला पाण्डे, नेगो अर्थ सन्देश, २०७६, निजामती कर्मचारी संगठन, विभागीय कार्यसमिति, अर्थ मन्त्रालय।


ooo

# महिला अधिकारसम्बन्धी नेपालका कानुनहरू




✍ **श्यामसुन्दर श्रेष्ठ/आकृति माकाजू** *

## पृष्ठभूमि

जनसंख्याको हिसाबमा हेर्ने हो भने पुरुषको भन्दा बढी महिलाको संख्या रहेको देखिन्छ। तर देशको आधा जनसंख्या ओगट्ने महिलाको अवस्था पुरुषको तुलनामा दयनीय रहेको पाइन्छ। समाजमा रहेको रीतिरिवाज, संस्कारलगायत कुराहरूले महिलाहरूलाई पिछाडिएको अंकित गरिरहेको अवस्थामा समानता र विकासको हिसाबमा अगाडि बढाउनका निम्ति महिलाहरूलाई अंकित गरेर विभिन्न रूपमा निर्मित कानुनहरूद्वारा समानताको हिसाबले मिलान गर्दै लगिरहेको देख्न सक्छौं।

पछिल्ला समयमा हेर्ने हो भने महिलाहरूको हक अधिकार अन्तर्राष्ट्रिय तहमा मात्र नभई राष्ट्रिय तहमा पनि नीतिगत रूपमै संगठित हुँदै आएको छ। जस्तै विभिन्न क्षेत्रहरूमा अनिवार्य रूपमा ३३ प्रतिशत महिलाको सहभागिताले समानता, महिला सशक्तीकरण लगायतमा भूमिका खेलेको छ । तर यी कुराहरूले आजसम्म पूर्णता लिन सकेको छैन किनकि जनचेतनाको कमीले उनीहरूलाई आफ्नो अधिकारबारें नै जानकारी प्राप्त  छैन। तर बिडम्बना के छ भने जसका निम्ति र जो व्यक्तिले समान हक पाऊन् भन्ने भावनाले यो नियम बनाइएको हो यस्ता प्रयासहरू सरोकारवालाहरू साथै महिला स्वयंको जानकारीमा नभएको बुझ्न र देख्न सकिन्छ भने आफ्नो हक-अधिकारका लागि कुनै प्रकारले लडिरहेको पनि देखिरहेका हुँदैनौं। अत ःयस लेखमा महिलाहरूले उपभोग गर्न पाउने हक-अधिकारहरू उल्लेख गरेका केही कानुनहरू मात्र समावेश गरिएको छ।

## नेपाल नागरिकता ऐन, २०६३

**५. अङ्गीकृत नेपाली नागरिकता प्राप्ति :** (१)  नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा तोकिएको अधिकारीसमक्ष तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ। त्यसरी निवेदन दिंदा नेपाली नागरिकसँग भएको वैवाहिक सम्बन्धको र आफुले विदेशी नागरिकता त्याग्ने कारबाही चलाएको निस्सा पनि साथै पेश गर्नुपर्नेछ।

**८. नागरिकताको प्रमाणपत्र प्राप्तिको लागि निवेदन दिनुपर्ने:** (१)  दफा ३ बमोजिम वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने सोह्र वर्ष उमेर पूरा भएको व्यक्तिले तोकिएको अधिकारीसमक्ष

---

* *महासचिव/समाजसेवी, सा:फु (सबैका लागि शिक्षा)*

देहायका कागजातका प्रतिलिपि संलग्न राखी निवेदन दिनुपर्नेछ :

क) बाबु वा आमा वा आफ्नो वंशतर्फका तीन पुस्ताभित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र,

तर विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाको हकमा यो व्यवस्था लागु हुने छैन।

**महिलाको राजनीतिक अधिकारसम्बन्धी महासन्धि**

**धारा १ :** महिलाहरूले कुनै पनि भेदभावबिना पुरुषसरह सबै निर्वाचनहरूमा मतदान गर्न पाउनेछन्।

**धारा २ :** महिलाहरूले कुनै पनि भेदभावबिना पुरुषसरह राष्ट्रिय कानुनद्वारा स्थापित सार्वजनिकरूपले निर्वाचित हुने सबै निकायहरूको निर्वाचनका लागि योग्य हुनेछन्।

धारा ३: महिलाहरूले कुनै पनि भेदभावबिना पुरुषसरह राष्ट्रिय कानुनद्वारा स्थापित सार्वजनिक पद धारण गर्न र सम्पूर्ण सार्वजनिक कामहरू गर्न पाउनेछन्।

**राष्ट्रिय महिला आयोग ऐन, २०६३**

**परिच्छेद–३ आयोगको काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था**

**११. आयोगको काम, कर्तव्य र अधिकारः** (१) आयोगको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) महिलाको हकहितसँग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकारसमक्ष पेश गर्ने,

(ख) महिलाको हकहितसँग सम्बन्धित प्रचलित कानुनको पालना भए वा नभएको वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धिअन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यान्वयन नभएको भए सोको पालना वा कार्यान्वयनको लागि नेपाल सरकारसमक्ष सुझाव दिने,

(ग) महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्नका लागि लागु गरिएका नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,

(घ) महिला विरुद्धका भेदभाव तथा सामाजिक कुरीतिविरुद्ध जनचेतना अभिवृद्धि गर्ने वा गराउने,

(ङ) विभिन्न मन्त्रालयसँग सम्बन्धित नीति तथा कार्यक्रमको लैङ्गिक न्यायको दृष्टिकोणबाट प्रभावकारी भए नभएको विश्लेषण गर्ने गराउने,

(च) लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित प्रचलित कानुनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानुनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने,

(छ) नेपाल सरकार अन्तर्गतको कुनै कार्यालय, निकाय वा प्रचलित कानुनबमोजिम संस्थापना भएको सरकारी, गैरसरकारी वा निजी संस्थाको भ्रमण, निरीक्षण, अवलोकन गर्ने र महिलाको अधिकार संरक्षणको लागि त्यस्ता कार्यालय, निकायको काम, कारवाही र भौतिक सुविधाजस्ता विषयमा गर्नुपर्ने सुधारको सम्बन्धमा नेपाल सरकार वा सम्बन्धित निकायलाई सुझाव दिने,

(ज) महिला अधिकारसम्बन्धी नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएको व्यवस्थाबमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारले पठाए वा नपठाएको अनुगमन गर्ने,

(झ) महिला अधिकारबाट वञ्चित, पीडित वा असहाय महिलालाई आवश्यक कानुनी सहायता प्रदान गर्न आवश्यक व्यवस्था गर्ने,

(ञ) महिलाको हकहित र सरोकारको विषयमा आवश्यकतानुसार सार्वजनिक सुनुवाइ गर्ने,

(ट) आयोगको वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृत गर्ने।

**कारागार ऐन, २०७९**

**दफा ८ कारागारको सुरक्षा :** (३) यस ऐनबमोजिम हुने वा कैदमा रहेका महिला बन्दी सुरक्षाको लागि सुरक्षाकर्मी खटाउँदा महिला सुरक्षाकर्मी खटाउनुपर्नेछ।

**दफा १० तलासी लिने :** दफा ९ बमोजिम कुनै व्यक्तिलाई कारागारमा राख्नको लागि पठाइएकोमा निजलाई कारागारभित्र प्रवेश गराउनु पुर्व सुरक्षा प्रयोजनको लागि खटिएको सुरक्षाकर्मीबाट निजको शरीर तलासी लिनुपर्नेछ। यसरी तलासी लिंदा महिलाको हकमा महिला सुरक्षाकर्मीबाट तलासी लिनुपर्नेछ।

**परिच्छेद -४ कारागारको पूर्वाधार**

**दफा १५ बसोबासको छुट्टाछुट्टै व्यवस्था गर्ने :** (२) प्रत्येक कारागारमा महिला र पुरुष बन्दी बस्नको लागि छुट्टाछुट्टै भवनको व्यवस्था गर्नुपर्नेछ।

तर त्यस्तो भवनको व्यवस्था नभएसम्मको लागि महिला र पुरुषबन्दीलाई आवतजावतको छुट्टाछुट्टै व्यवस्था गरी भवनको भिन्दाभिन्दै भाग (ब्लक) मा राख्नुपर्नेछ।

(३) कारागारमा महिला र पुरुष बन्दीको लागि छुट्टाछुट्टै शौचालय र स्नानगृहको व्यवस्था गर्नुपर्नेछ।

**दफा १९ बन्दीको लागि अन्य सुविधा तथा पूर्वाधार :** (३) कारागार प्रशासकले कारागारमा रहेका महिला बन्दीलाई आवश्यक पर्ने सेनेटरी प्याडलगायत प्रजनन स्वस्थसम्बन्धी सामग्री निशुल्क उपलब्ध गराउने व्यवस्था मिलाउनुपर्नेछ।

**दफा २० राशन तथा पोशाकसम्बन्धी व्यवस्था :** कारागार प्रशासकले दीर्घरोगी, मानसिक रोगी वा कडारोग लागेका, गर्भवती तथा सुत्केरी बन्दीको लागि उपदफा (१) बमोजिमको राशनको अतिरिक्त थप पौस्तिक आहाराको व्यवस्था गर्नुपर्नेछ।

**घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६**

**दफा १३ सजाय :** उपदफा (४) सार्वजनिक जवाफदेहीको पदबहाल रहेको कुनै व्यक्तिले आफ्नो पत्नी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, नाबालक वा गर्भवती महिलाविरुद्ध यस ऐन बमोजिमको कसुर गरेमा निजलाई थप दश प्रतिशत सजाय हुनेछ।

**मुलुकी देवानी संहिता, २०७४**

**भाग – ३ पारिवारिक कानुन**

**परिच्छेद – १ विवाहसम्बन्धी व्यवस्था**

**दफा ७३ विवाह बदर गराउन सक्ने :** (२) उपदफा (१) जुनसुकै कुरा लेखिएको भए तापनि विवाहको परिणामस्वरूप कुनै महिला गर्भवती भएमा वा निजबाट शिशु जन्मिएमा निजको मञ्जुरी भएमा मात्र विवाह बदर हुन सक्नेछ।

**दफा ७४ शारीरिक सम्पर्कबाट शिशु जन्मेमा विवाह भएको मानिने :** (१) दफा ६९ को उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पुरुषको शारीरिक सम्पर्कबाट महिलाले गर्भधारण गरी शिशु जन्मिएको प्रमाणित भएमा त्यस्तो पुरुष र महिलाबिच स्वतः विवाह भएको मानिनेछ।

**दफा ८१ विवाहित महिलाको थर प्रयोगसम्बन्धी व्यवस्था :** (१) विवाहित महिलाले विवाहपछि बाबु वा आमाले प्रयोग गरेको थर वा निजको पतिको थर वा दुवै थर प्रयोग गर्न सक्नेछिन्।

(२) विवाहित महिलाको थरको सम्बन्धमा कूनै प्रश्न उठेमा अन्यथा प्रमाणित भएकोमा बाहेक निजले आफ्नो पतिको थर प्रयोग गरेको मानिनेछ।

(३) पतिको थर प्रयोग गरेकी महिलाको सम्बन्ध विच्छेद भएमा निजले चाहेमा निजको बाबु वा आमाले प्रयोग गरेको थर प्रयोग गर्न सक्नेछिन्।

**दफा ८२ वैवाहिक सम्बन्ध अन्त्य भएको मानिने :** देहायका कुनै अवस्थामा पतिपत्नी बिचको वैवाहिक सम्बन्ध अन्त्य भएको मानिनेछ।

क) दफा ७२ वा ७३ बमोजिम विवाह बदर भएमा,

ख) कानुनबमोजिम पतिपत्नीको सम्बन्ध विच्छेद भएमा,

ग) पत्नीले कानुनबमोजिम सम्बन्ध विच्छेद नहुँदै अर्को विवाह गरेमा।

**दफा ८३ पुन: विवाह गर्न सक्ने :** यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कुनै अवस्थामा पुरुष वा महिलाले पुनः विवाह गर्न सक्नेछ।

क) दफा ८२ बमोजिम पतिपत्नीबिच वैवाहिक सम्बन्ध अन्त्य भएमा,

ख) पति वा पत्नीको मृत्यु भएमा,

ग) पति वा पत्नीले कानुन बमोजिम अंशबण्डा गरी भिन्न भएमा।

## मुलुकी देवानी संहिता २०७४

### परिच्छेद -२ विवाहको परिणामसम्बन्धी व्यवस्था

दफा ८७ पतिको घरबास स्थान मानिनेः पति र पत्नीले आपसी समझदारीमा छुट्टै बासस्थान निर्धारण गरेकोमा बाहेक पत्नीको बासस्थान पतिको घरमा कायम भएको मानिनेछ।

## मुलुकी देवानी संहिता २०७४

### परिच्छेद -३ सम्बन्ध विच्छेदसम्बन्धी व्यवस्था

दफा ९५ पत्नीले सम्बन्ध विच्छेद गर्न सक्नेः (१) पत्नीले देहायका कुनै अवस्थामा पतिको मन्जुरी नभएमा पनि सम्बन्ध विच्छेद गर्न सक्नेछिन्।

क) कानुन बमोजिम अंश लिई वा छुट्टिई पतिपत्नी भिन्न बसेको अवस्थामा बाहेक पतिले पत्नीको मन्जुरी नलिई लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,

ख) पतिले पत्नीलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,

ग) पतिले पत्नीको अङ्गभंग हुने वा अरू कुनै ठुलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जालप्रपञ्च गरेमा,

घ) पतिले अर्को विवाह गरेमा,

ङ) पतिले अन्य महिलासँग यौन सम्बन्ध राखेको ठहरेमा,

च) पतिले पत्नीलाई जबरजस्ती करणी गरेको ठहरेमा।

**दफा ९९ सम्बन्ध विच्छेद गर्नुअघि अंशबण्डा गर्नुपर्नेः** (१) पतिको कारणबाट पतिपत्नीबिच सम्बन्ध विच्छेद हुने अवस्थामा पत्नीले माग गरेमा सम्बन्धित अदालतले सम्बन्ध विच्छेद गर्नुअघि पतिपत्नीबिच अंशबण्डा गर्न लगाउनुपर्नेछ।

(२) दफा ९५ को खण्ड (ख), (ग), (घ), (ङ) वा (च) बमोजिमको आधारमा पत्नीले सम्बन्ध विच्छेदको लागि निवेदन गरेकोमा उपदफा (१) को प्रयोजनको लागि पतिको कारणबाट सम्बन्ध विच्छेद हुने अवस्था भएको मानिनेछ।

**दफा १०१ खान लगाउने खर्च भराई दिन सक्ने :** दफा ९९ बमोजिम अंशबण्डा गर्नुपर्दा कुनै सम्पत्ति नभई पतिबाट अंश नपाएकी पत्नीले पतिबाट खानलाउँने खर्च भराउन चाहेमा र पतिको आम्दामी भएमा अदालतले त्यस्तो पत्नीलाई सम्बन्ध विच्छेद भएको पतिको आम्दानीको आधारमा खान लगाउने खर्च भराई दिन सक्नेछ।

तर,

(१) त्यस्ती पत्नीले अर्को विवाह गरेमा त्यस्तो खर्च दिनुपर्ने छैन।

(२) पतिको भन्दा पत्नीको आम्दानी बढी भएमा त्यस्तो खर्च दिनुपर्ने छैन।

## मुलुकी देवानीसंहिता २०७४

### परिच्छेद १० अंशबण्डासम्बन्धी व्यवस्था

**दफा २१० पछिल्लो पत्नी वा सन्तानले पति वा बाबुको भागबाट अंश पाउने :** (१) कुनै व्यक्तिले पत्नी, छोराछोरीसँग अंशबण्डा गरी भिन्न भएपछि वा त्यसरी भिन्न भएकोसँग आफ्नो अंश मिलाई सँगै बसेको अवस्थामा आर्को विवाह गरेमा वा त्यसरी विवाह गरेकी पत्नीबाट छोराछोरी जन्मिएमा त्यस्ता पत्नी वा छोरा, छोरीले पति वा बुबाको अंश भागबाट मात्र अंश पाउनेछन्।

(२) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पत्नी जीवित हुने कुनै व्यक्तिले अंश नहुँदै अर्को विवाह गरेमा अन्य अंशियारको अंश भाग छुट्टयाई आफुले पाउने अंश भागबाट त्यसरी विवाह गर्ने महिलालाई अंश दिनुपर्नेछ।

**दफा २१३ पति वा पत्नीले अंश लिई भिन्न हुन सक्ने :** (१) दफा २११ मा जुनसुकै कुरा लेखिएको भए तापनि पति वा पत्नीले देहायका कुनै अवस्थामा जहिलेसुकै आफ्नो अंश लिई भिन्न हुन सक्नेछ।

(क) पति वा पत्नीले पत्नी वा पतिलाई घरबाट निकाला गरिदिएमा,

(ख) पति वा पत्नीले पत्नी वा पतिलाई शारीरिक वा मानसिक यातना दिएमा,

**दफा २१४ विधवाले अंश लिई भिन्न हुन सक्ने :** (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विधवाले जहिलेसुकै आफ्नो अंश लिई भिन्न हुन सक्नेछ।

(२) विधवाले अर्को विवाह गरेमा निजले अंशबापत पाएको सम्पत्ति त्यस्ती विधवाको अघिल्लो पतितर्फ छोराछोरी भएमा त्यस्तो छोराछोरीले र नभएमा निज आफैले लिन पाउनेछन्।

## मुलुकी अपराध संहिता २०७४

### परिच्छेद ११ विवाहसम्बन्धी कसुर

**दफा १७५ बहुबिबाह गर्न नहुने :** (२) कुनै पुरुष विवाहित हो भन्ने जानीजानी त्यस्तो पुरुषसँग कुनै महिलाले विवाह गर्नु हुँदैन।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि पतिपत्नीले कानुन बमोजिम अंशबण्डा गरी भिन्न भएमा पुरुष वा महिलाले पुनःविवाह गर्न सक्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिम कसुर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षदेखि पाँच वर्षसम्मकै दर दश हजारदेखि पचास हजार रुपियाँसम्म जरिवाना हुनेछ।

### परिच्छेद १३ गर्भ संरक्षण विरुद्धको कसुर

**दफा १८८ गर्भपतन गर्न नहुने :** (२) कसैले गर्भवती महिलालाई करकाप गरी वा धम्कि दिई वा ललाईफकाई वा प्रलोभनमा पारी गर्भपतन गराउन हुँदैन।

(३) उपदफा (१) वा (२) बमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई देहाय बमोजिमको सजाय हुनेछ।

(क) बाह्र हप्तासम्मको गर्भ भए एक वर्षसम्मकै दर दश हजार रुपियाँसम्म जरिवाना

(ख) बाह्र हप्ताभन्दा बढी पच्चीस हप्तासम्मको गर्भ भए तीन वर्षसम्मकै दर तिस हजार रुपियाँसम्म जरिवाना

(ग) पच्चीस हप्ताभन्दा बढीको गर्भ भए पाँच वर्षसम्म कैद पचास हजर रुपियाँसम्म जरिवाना।

(५) कसैले कुनै गर्भवती महिलाको ज्यान लिए उद्योग गर्दा त्यस्तो महिला नमरी निजको गर्भमा रहेको पच्चीस हप्ता वा पच्चीस हप्ताभन्दा बढी अवधिको गर्भपतन हुन गएमा सो काम गर्ने कसुरदारलाई यस ऐन वा अन्य कानुन बमोजिमको सजायमा थप पाँच वर्षसम्म कैद हुनेछ।

**परिच्छेद - १८ करणीसम्बन्धी कसूर**

**दफा २१९ जबर्जस्ती करणी गर्न नहुने :** (२) कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा मन्जुरी लिएर भएपनि अठार वर्षभन्दा कम उमेरको कुनै बालबालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जबर्जस्ती करणी गरेको मानिनेछ।

**स्पष्टीकरण : यस परिच्छेदको प्रयोजनको लागि,**

(क) करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी वा शरीर बन्धक लिई लिएको मन्जुरिलाई मन्जुरी मानिने छैन।

(ख) होश ठेगानमा नरहेको अवस्थामा लिएको मन्जुरीलाई मन्जुरी मानिने छैन,

(ग) गुदद्वार वा मुखमा लिङ्ग पसाएमा, गुदद्वार, मुख वा योनिमा लिङ्ग केही मात्र परेको भएमा, लिङ्गबाहेक अन्य कुनै वस्तु योनीमा प्रवेश गराएमा पनि जबर्जस्ती करणी गरेको मानिनेछ।

(३) जबर्जस्ती करणी गर्ने व्यक्तिलाई त्यसरी करणी गर्दाको परिस्थिति र महिलाको उमेर हेरी देहायबमोजिम कैद हुनेछः

(क) दश वर्षभन्दा कम उमेरकी बालिका भए सोह्र वर्षदेखि बिस वर्षसम्म,

(ख) दश वर्ष वा दश वर्षभन्दा बढी चौध वर्षभन्दा कम उमेरकी बालिका भए चौध वर्षदेखि सोह्र वर्षसम्म,

(ग) चौध वर्ष वा चौध वर्षभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिका भए बाह्र वर्षदेखि चौध वर्षसम्म

(घ) सोह्र वर्ष वा सोह्र वर्षभन्दा बढी अठार वर्षभन्दा कम उमेरकी महिला भए दश वर्षदेखि बाह्र वर्षसम्म

(ङ) अठार वर्ष वा अठार वर्षभन्दा बढी उमेरकी महिला भए सात वर्षदेखी दश वर्षसम्म।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा पतिले पत्नीलाई जबर्जस्ती करणी गरेमा पाँच वर्षसम्म कैद हुनेछ।

तर देहायको अवस्थामा वैवाहिक सम्बन्ध कायम रहेको मानिने छैनः

(क) पतिसँग मानो छुट्टिई अंश मुद्धा चलेको,

(ख) पतिसँग अंश दिई छुट्टै बसेको,

(ग) पतिसँग सम्बन्ध विच्छेद मुद्धा चलेको।

(५) उपदफा (४) बमोजिम अवस्थामा पीडितको निवेदन मागबमोजिम आवश्यक भएमा अदालतले पतिको नाममा देहाय बमोजिमको आदेश जारी गर्न सक्नेछ।

(क) पत्नीलाई निज बसिआएको घरमा नै बसोबास गर्न दिन, पत्नीलाई खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न लगाउन,

(ख) पत्नीलाई आवश्यक उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन लगाउन,

(ग) दुवैलाई एउटी ठाँउमा बसोबास गर्न उपयुक्त हुने नदेखिएमा पतिलाई अलग बस्ने व्यवस्था गर्न तथा त्यसरी अलग बस्दा पत्नीको भरणपोषणको लागि आवश्यक व्यवस्था गर्न लगाउन,

(घ) पत्नीलाई कुनै प्रकाले दुःख दिने वा सताउने कार्य नगर्न र पत्नीको हित र सुरक्षाको निमित्त आवश्यक र उपयुक्त कुरा गर्न गराउन।

(७) सामूहिकरूपमा जबर्जस्ती करणी गरेमा वा चार महिनाभन्दा बढीको गर्भवती, अशक्त वा अपाङ्ग वा शारीरिक वा मानसिक रूपमा अस्वस्थ महिलाई वा हातहतियार देखाई जबर्जस्ती करणी गरेमा उपदफा (३) मा लेखिएको सजायमा थप पाँच वर्षसम्म कैद सजाय हुनेछ।

(८) कसैले हाडनाताकी महिलालाई जबर्जस्ती करणी गरेकोमा निजलाई हाडनाता करणीमा सजाय हुने रहेछ भने यस परिच्छेद बमोजिमको सजायमा हाडनाताको करणीमा हुने सजायसमेत थप हुनेछ।

**स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९**

**दफा ५ प्रतिष्ठानको कार्यालय :** (२) प्रतिष्ठानले आवश्यकताअनुसार नेपालको प्रशिक्षण केन्द्र, नगर विकास प्रशिक्षण केन्द्र तथा महिला विकास प्रशिक्षण केन्द्र स्थापना गर्न सक्नेछ।

**स्थानीय तह निर्वाचन ऐन, २०७३**

**परिच्छेद – २ निर्वाचन कार्यक्रम तथा निर्वाचन प्रणाली**

**दफा ६ निर्वाचन प्रणाली :** (२) गाउँपलिका वा नगरपालिकाको वडा समितिका एक जना दलित

महिलासहित दुई महिला वडा सदस्य र दुई वडा सदस्यको निर्वाचनमा गोप्य मतदानको प्रक्रियाद्वारा प्रत्येक सदस्यको लागि दिइने एक एकमतको आधारमा सबैभन्दा बढी मत ल्याउने दुईदुई जना निर्वाचित हुने निर्वाचन प्रणाली अपनाइनेछ।

(३) गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाका महिला सदस्यको लागि सम्बन्धित गाउँसभा वा नगरसभाका सदस्यले आफ्नोमध्येबाट गाउँ कार्यपालिकाको हकमा सबैभन्दा बढी मत प्राप्त गर्ने चार जना र नगर कार्यपालिकाको हकमा सबैभन्दा बढी मत प्राप्त गर्ने चार जना र नगर कार्यपालिकाको हकमा सबैभन्दा बढी मत प्राप्त गर्ने पाँच जना निर्वाचित हुने निर्वाचन प्रणालीको आधारमा गोप्य मतदानद्वारा निर्वाचन गर्नेछन्।

(५) जिल्ला समन्वय समितिको लागि सम्बन्धित जिल्लासभाका सदस्यले सम्बन्धित जिल्लाभित्र गाउँसभा वा नगरसभाका सदस्यहरूमध्येबाट एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक समुदायका व्यक्तिलाई निर्वाचित गर्नेछन्।

(६) उपदफा (३) र (४) बमोजिमको महिला, दलित वा अल्पसंख्यक समुदायबाट हुने सदस्यको निर्वाचन प्रणाली तथा उपदफा (५) बमोजिमको जिल्ला समन्वय समितिको निर्वाचनसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

**दफा १७ उम्मेदवारको मनोनयन :** (२) उपदफा (१) बमोजिम निर्वाचनमा उम्मेदवार मनोनयन गर्दा देहाय बमोजिमका एक जना प्रस्तावक र एक जना समर्थक हुनुपर्नेछ।

(ग) गाउँ कार्यपालिका र नगर कार्यपालिकाका महिला तथा दलित वा अल्पसंख्यक समुदायबाट हुने सदस्यको लागि सम्बन्धित गाउँसभा वा नगरसभाको सदस्य,

(४) उपदफा (१) बमोजिम मनोनयनपत्र पेश गर्दा अध्यक्ष र उपाध्यक्ष, प्रमुख र उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुखमध्ये पचास प्रतिशत महिला उम्मेदवार रहने गरी मनोनय पत्र पेश गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

(५) उपदफा (१) बमोजिम गाउँपालिका वा नगरपालिकाको वडासमितिका महिला वडा सदस्य पदमा मनोनयनपत्र पेश गर्दा दलले कम्तीमा एक जना दलित महिला उम्मेदवार रहने गरी मनोनयनपत्र पेश गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

तर दलले एक जना मात्र महिला वडा सदस्य पदमा उम्मेदवारी दिएमा यो उपदफाको प्रावधान लागु हुने छैन।

**दफा ३६ मतदान केन्दमा प्रवेश :** (१) मतदान अधिकृतले मतदान केन्द्रमा देहायका व्यक्तिबाहेक अरू कसैलाई प्रवेश गर्न दिनेछैन :-

(ङ) महिला मतदाताको साथमा रहेको बढीमा पाँच वर्षको बालक,

दफा (५४) निर्वाचन परिणामको प्रकाशनः (३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि

देहायको पदमा सबैभन्दा बढी मत प्राप्त गर्ने देहायबमोजिमका उम्म्मेद्वार निर्वाचित भएको धोषित गर्नुपर्नेछ।

(क) गाउँपालिका वा नगरपालिकाको वडासमितिका महिला वडा सदस्य पदमा सबैभन्दा बढी मत पाउने एक जना, दलित महिला सदस्य पदको लागि उम्मेदवारी दिएकामध्ये सबैभन्दा मत पाउने एक जना र अन्य वडा सदस्य पदमा सबैभन्दा बढी मत पाउने दुईजना उम्मेदवार,

(ख) गाउँ कार्यपालिकाको महिला सदस्य पदमा सबैभन्दा बढी मत पाउने चारजना उम्मेदवार,

(घ) नगर कार्यपालिकाको महिला सदस्य पदमा सबैभन्दा बढी मत पाउने पाँचजना उम्मेदवार।

दफा ६२ धरौटी राख्नुपर्ने : (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिला र दलित वा अल्पसंख्यक समुदाय वा आर्थिकरूपले विपन्न उम्मेदवारको हकमा पचास प्रतिशत छुट हुनेछ।

**छात्र वृत्तिसम्बन्धी ऐन, २०२१**

**दफा ३ (क) छात्रवृत्ति सुरक्षित गरिने :** नेपाल सरकारलाई प्राप्त भएको छात्रवृत्तिमध्ये विपन्न, महिला, अपाङ्ग, जनजाति र दलित तथा तोकिएको दुर्गम क्षेत्रको व्यक्तिलाई तोकिएबमोजिम सुरक्षित गरिनेछ।

**जनस्वास्थ्य सेवा ऐन, २०७५**

**परिच्छेद - १**

**दफा ३ : स्वास्थ्य सेवाको पहुँच तथा सुनिश्चितता** : (४) प्रत्येक नागरिकलाई देहायका शीर्षक अन्तर्गतका तोकिए बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरू निःशुल्क प्राप्त गर्ने हक हुनेछ।

(१) एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भ पतन, तथा प्रजनन स्वास्थ्य जस्ता मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवा,

**प्रहरी ऐन, २०१२**

**दफा ३९ : नियाम र आदेश बनाउने अधिकार** : (२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपारी नेपाल सरकारले देहायको विषयहरूमा नियाम बनाउन सक्नेछ।

(घ१) महिला तथा पुरुष प्रहरी कर्माचारीको लागि छुट्टछुट्टै आवास गृह रहने बारे।

**बालबालिकासम्बन्धी ऐन, २०७५**

**परिच्छेद - ८**

**दफा ७० : उद्धार, संरक्षण र स्वास्थ्य परिक्षण गर्नुपर्ने :** (३) प्रहरी कर्मचारीले पीडित बालबालिकाको बयान लिदा बालबालिकाको बाबुआमा, परिवारका अन्य सदाय वा संरक्षण उपस्थित हुन सक्ने भएसम्म उनीहरूको उपस्थितिमा र उपस्थित हुननसकेमा सामाजिक संस्थाका महिला प्रतिनिधि वा समाजसेवी

उपस्थितिमा बयान लिनु पर्नेछ।

## निष्कर्ष

यो लेखमा महिलाहरूले उपभोग गर्न पाउने हकअधिकारहरू उल्लेख गरेका केही कानुनहरू मात्र समावेश गरिएको छ। यस्तै महिलाहरूले उपभोग गर्न पाउने कानुनहरू अनगिन्ती रूपमा नेपाली समाजमा मात्र नभई विश्वमा नै उल्लेख गरेको पाइन्छ। वास्तबमा कसैलाई कुनै प्रकारको भेदभाव नहोस् र सबै सँगसँगै अगाडि बढून् भन्ने आशयले पिछडिएको वर्गहरूलाई सशक्तीकरण गर्नका निम्ति कानुनबाट आगाडि बढाउनका लागि धेरैजसो कानुनहरूमा महिलाहरूलाई प्राथमिकता दिइएको हो। तर अहिलेको परिवेशमा हेर्ने हो भने दिइएको हक-अधिकारले झन धेरै समस्याहरू उत्पन्न भइरहेको हो कि भन्ने कुराहरू बुझ्न सकिन्छ। सरकारले महिलालाई सशक्तीकरण गर्न र समाजमा उनीहरूको अधिकारको रक्षा गर्न धेरै ऐन कानुनहरू पारित गरेकोछ। तर कतिपय लापरवाही र कमजोरीका कारण कतिपयले यस्ता ऐनको गलत फाइदा उठाएर अस्वस्थकर फाइदा लिन थालेका छन् जसले समाजमा विभिन्न समस्याहरू ल्याएको छ। यी सबै उठिरहेका विषयलाई हेर्दा समाजको विकास र महिलालाई सशक्तीकरण, चेतना र सशक्त बनाउन ल्याइएका कानुनले साँच्चै सघाउ पुऱ्याउने हो वा झुटो आरोप लगाउने जस्ता विभिन्न समस्याको माध्यम बनेको हो भन्ने सोच्नुपर्ने बेला आएको छ।

○○○

# राज्य रूपान्तरणमा सामाजिक न्याय र आजको अवस्था : एक विश्लेषण



✍ सबिता कार्की *

## विषय प्रवेश

राज्य रूपान्तरणमा मुख्यतया नयाँ नीति निर्माण, नयाँ संरचना तयार तथा प्रतिनिधित्व सुनिश्चित गर्ने कुरा पर्छन्। नेपालमा यसको लागि सुरुवातका केही कार्यहरू भएका छन् जस्तैः नेपालको संविधान जारी, संघीयताको कार्यान्वयन र समावेशीकरणको वृद्धि आदि यसका मुख्य माध्यम हुन्। राज्य संयन्त्रमा सबै वर्ग, क्षेत्र, जात, लिङ्ग, भाषा, धर्म र वर्णको पहुँच सुनिश्चित गर्ने अवधारणा सामाजिक न्याय हो। यसले विविधता व्यवस्थापनमा जोड दिन्छ। सन् १९८० को दशकमा विकास समाजको आवश्यकतामा आधारित हुनुपर्छ र जनताको सार्वभौमिकतालाई सम्बोधन गर्नुपर्छ भन्ने मान्यतामा सामाजिक न्याय आधारित छ। समाजमा हुने राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक र मनोवैज्ञानिक अन्यायको अन्त्य सामाजिक न्याय हो। यो विकासको रणनीति हो। राज्य पुनर्संरचनाको विषय पनि हो। जसले नयाँ नीति निर्माण, नयाँ संरचना तयार र प्रतिनिधित्वलाई सुनिश्चित गर्दछ। यो विकासको आधुनिक मान्यता हो। यसले समतामूलक पहुँच, पहिचान र प्रतिनिधित्वको सुनिश्चतामा जोड दिन्छ। राजनीतिमा समानुपातिक निर्वाचन, अर्थतन्त्रमा दिगो आर्थिक विकास, सामाजिकमा समावेशीकरण, सांस्कृतिकमा धर्म, संस्कृति र मूल्य मान्यताको पहिचान, सम्मान र संरक्षण तथा भौतिकमा दिगो आर्थिक विकास र मनोवैज्ञानिकमा चेतनास्तरको अभिवृद्धि भएको अवस्थालाई सामाजिक न्याय भन्न सकिन्छ। यो जनताको अधिकार हो भने राज्यको दायित्व हो। सो दायित्व पूरा गर्न सरकारभन्दा बाहिरका पात्रहरू जस्ते नागरिक समाज, निजी क्षेत्र, गैरसरकारी क्षेत्र, अन्तर्राष्ट्रिय समुदाय पनि क्रियाशील रहेको पाइन्छ। जे.एस. मिलले वितरणात्मक न्याय र आर्थिक पुनर्वितरणले सामाजिक न्याय हुन्छ भनेका छन्। जन रावल्सले सामाजिक न्याय अवसरहरूको पुर्नवितरण हो भनेका छन्। सामाजिक न्याय शब्दको प्रयोग सर्वप्रथम सन् १८४० मा लुईगी तापारेल्लीले गरेका हुन्। सामाजिक न्यायलाई सामाजिक समानता प्राप्त गर्ने साधन तथा राष्ट्र निर्माणको आधारको रूपमा लिने गरिन्छ।

## राज्य रूपान्तरणको आवश्यकता र महत्व

समाजमा रहेका सबै प्रकारका असमानताहरू र पृष्ठभूमिमा रहेका विभेदहरूको अन्त्य गर्न सामाजिक

* *मुख्य प्रशिक्षक, हुलाक प्रशिक्षण केन्द्र*

न्याय आवश्यक पर्छ। यो राज्यको जिम्मेवारी र नागरिकको अधिकार हो जसमा नयाँ नीति निर्माण, प्रतिनिधित्व सुनिश्चितता र नयाँ संरचनाको निर्माण पर्छन्। वितरणात्मक, पुनर्वितरणात्मक, संरक्षणात्मक, उपचारात्मक तथा पुनर्स्थापित न्यायको समष्टिको रूपमा रहेको सामाजिक न्यायको आवश्यकता र महत्वहरूमा विविधता व्यवस्थापन गर्न, समावेशी लोकतन्त्रको व्यवहारमा कार्यान्वयन गर्न, समावेशी विकासमा जोड दिँदै न्यायपूर्ण समाज निर्माण गर्न, विकास प्रक्रियामा पछि परेका व्यक्तिहरूलाई राज्यको मूल प्रवाहमा ल्याउन, शासन प्रणाली र विकास व्यवस्थापनमा सबैको सहभागिता सुनिश्चित गराउन, सीमान्तकृत, बञ्चित र पिछडिएका वर्ग, क्षेत्र र समुदायको संरक्षण गर्न, स्रोत, साधन, अधिकार र अवसरको समन्यायिक वितरण गर्न, मानव अधिकारको संरक्षण, संवर्धन र प्रवर्धन गर्न, राष्ट्रिय एकता र अखण्डता मजबुत बनाउन, समावेशी राज्यको अवधारणालाई व्यवहारमा रूपान्तरण गर्न, सामाजिक सदभाव, सहिष्णुता, सामाजिक एकीकरण अभिवृद्धि गर्दै जनताको जीवनस्तर उकास्न, न्याय र नैतिकतामा आधारित समाजको निर्माण गर्न, लोकतन्त्रको प्रतिफल तल्लो स्तरसम्म पुऱ्याउन, स्थानीय स्रोत परिचालनमार्फत् दिगो आर्थिक विकास गर्न, धर्म संस्कृतिको सम्मान, पहिचान र संरक्षण गर्न आदि रहेका छन्।

**राज्य रूपान्तरण कायम गर्ने तरिकाहरू**

पुरानो अवधारणाअनुसार समानता नै राज्य रूपान्तरण कायम गर्ने प्रमुख माध्यम थियो। त्यसको लागि सन् १९४८ को मानव अधिकारको विश्वव्यापी घोषणापत्रले यसमा जोड दिएको पाइन्छ तर विविधता भएको समाजमा पृष्ठभूमि फरक भएपछि समानताले मात्र वास्तविक न्याय दिन सक्दैन भन्ने मान्यताको आधारमा समता वा सकारात्मक विभेदजन्य अल्पकालीन तरिकाहरू पनि अपनाइएको हुन्छ। प्रचलनमा रहेका केही तरिकाहरू संघीयता, विकेन्द्रीकरण, सशक्तीकरण, आरक्षण, सकरात्मक विभेद, समानुपातिक निर्वाचन, लक्षित कार्यक्रमहरू आदि पर्छन्।

**राज्य रूपान्तरणका सिद्धान्तहरू**

लोकतन्त्र र नागरिक केन्द्रित विकासको आधारभूत पक्षको रूपमा रहेको सामाजिक न्याय निश्चित मान्यतामा आधारित हुन्छ। जसलाई सिद्धान्तको नामले पनि चिनिन्छ। यी मुख्य सिद्धान्तहरू यस प्रकार छन्ः

- समानताको सिद्धान्त
- समताको सिद्धान्त
- प्रतिनिधित्वको सिद्धान्त
- क्षतिपूर्तिको सिद्धान्त
- स्वशासनको सिद्धान्त
- दिगो विकासको सिद्धान्त
- सशक्तीकरणको सिद्धान्त

- छिटो विकासको सिद्धान्त
- राज्यप्रतिको ऐक्यबद्धताको सिद्धान्त
- स्वामित्वको सिद्धान्त
- द्वन्द्व व्यवस्थापनको सिद्धान्त
- मानव अधिकारको सिद्धान्त
- विकासमा अर्थपूर्ण सहभागिताको सिद्धान्त

**विश्वमा राज्य रूपान्तरणका लागि सामाजिक न्यायको विकासक्रम**

- सन् १२१५ Magna Carta- जनताको प्रतिनिधि संस्था (संसद) लाई सर्वोच्च मानिएको।
- सन् १६८९ Bill of Rights -नागरिक अधिकारहरूको कानुन द्वारा प्रत्याभूति।
- सन् १७७५-८३ अमेरिकी स्वतन्त्रता संग्राम- जीवन, धन र स्वतन्त्रताको सुनिश्चितता र जनताको प्रतिनिधिबाहेक अरुले कर लगाउन नसक्ने व्यवस्था।
- सन् १७८९ फ्रान्सेली स्वतन्त्रता संग्राम- समानतामा जोड।
- सन् १८०३ अमेरिकी संघीय सर्वोच्च अदालतको फैसला- अदालतलाई न्यायिक पुनरावलोकनको अधिकार।
- सन् १८८५ A.V. Dicey ले कानुनको शासनको चर्चा गरेका।
- सन् १९१८ बेलायतमा महिलालाई मताधिकार
- सन् १९१९ अमेरिकामा महिलालाई मताधिकार
- सन् १९२६ दासत्व विरुद्धका महासन्धि
- सन् १९४८ मानव अधिकारको विश्वव्यापी घोषणापत्र
- सन् १९५२ महिलाको राजनैतिक अधिकारसम्बन्धी महासन्धि
- सन् १९६५ सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि
- सन् १९६६ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र
- सन् १९६६ नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र
- सन् १९७९ महिला विरुद्धको सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि
- सन् १९८९ बाल अधिकारसम्बन्धी महासन्धि

**राज्य रूपान्तरणका लागि पूरा गर्नुपर्ने आवश्यक पूर्वशर्तहरू**

सामाजिक न्याय साधन हो साध्य होइन। देशको राजनैतिक आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक परिवेश पनि सोही अनुरूपको हुनुपर्छ। यसको लागि शासन प्रणाली, विकासको योजना, जनताको चेतनास्तरलगायत कानुनको शासन, सार्वभौमसत्ता जनतामा, मानव अधिकार, लोकतन्त्र, विकेन्द्रीकरण,

स्थानीय स्रोत परिचालन, बलियो नागरिक समाज, आवधिक निर्वाचन, वैधानिक सरकार, पारदर्शिता, प्रभावकारी सार्वजनिक सेवा, सक्षम, स्वतन्त्र, स्वच्छ र पहुँचयोग्य न्यायप्रणाली, आर्थिक विकास, प्रशासनिक सक्षमता, दिगो विकास, राजनैतिक स्थायित्व, उत्तरदायी सार्वजनिक प्रशासन, शक्ती पृथकीकरण तथा नियन्त्रण तथा सन्तुलन, गरिबी निवारण, समानुपातिक निर्वाचन, विविधता व्यवस्थापन, उत्तरदायी निजी क्षेत्र आदि विषयहरूअनुकूल हुनुपर्छ।

**नेपालमा यसका लागि भएका प्रयासहरू**

नेपालमा राज्यको विकाससँगै राज्य रूपान्तरणका लागि विविध प्रयासहरू भएका छन्। विकासको आधुनिक मान्यतासँगै राज्यले गरेका सबै प्रयासहरूले राज्य रूपान्तरणमा कुनै न कुनै रूपले सहयोग पुऱ्याएका छन्। कुनैपनि लोकतान्त्रिक राज्यले गरेका सबै प्रयासहरू सामाजिक न्यायमा नै केन्द्रित हुन्छन। तर सबै प्रयासहरू उल्लेख गर्न सम्भव नभएकाले केही मुख्य प्रयासहरू यसप्रकार उल्लेख गरिएको छः

**नीतिगत**

- नेपाल सरकार वैधानिक कानुन, २००४:- शक्ती पृथकीकरण, समानता, निर्वाचनको व्यवस्था तथा निशुल्क र अनिवार्य प्रारम्भिक शिक्षाको व्यवस्था थियो तर यो संविधान लागु भएन।
- नेपालको अन्तरिम शासन विधान, २००७:- प्रजातन्त्रको सुरु तथा राणा शासनको अन्त्य।
- नेपाल अधिराज्यको संविधान, २०१५ :- शक्ति पृथकीकरणलाई आत्मसात, समानुपातिक निर्वाचनको व्यवस्था र मौलिक हकहरूको व्यवस्था।
- राज्य रजौटा ऐन, २०१७:- सामन्ती प्रथालाई अन्त्य गरिएको
- मुलुकी ऐन, (२०२०):- जातीय विभेदको अन्त्य
- भूमिसम्बन्धी ऐन, २०२१:- जग्गाको हदबन्दी निर्धारण
- सामाजिक व्यवहार (सुधार) ऐन, २०३३:- सामाजिक र सांस्कृतिक क्रियाकलापमा हुने फजुल खर्चलाई नियन्त्रण गरिएको
- नेपाल अधिराज्यको संविधान, २०४७:- स्वतन्त्र न्यायपालिका, मौलिक हकको व्यवस्था, कानुनको शासनको सुनिश्चितता, राष्ट्रिय सभामा समानुपातिक निर्वाचन र महिला प्रतिनिधित्वको सीमित व्यवस्था र जनतामा निहित सार्वभौमसत्ता
- समाज कल्याण ऐन, २०४९:- गैरसरकारी संस्थाहरूको नियमन गर्ने व्यवस्था
- स्थानीय स्वायत्त शासन ऐन, २०५५:- विकेन्द्रीकरण लागु, स्थानीय निकायमा महिला र दलितको प्रतिनिधित्व
- नेपालको अन्तरिम संविधान, २०६३:- समानुपातिक प्रतिनिधित्व, राज्य पुनर्संरचना, आरक्षण र संघीयताको व्यवस्था

- गरिबी निवारण कोष ऐन, २०६३ः- गरिब केन्द्रित कार्यक्रमहरू सञ्चालन
- जातीय भेदभाव तथा छुवाछुत (कसूर सजाय) ऐन, २०६८ः- जातीय विभेदलाई गम्भीर प्रकारको अपराध मानिएको र सोही अनुसारको सजायको व्यवस्था

**नेपालको संविधानमा भएका व्यवस्थाहरू:**

- प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिक विभेदको अन्त्य गर्ने उल्लेख
- धारा ३ राष्ट्रको परिभाषामा विविधतालाई आत्मसात
- धारा ६ सबै मातृभाषालाई राष्ट्रभाषाको मान्यता
- धारा १२ आमाको नामबाट पनि नागरिकता दिन सकिने
- धारा १८ समानताको हकमा आरक्षण
- धारा २० न्यायसम्बन्धी हकमा गरिबलाई निशुल्क कानुनी सहायताको व्यवस्था
- धारा २४ छुवाछुत तथा भेदभाव विरुद्धको व्यवस्था
- धारा २९ शोषण विरुद्धको हक
- धारा ३४ श्रमको हक
- धारा ३८ महिलाको हक
- धारा ४० दलितको हक
- धारा ४२ सामाजिक न्यायको हक
- धारा ४३ सामजिक सुरक्षाको हक
- धारा ५१ को (ञ) सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीति
- धारा ७० राष्ट्रपति र उप राष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुने
- धारा ८४ र ८६ प्रतिनिधि सभा र राष्ट्रिय सभामा समानुपातिक निर्वाचनको व्यवस्था
- धारा ९१, ९२ र १८२ संघीय र प्रदेश व्यवस्थापिकामा प्रमुख र उपप्रमुखमध्ये १ जना महिला हुनुपर्ने व्यवस्था
- धारा १३३ सर्वोच्च अदालतमान्यायिक पुनरावलोकनको व्यवस्था
- धारा १७६ प्रदेशसभाको गठनमा समानुपातिक निर्वाचन
- धारा २१७ स्थानीय तहमा न्यायिक समिति
- धारा २२२ र २२३ स्थानीय व्यवस्थापिकामा महिला, दलित र अल्पसंख्यकको प्रतिनिधित्व
- भाग २५ र २७ राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग र मुस्लिम आयोगको व्यवस्था

- धारा २८३ संवैधानिक अङ्ग र निकायका पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्तबमोजिम गरिने
- धारा २८७ भाषा आयोगको व्यवस्था

**चालु पन्ध्रौं योजनामा भएका व्यवस्थाहरू**

सामाजिक न्याय अन्तरसम्बन्धित विषय भएकाले चालु आवधिक योजनाको सबै क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा यसका विषयहरू समावेश छन्। मुख्य व्यवस्थाहरूमा ज्ञान र सीपमा आधारित रोजगारीका अवसर सिर्जना, ग्रामीण र दुर्गम क्षेत्रमा एकीकृत बस्ती विकास, विद्यालय शिक्षामा समतामूलक पहुँच स्थापना, स्थानीय तहमा प्राविधिक शिक्षा र व्यवसायिक सीपको विकास छन् ।

वैकल्पिक शिक्षाको ज्ञानलाई आयमूलक कार्यक्रममा आबद्ध, स्थानीय ज्ञान, सीप र प्रविधिको संरक्षण, बहुक्षेत्रीय पोषण योजनाको कार्यान्वयन, युवामा स्वयंसेवी संस्कृतिको विकास, सबै प्रकारका लैङ्गिक असमानताको अन्त्य, ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग, अपाङ्गतामैत्री भौतिक संरचना निर्माण, गरिब लक्षित कार्यक्रम सञ्चालन, न्यूनतम रोजगारीको प्रत्याभूति, साधन स्रोतमा लक्षित वर्गको समानुपातिक पहुँच बढाउने, गैरसरकारी क्षेत्रलाई सामाजिक न्यायमैत्री बनाउने आदि रहेका छन्।

**राज्य रूपान्तरणका लागि सामाजिक न्याय कायम गर्न गरिएका अन्य प्रयासहरू**

- सबै प्रकारका सरकारी सेवामा आरक्षण,
- अनौपचारिक शिक्षा, दूर शिक्षा र मातृभाषामा शिक्षा सञ्चालन,
- गरिबी निवारण कोषमार्फत् कार्यक्रमहरू सञ्चालित,
- कमजोर वर्ग वा समुदायलाई उच्च शिक्षा सम्म निशुल्क शिक्षा,
- सती प्रथा र दास प्रथाको अन्त्य,
- अन्तरजातीय विवाहलाई मान्यता,
- सामूहिक जमानी वा बिना धितो कर्जा प्रदान,
- सहकारी संस्थामार्फत् ग्रामीण बैंकिङ प्रणालीको विकास,
- उपभोक्ता समितिमार्फत् विकास,
- राष्ट्रपति महिला सशक्तीकरण कार्यक्रम/परियोजना,
- तराई मधेश समृद्धि कार्यक्रम,
- प्रधानमन्त्री स्वरोजगार कार्यक्रम,
- सामाजिक सुरक्षा कोषको स्थापना,
- शैक्षिक कर्जा,
- मानव अधिकार पीडितलाई दिइने क्षतिपूर्ति,
- सार्वजनिक निजी साझेदारी कार्यक्रम,

- मेलमिलाप केन्द्रको स्थापना,
- परिवार नियोजन कार्यक्रम सञ्चालन सुरक्षित गर्भपतन सेवाहरू आदि।

**विद्यमान समस्याहरू**

विकासको प्रमुख एजेण्डाको रूपमा रहेको सामाजिक न्यायलाई कायम गर्न सरकारले मुख्य जिम्मेवारी लिएको छ। तीन तहका सरकारहरूबाट नीतिगत, संस्थागत र क्रियाकलापगत प्रयासहरू भएका छन्। नागरिक समाजले आवाज उठाएको छ, निजी क्षेत्र पूर्वाधारमा लगानी गर्न तत्पर देखिन्छ गैरसरकारी क्षेत्रहरूले जनताको भावनालाई सम्बोधन गर्ने प्रयास गरेका छन्। अन्तर्राष्ट्रिय समुदायले मानवीय, वित्तीय र भौतिक सहयोग उपलब्ध गराएका छन्। गरिबी निवारण सरकारको एक मात्र उद्देश्य बनेको छ तर पनि अपेक्षित प्रतिफल प्राप्त भएको छैन। यसका समस्याहरूमा नीतिगत समन्वय कमजोर हुनु, समानुपातिक प्रतिनिधित्वलाई लक्षित वर्गमा पुर्याउन नसक्नु, कमजोर वर्ग वा समुदायको नीतिगत तहमा उपस्थिति न्यून हुनु, राष्ट्रिय नीतिले क्षेत्रीय र स्थानीय तहको नीतिलाई निर्देशित गर्न नसक्नु, विविधता भएको समाजमा एकै प्रकृतिका कार्यक्रमहरू सञ्चालन हुनु, आर्थिक विकास कमजोर, पूर्वाधार निर्माणमा न्यून लगानी, विकासमा स्थानीय स्रोतको कम परिचालन, मौलिक विकास पद्धतिको न्यून अवलम्बन, सामाजिक एकीकरणलाई राष्ट्रिय मुद्धा बनाउन नसक्नु, सापेक्ष मौलिक हकहरू बढी हुनु, नागरिक समाज राजनैतिक आस्थाका आधारमा परिचालित हुनु, स्थानीय तहको संस्थागत क्षमता कमजोर, स्थानीय तहहरूबिच सहकार्यको कमी, ठूला आयोजना कम सञ्चालन हुनु, शिक्षित व्यक्तिहरूको मनोविज्ञानमा सकारात्मक परिवर्तन नहुनु, दलितहरूको बस्ती छरिएको हुनु, विप्रेषणबाट प्राप्त रकम अनुत्पादक क्षेत्रमा खर्च हुनु, न्यायमा पहुँच कमजोर, आरक्षण प्रणाली लक्षित वर्गमा कम पुग्नु, विकास निर्माणका काममा सरोकारवालाको वास्तविक सहभागिता कमजोर हुनु, ठूला पूर्वाधार निर्माणमा कम लगानी आदि रहेका छन्।

**समस्या समाधानका उपायहरू**

माथि प्रस्तुत गरिएका समस्याहरू समाधान गरी सामाजिक न्यायलाई अपेक्षित बनाउन वर्गीय आरक्षणको व्यवस्था गर्ने, ठूला पूर्वाधारमा लगानी बढाउने, दिगो आर्थिक विकासमा जोड दिने, मौलिक उद्योगको व्यवसायीकरण गर्ने, विप्रेषणको उत्पादनशील क्षेत्रमा खर्च गर्न जोड दिने, नीतिगत समन्वय कायम गर्ने, विकासमा स्थानीय स्रोत परिचालन बढाउने, सबै राजनैतिक शक्तिबिच विकासको एजेण्डामा एकरूपता हुनुपर्ने, प्रदेश सरकारलाई प्रभावकारी बनाउने, स्थानीय तहको संस्थागत क्षमता विकास गर्ने, एकीकृत बस्तीको विकास गर्ने आदि उपायहरू अवलम्बन गर्नुपर्छ।

**अन्तमा**

राज्य रूपान्तरण आधुनिक राज्य सञ्चालन प्रणालीको आधारभूत मान्यता हो। विश्वव्यापीकरणको वर्तमान समयमा विकसित तथा गरिब देशहरूले समेत यसमा नै ध्यान केन्द्रित गरेका छन्। यसको ज्वलन्त उदाहरण दिगो विकासका लक्ष्यलाई सबै देशहरूले स्वीकार्नु पनि हो। मुख्यतया वि.सं

२००७ को राजनैतिक परिवर्तनपछि राज्य रूपान्तरण गर्दै सामाजिक न्याय कायम गर्न नीतिगत, संस्थागत र कार्यक्रमगत प्रयास भएको देखिन्छ। २०६३ सालपछि यसको मात्रा बढाइएको छ। जसलाई माथि संक्षिप्तमा उल्लेख गरिएको छ। यद्यपि यसमा आशातीत सफलता प्राप्त हुन सकेको छैन। यो क्षेत्रमा देखिएका समस्या र समाधानका उपायहरू माथि प्रस्तुत गरिएको छ। नीतिगत, संस्थागत र कार्यक्रममा समावेश गरेर सुझावहरू कार्यान्वयन गर्न सकेमा वास्तविक राज्य रूपान्तरण भई सामाजिक न्याय कायम हुन्छ।

## सन्दर्भ सूची


- कानुन र राजनीति, डा. भिमार्जुन आचार्य, अलायन्स हाउस, २०७१, काठमाडौं।
- नेपालको संवैधानिक इतिहास र संवैधानिक अभिलेखहरू, टोपबहादुर सिंह, पैरवी प्रकाशन, २०७६, काठमाडौं।
- पन्ध्रौ आवधिक योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१)।
- राष्ट्रियता, समानता र राज्य विहिनताको सन्दर्भमा नागरिकता, संवैधानिक कानुन व्यवसायी मंच, २०६८, काठमाडौं।
- लैङ्गिक समानता एक अध्ययन, निर्मला सिवाकोटी सिटौला, पैरवी प्रकाशन, २०७५, काठमाडौं।
- समाज, संस्कार र शासन, खेमराज नेपाल, स्वशासन अध्ययन प्रतिष्ठान, २०६९, काठमाडौं।


०००

# प्रजनन स्वास्थ्य, हामी सबैको कर्तव्य



✍ अन्जु ढुङ्गाना *

**सारांश**

नेपालको संविधानले मौलिक हककै रूपमा प्रजनन स्वास्थ्य र सुरक्षित मातृत्वलाई समावेश गरेको छ। प्रजनन स्वास्थ्य र सुरक्षित मातृत्वसम्बन्धी हक भन्नाले सन्तान जन्म तथा गर्भधारणका विषयमा निर्णय गर्ने सम्पूर्ण अधिकार महिलालाई हुन्छ भन्ने बुझिन्छ। कहिले, कहाँ, कसरी र कति सन्तानको जन्म दिने भन्ने विषय नै प्रजनन स्वाध्यको अधिकारभित्र पर्छ।

नेपालमा महिलाको प्रजनन स्वास्थ्य र सुरक्षित मातृत्वसम्बन्धी प्रयास नभएको भने पक्कै होइनन्। नेपालको अन्तरिम संविधान, २०६३ ले पहिलो पटक संविधानमा नै प्रजनन स्वास्थ्य तथा प्रजननसम्बन्धी हकलाई महिलाको मौलिक हकको रूपमा स्थापित गरेको थियो। हालको नेपालको संविधानको धारा ३८(२) मा प्रजनन स्वास्थ्य हकलाई मौलिक हकको रूपमा निरन्तरता दिएको छ। फलस्वरूप आज विश्वका केही आधुनिक संविधानमा मात्र पाइने उपर्युक्त व्यवस्था नेपालको संविधानमा मौलिक हकको रूपमा रहेको छ।

नेपाली समाजमा जरा गाडेर बसेको पितृसत्तात्मक सोच, सामाजिक मूल्य, मान्यता र संस्कार, जीवन पद्धति आदि कारणले यौनजन्य विषयमा महिलाले निर्णय गर्न सक्ने अधिकार छैन। राष्ट्र सङ्घीय जनसंख्या कोष (यूएएफपीए) को प्रतिवेदनअनुसार नेपालमा पनि अत्यधिक अनिच्छित गर्भधारण र असुरक्षित गर्भपतन हुने गरेको देखिन्छ। यसले महिला तथा किशोरीहरूको ज्यान जोखिममा पर्छ।

वातावरण स्वास्थ्य र जनसख्या कार्यक्रम अनुसन्धान केन्द्र (कृपा) ले सन् २०१६ मा गरेको एक अध्ययन प्रतिवेदनअनुसार नेपालमा वर्षेनी ३ लाख २३ हजारले गर्भपतन गर्दछन् जसमध्ये ५८ प्रतिशतले असुरक्षित गर्भपतन गराउँदछन् अर्थात् वर्षेनी १ लाख ८६ हजार १४४ महिला र किशोरी ज्यानको जोखिम मोलेर गर्भपतन गराउँछन्। सदियौंदेखि प्रचलनमा रहेको पितृसत्तात्मक सोच मूल्य मान्यता र धारणामा परिवर्तन नभएसम्म समाजमा महिलाको जीवन जहिले पनि जोखिममा पर्छ। त्यसैले, प्रजनन स्वास्थ्य र सुरक्षित मातृत्व सुनिश्चतताका कुरा श्रीमान श्रीमतीको आपसी सर-सल्लाह र समझदारीबाट मात्र पूरा हुन्छ। तसर्थ, विपद् जोखिम तथा महामारीको समयमा जीविकोर्पाजन,

* प्रमुख महिला विकास अधिकृत, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान

गरिबी तथा अन्य अवसरका साथै महिला भएकै कारण महिलाको प्रजनन स्वास्थ्य र सुरक्षित मातृत्वका अधिकार बञ्चित हुने गर्दछन्। लकडाउनमा अत्यावश्यक सेवाको सूचीमा परिवार नियोजन सेवा र सुरक्षित गर्भपतन सेवालाई समावेश गरी स्थानीय स्वास्थ्य स्वयंसेविकामार्फत् परिवार नियोजनका साधनको सहज पहुँच तथा उपलब्धताको व्यावस्था गरिनुपर्छ। अकालमा महिलाको ज्यान जानबाट बचाउनुपर्छ।

रोल्पाकी मीना बुढा मगर (नाम परिवर्तन) को सानै उमेरमा विवाह भयो। लेखपढ गर्न पाइनन्। गाउँमा महिला विकास कार्यक्रम लागु भएपश्चात् मीना महिला समूहमा आबद्ध भइन्। समूहबाट प्रौढ कक्षा लिन पाइन्। परिवार नियोजनका विभिन्न साधनहरूको बारेमा जानकारी पाइन्। दुई छोरा र एक छोरीकी आमा बनिसकेकी मीनाका श्रीमान् भारतमा मजदुरी गर्थे। वर्षमा दुई पटक कुनै खबर नगरी अचानक घर आउने गर्थे।

स्थानीय स्वास्थ्य कार्यकर्ताको परामर्शपश्चात् मीना तीन महिने सूई डिपो निरन्तर लगाउने गर्थिन्। यस्तैमा उनका श्रीमान् दशैं तिहारको समयमा २–३ महिनाको छुट्टीमा घर आए। एक दिन मीना स्वाथ्य चैकीमा सूई लगाउन जान लागेकी के थिइन् उनका श्रीमानले 'किन सूई लगाउन पर्‍यो, म नभएको मैकामा परपुरुषसँग सल्कनका लागि सूई लगाएकी? भन्दै कपाल समातेर लछारपछार गरे। ठुला भइसकेका छोराछोरीका अगाडि अपशब्द गालीगलौज गर्दै कुटपिट गरे। त्यसपछि मीनाले छिमेकी महिला समूहकी सदस्य नीरू सारू मगर (नाम परिवर्तन) लाई आफ्ना दुख सुनाइन्। उनकै सल्लाहमा मीना घाँसदाउरा गर्न जान्छु भनेर स्वास्थ्य संस्थामा गई तीन महिने सूईलाई निरन्तरता दिइन्। मीना नाम्लो डोको बोकेर घरबाट हिड्थिन्। साथीहरूले घाँसदाउराको भारी बाटोमा ठिक्क पारेर ल्यादिन्थे। त्यतिन्जेलसम्ममा मीना स्वास्थ्य संस्थामा सूई लाएर फर्किन्थिन्। साथीले बाटोमा ठिक्क पारिदिएको भारी बोकेर घर आउँथिन्। रोल्पाको लिवाङमा महिला तथा वालबालिका कार्यालयद्वारा आयोजित प्रजनन स्वास्थ्य तथा सुरक्षित मातृत्वसम्बन्धी ७ दिने तालिममा सहभागी उनले अन्य सहभागी दिदीबहिनीबिच रुँदै सुनाएको कुराको अंश हो यो। यो घटनाले महिलाहरू यौन र प्रजनन अधिकारको प्रयोगमा कतिसम्म बाँधिएका छन् भन्ने चित्रण गर्छ।

नेपालमा विश्वव्यापी महामारी कोभिड-१९ का कारण २०७६ चैत्र ११ गतेदेखि मुलुकभर लकडाउन भयो। यही बेला भारत तथा केही खाडी मुलुकमा रोजगारीका लागि गएका धेरै नेपालीहरू स्वदेश फर्किए। एकातर्फ, स्थानीय स्वास्थ्य संस्थामा परिवार नियोजनका साधनहरूको अभाव भएका खबरहरू २०७६ चैत्र दोस्रो हप्तामा नै प्रशारण भएका थिए। अर्कोतर्फ, कुनै योजनाबिना लाखौंको सख्यामा घर फर्किएका श्रीमानका कारण कयौं महिलाहरूमा अनिश्चित गर्भधारण हुन सक्ने जोखिम उत्तिकै थियो।

राष्ट्र सङ्घीय जनसंख्या कोषले २०२० अप्रिल २७ मा सार्वजानिक नयाँ प्रतिवेदनमा कोभिड-१९ को महामारीले लकडाउन ६ महिनासम्म लम्बिने र परिवार नियोजनका साधनको अभाव रहिरहने हो भने अनिच्छित गर्भधारण अत्यधिक मात्रामा वृद्धि हुने जनाएको थियो। उक्त प्रतिवेदनमा विश्वव्यापी करिब ७० लाख अनिश्चित गर्भधारण हुने उल्लेख गरिएको थियो।

नेपालको संविधानले मैलिक हकको रूपमा प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य र सुरक्षित मातृत्वसम्बन्धी हकको व्यवस्था गरेको छ। उक्त संवैधानिक व्यवस्थालाई प्रभावकारी रूपमा कार्यन्वयन गर्न सरकारले विभिन्न कार्यक्रमहरू सञ्चालनमा ल्याएको छ। नेपाल दक्षिण एशियामा उच्च मातृ मृत्युदर र शिशु मृत्युदरसमेत उच्च रहेको मुलुकमा पर्छ। सन् २०१६ को जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणअनुसार नेपालमा मातृ मृत्युदर प्रतिलाख २३९ छ। राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा मातृ मृत्युदर प्रतिलाख जीवित जन्ममा १५१ मा झरेको छ। पन्ध्रौं योजनाअनुसार नेपालमा पाँच वर्षमुनिका एक हजार जीवित शिशु जन्ममा करिब ३९ शिशुको मृत्यु हुने गरेको छ।

सडक सञ्जालको सहज पहुँच नपुगेका दुर्गम हिमाली तथा पहाडी जिल्लाहरूमा उच्च मातृ मृत्युदरलाई घटाउन सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक कार्यान्वयन गर्न दुर्गममा प्रजनन स्वास्थ्यका कारण हुन सक्ने सम्भावित मृत्युबाट जोगाउन, सुरक्षित प्रसूति सेवा र नवजात शिशुको सुरक्षित मातृत्वका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले मन्त्रिपरिषदबाट हवाई सेवा उद्धार कार्यविधि २०७५ कार्तिक ३० मा माननीय मन्त्रीस्तरीय निर्णयद्वारा पारित गरी २०७५ पुसदेखि हवाई उद्धार सेवा लागु गरेको छ। हवाई उद्धार सेवाका लागि सडक संजालको सहज पहुँच नपुगेका दुर्गम हिमाली तथा पहाडी ३० जिल्लालाई पूर्ण र ४ जिल्लाका केही दुर्गम पालिकालाई समेटेको छ। यी दुर्गम स्थानबाट ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरीलाई सुविधायुक्त अस्पताल पुऱ्याएर आमा र बच्चाको ज्यान बचाएको छ। २०७५ पुसदेखि २०७९ पुस १५ सम्म ४६८ गर्भवती तथा सुत्केरीको उद्धार गरिसकेको छ।

सुगम सूचीमा परेर पनि विकट भौगोलिक अवस्थामा रहेका वडाहरू जहाँबाट सडकमा पुग्न ६-७ घण्टाको पैदल यात्रा गर्नुपर्छ त्यस्ता पालिकाको माग र अन्य आवश्यक प्रक्रिया पूरा गरी दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धारसम्बन्धी कार्यविधि २०७७ संशोधन गरियो। कार्यविधिको संशोधनपश्चात् दुर्गम हिमाली तथा पहाडी १९ जिल्लामा पूर्ण र २९ जिल्लाका दुर्गम पालिकाहरूमा कार्यक्रम सञ्चालन गर्ने गरी कार्यक्रमलाई विस्तार गरियो। २०७५ साल पुस ६ गतेका दिन हुम्ला जिल्लाको सदरमुकाम सिमीकोटबाट ३ दिनको पैदल दुरीमा पर्ने चंखेली गाउँपालिकाकी लामो प्रसव व्यथा लागेर समेत बच्चा जन्माउन नसकेकी वर्ष २२ कि निरा शाहीको हवाई उद्धार गरी मध्यपश्चिम क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार गरी यस कार्यक्रम कार्यन्वयनमा आएको थियो। शुरुवाती दिनमा तत्कालीन माननीय महिला वालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री स्वयंले समेत दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरीको उद्धारका लागि आवश्यक समन्वयसमेत गर्ने गर्नुहुन्थ्यो। कार्यक्रमको सुरुवाती अवस्थामै धादिङ जिल्ला रुवीभ्याली गाउँपालिकाको ज्यान जोखिममा परेकी गर्भवतीलाई हवाई उद्धार गरी परोपकार प्रसुति गृह थापाथलीमा ल्याइयो। बच्चाको स्वास्थ्य अवस्था बुझ्न सुत्केरी महिलाका श्रीमानलाई टेलिफोन गरेको उहाँले बच्चा र आमाको ज्यान वचाउन सकिएकोमा धन्यवाद दिनुभयो। त्यो हर्ष र खुसीसँगै अब कसरी घर फर्कनुहुन्छ भनी सोधिएको जिज्ञासामा उहाँले कानमा लगाएको श्रीमतीको सानो सुनको मुन्द्री छ त्यही बेचेर फर्कनुपर्ला भन्नुभयो।

ओहो ! दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिला उपचारका लागि स्थानीय स्वास्थ्य संस्थामा जान्छन्। सजिलै सुत्केरी भैहालिएला भनेर भर्ना भएका महिलालाई अचानक स्वास्थ्य जटिलता सिर्जना भई तत्काल हवाई उद्धार गरी सुविधा सम्पन्न अस्पताल भएको शहरमा ल्याइन्छ। उपचारपश्चात् घर फर्कन आर्थिक समस्या हुने हुनाले संशोधित कार्यविधिमा समावेश गरी उद्धार गरी घर फर्कदा सम्बन्धित अस्पतालमार्फत् महिलालाई बिस हजार रुपियाँ पोषण तथा यातायातबापत सहयोग उपलब्ध गराउने व्यावस्था मिलाइएको छ। त्यस्तो पोषण तथा यातायात सहयोग प्राप्त गरेकी महिलाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत् उपलब्ध गराउने यातायात खर्च भने नपाउने व्यावस्था मिलाइएको छ। ज्यान जोखिममा परेका महिला भन्नाले लामो प्रसव व्यथा (१८ घण्टाभन्दा लामो अवधि) लागेका, बच्चा जन्मन कठिनाइ भई गर्भमै बच्चाको मृत्यु भएका, गर्भ अवस्थामा बच्चाको हातखुट्टा पहिले निस्किएका, शरीर अत्याधिक सुन्निएका, रक्तअल्पता भएका, गर्भमा साल तल रहेका, बच्चाको जन्मपश्चात् सालनाल निस्कन नसकेका, अधिक बच्चाको जन्मपश्चात् रक्तश्राव भएका गर्भवती तथा सुत्केरी महिलाहरूलाई भन्ने गरिन्छ। यस्ता ज्यान जोखिममा परेका गर्भवती र सुत्केरी महिलाहरूलाई तोकिएका स्थानबाट निशुल्क हवाई उद्धार गर्ने गर्दछ। लकडाउनको समयमा विभिन्न दुर्गम जिल्लाबाट दिनहुँजसो गर्भवती महिलाको उद्धारको लागि टेलिफोन आउने गरेको थियो। मुलुकी अपराध संहिता २०७४ को दफा १८९ ले गर्भवती महिलाको मन्जुरीले बाह्र हप्तासम्मको, गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा हुने भएमा, जर्वजस्ती करणी र हाडनाता करणीबाट रहन गएको गर्भ अठार हप्तासम्मको पतन गराउन सक्ने कानुनी व्यावस्था गरेको छ। सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउने सरकारी तथा निजी स्वास्थ्य संस्थालाई समेत उक्त सेवा उपलब्ध गराउन सरकारले मान्यता र अधिकार प्रदान गरेको छ। विभिन्न कारणले महिलाहरू अझै पनि सुचिधासम्पन्न स्वास्थ्य संस्थामा गएर गर्भपतन गराउनुको सट्टा असुरक्षित ढंगबाट गाउँघरमै जोखिमपूर्ण गर्भपतन गराउँछन्।

तर ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाभन्दा पनि असुरक्षित गर्भपतनका कारण अत्याधिक रक्तश्राव भई ज्यान जोखिममा परेका महिलाको उद्धारका लागि फोन आउने क्रम दिनप्रतिदिन बढ्दो छ। कुनै एक घटनामा मन्त्रालयको हवाई उद्धारसम्बन्धी हटलाइन नम्बरमा फोन आयो। उद्धार कार्यअगाडि बढाउन सम्बन्दित जिल्लाका प्रमुख जिल्ला अधिकारी र स्थानीय स्वास्थ्यकर्मीसँग सम्पर्क गर्दा डेढ महिनाको असुरक्षित गर्भपतनबाट अत्यधिक रक्तश्राव भएको पाइयो। हवाई उद्धार कार्यविधिमा व्यावस्था नभएकोले असुरक्षित गर्भपतका कारण अत्याधिक रक्तश्राव भई ज्यानै जोखिममा परेका महिलालाई उद्धार गर्न मिल्दैन। तसर्थ कार्यविधिमा समावेश गर्न आवश्यक छ कि यस समस्यालाई संबोधन गर्न अन्य विकल्प आवश्यक छ भन्ने सम्बन्धमा सरोकारवाला निकायविच छलफल तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरी शीघ्र निर्णय हुनु अति आवश्यक देखिन्छ। प्रजनन स्वास्थ्यको अधिकारको सम्बन्धमा न्यायपालिकाले फैसलाको माध्यमद्वारा विधिशास्त्रको निर्माणको लागि महत्वपूर्ण योगदान गरेको छ। सम्मानित सर्वोच्च अदालतले प्रजनन स्वास्थ्यको अधिकारका सम्बन्धमा २ पटक महिला कर्मचारी प्रसूति हुँदा दिइने प्रसूति बिदालाई खारेजी गरी जति पटक प्रसूति हुँदा पनि सो सुविधा प्राप्त गर्न सक्ने फैसला गरेको छ। त्यसै गरी, बन्दीहरूले पनि पारिवारिक भेटघाट गर्न पाउने, पाठेघरसम्बन्धी विशेष कार्यक्रम चलाउने, प्रजनन स्वास्थ्यसम्बन्धी छुट्टै

कानुनको निर्माण गर्ने, प्रसूति बिदालाई वैवाहिक स्थितिको आधारमा विभेद गर्न नपाइने, प्रसूति बिदा अन्तर्राष्ट्रिय मापदण्डअनुसार निर्धारण गर्नुपर्ने, गर्भपतनको सेवालाई सर्वसुलभ र पहुँचयोग्य बनाउनुपर्ने, गर्भपतनसम्बन्धी छुट्टै कानुनको निर्माण गर्नुपर्ने, गर्भपतनको अधिकार महिलाको प्रजनन स्वास्थ्यको अधिकारको अभिन्न अङ्ग बनाउने, गर्भ निरोधक साधनको उपलब्धता र पहुँच सुनिश्चित गर्ने, अपाङ्गता भएका महिलाको प्रजनन स्वास्थ्यसम्बन्धी विशेष कार्यक्रम सञ्चालन गर्नुपर्नेजस्ता प्रजनन स्वास्थ्यको अधिकारसम्बन्धी अत्यन्त महत्वपूर्ण फैसला गरेको छ।

कोभिड-१९ को सन्दर्भमा समेत यौन तथा प्रजनन स्वास्थ्य अत्यावश्यक सेवाको रूपमा रहेको र यसको निरन्तरतामा अवरोध गर्न नहुने नजिर पनि प्रतिपादित गरेको छ। कोभिड-१९ को प्रकोपका कारण लकडाउनको समयमा श्रीमान-श्रीमतीहरू सँगै रहनाले उनीहरूबिच शारीरिक सम्बन्ध रहने सम्भावना अत्यधिक बढेको विषय विभिन्न अध्ययनले देखाएका थिए। स्थानीय स्वास्थ्य संस्था पुग्न यातायातका साधन नचल्नु, स्वास्थ्य संस्थामा परिवार नियोजन साधनको अभाव हुनु, सामाजिक मूल्य, मान्यता र संस्कार जीवनपद्धति आदि कारणले यौनजन्य विषयमा महिलाले निर्णय गर्न सक्ने अधिकार नहुनुजस्ता कारणले नेपालमा पनि अत्यधिक अनिच्छित गर्भधारण र असुरक्षित गर्भपतन हुने देखिन्छ। यसले महिला तथा किशोरीहरूको ज्यान जोखिममा पर्ने घट्ना दिनप्रतिदिन बढ्न थालेको छ।

विपद् जोखिम तथा महामारीको समयमा जीविकोपार्जन, गरिबी, तथा अन्य अवसरका साथै महिला भएकै कारण महिलाको प्रजनन स्वास्थ्य र सुरक्षित मातृत्वका अधिकार वञ्चित हुने गर्दछन्। लकडाउनमा अत्यावश्यक सेवाको सूचीमा परिवार नियोजन सेवा र सुरक्षित गर्भपतन सेवालाई समावेश गरी स्थानीय स्वास्थ्य स्वयंसेविकामार्फत् परिवार नियोजनका साधनको सहज पहुँच तथा उपलब्धताको व्यावस्था गरिनुपर्छ। अकालमा महिलाको ज्यान जानबाट बचाउनुपर्छ। सदयौंदेखि प्रचलनमा रहेको पितृसत्तात्मक सोच मूल्य, मान्यता र धारणमा परिवर्तन नभएसम्म समाजमा महिलाको जीवन जहिले पनि जोखिममा पर्छ। त्यसैले प्रजनन स्वास्थ्य र सुरक्षित मातृत्व सुनिश्चतताका कुरा श्रीमान-श्रीमतीको आपसी सरसल्लाह र समझदारीबाट मात्र पूरा हुन्छ।

## सन्दर्भ सामग्री


- नेपालको संविधान (२०७२)।
- पन्ध्रौ योजना (२०७६/७७-२०८०/८१)।
- राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७।
- वर्षिक बजेट आ.व. २०७९/८०)।
- दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धारसम्बन्धी कार्यविधि, २०७७।
- प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७४।
- प्रजनन स्वास्थ्य अधिकारसम्बन्धी सर्वोच्च अदालतबाट भएका फैसलाहरूको संगालो, २०७७।
- जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, सन् २०१६।
- वातावरण स्वास्थ्य र जनसख्या कार्यक्रम अनुसन्धान केन्द्र (कृपा) को २०१६ अध्ययन प्रतिवेदन।


OOO

# मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी वर्तमान अवस्था तथा चुनौतीहरू



✍ सुरेन्द्र वाग्ले *

## १) ऐतिहासिक पृष्ठभूमि

मानव बेचबिखन तथा ओसारपसारको समस्यालाई केलाउँदा यसको ऐतिहासिक पृष्ठभूमिलाई पनि केलाउनु उपयुक्त हुन्छ। मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी समस्या राणाकालीन समयदेखि शुरु भएको विश्वास गरिन्छ। नेपालमा बसेका तिब्बती शरणार्थीहरूले नेपाली विपन्न महिलाहरूसँग विवाह गरी घरजम गरी बस्ने गरेको र ती शरणार्थीहरू व्यापारको सिलसिलामा भारतमा गई बस्दा ती तिब्बती शरणार्थीहरूको पहिचान खुलेपछि भारतबाट लखेटिंदा महिलालाई त्यहीँ छाडेर भागेर जाँदा ती महिलाहरूको जीविकोपार्जनको अन्य विकल्प नहुँदा यौनजन्य क्रियाकलापमा संलग्न भएको जनविश्वास रहेको छ। त्यस समयदेखिनै नेपाल मानव बेचबिखन तथा ओसारपसारको स्रोत भारत गन्तब्य हुने गरेको जनविश्वास रहेको छ।

विगतका वर्षहरूमा नेपालका विभिन्न नाकाहरूबाट महिला तथा बालिकाहरू भारतको मुम्बई, दिल्लीजस्ता प्रमुख शहरहरूमा यौन व्यवसायका लागि बेचबिखन हुने गरेको थियो। आजकल अशिक्षित, पिछडिएका वर्ग तथा क्षेत्रका सबै लिङ्गका मानिसहरूमा वैदेशिक रोजगारी, शैक्षिक परामर्श, अन्तरदेशीय विवाह, पर्यटन तथा साँस्कृतिक कार्यक्रम, बालश्रम, बालदासत्व, धर्मपुत्र/धर्मपुत्री, जबर्जस्ती बालविवाह, बँधुवा, मानव अङ्ग प्रत्यारोपण, यौनदासत्व, व्यावसायिक यौनशोषण, गैरकानुनी आप्रवासन आदिजस्ता कार्यको रूपमा मानव बेचबिखन हुने गरेको पाइन्छ।

## २) मानव बेचबिखनको परिभाषा

मानव बेचबिखन तथा ओसारपसारको परिभाषा विभिन्न दस्तावेजमा फरक फरक भए तापनि मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ मा उल्लेख गरिएको परिभाषामा मानव बेचबिखन भन्नाले कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने, कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, प्रचलित कानुनबमोजिमबाहेक मानिसको अङ्ग झिक्ने, वेश्यागमन गर्ने कार्यलाई बुझाउँछ। त्यसै गरी ओसारपसार भन्नाले किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने, वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले ललाईफकाई, प्रलोभनमा पारी, झुक्याई,

---

** कार्यकारी निर्देशक, एस. एण्ड एस. डेभलपमेन्ट कन्सल्टेन्सी प्राइभेट लिमिटेड*

जालसाज गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने, भन्ने बुझिन्छ।

### ३) नियन्त्रणको थालनी

नेपालमा सदियौँदेखि कमैया प्रथा, हलिया प्रथा, दास प्रथा जस्ता मानिसहरूको अमानवीय शोषण गर्ने प्रथाहरू थिए। नेपालमा रहेको दास प्रथालाई इतिहासको विभिन्न कालखण्डमा अन्त्य गर्ने प्रयास भए तापनि वि.सं. १९८१ वैशाखमा तत्कालीन प्रधानमन्त्री चन्द्रसमशेरले ५९८५३ (उनन्साठी हजार आठसय त्रिपन्न) जना दासदासीहरू मुक्त गरी आधिकारिकरूपमा दासप्रथाको अन्त्य भएको घोषणा गरेको पाइन्छ। कानुनीरूपमा दासप्रथाको अन्त्य गरिए तापनि बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा अवशेषको रूपमा रहेको कमैया प्रथा वि.सं. २०५७ साउन २ गते कानुनीरूपमा नै अन्त्य गरिएको थियो। त्यसै गरी नेपालको विभिन्न जिल्लाहरूमा रहेको हलिया प्रथा वि.सं. २०६५ भदौ २१ गते अन्त्य भएको थियो।

### ४) वर्तमान अवस्थाको विश्लेषण

कानुनीरूपमा दासप्रथा अन्त्य भए तापनि यसले समयको गतिसँगै मानव बेचबिखन तथा ओसारपसारका घटनाहरूमा पनि परिवर्तन हुन थालेको पाइन्छ। घरेलु हिंसाबाट पीडित/प्रभावित महिला तथा किशोरीहरूलाई शहरहरूमा सञ्चालित दोहोरी साँझ, डान्सबार, मसाज सेन्टर, खाजाघर, पार्लरजस्ता मनोरञ्जनका क्षेत्रहरूमा काम लगाउँदा श्रम शोषण, यौन दुर्व्यवहार एवं शोषण हुँदै आएको घटना विभिन्न सञ्चार माध्यमहरूबाट थाहा हुने गरेको छ।

अपराधमा संलग्न व्यक्तिहरूले अशिक्षा तथा चरम गरीबीबाट पीडित/प्रभावित गाउँका सोझा युवतीहरूलाई प्रेमजालमा पारी भगाई वा युवतीका बाबु/आमा तथा आफन्तहरूलाई समेत प्रलोभनमा पारी विवाह गरी वा विवाह गर्ने बाहनामा भारतलगायत अन्य देशमा बेचबिखन गर्ने गरेका घटनाहरू विभिन्न समयमा प्रकाशित घटनाहरूबाट थाहा हुने गरेको छ। यसको अलावा खानलाउन दिने तथा पढाइदिने भनी शहरका धनाढ्य व्यक्ति, राजनीतिक तथा सामाजिक अगुवाले परिवारको सहमतिमा घरायसी काम गर्न बाध्य पारिएका बालबालिकाहरूको यकिन तथ्याङ्क कहीं कतै भेटिंदैन।

हिजोआज सरोगेस (भाडामा बच्चा जन्माउने) र विदेशी नागरिकहरूसँग विवाह गर्ने नाममा पनि मानव बेचबिखन तथा ओसारपसारको जोखिम बढिरहेको छ। रोजगारीका लागि तेस्रो मुलुकमा पठाउँदा भारतको भूमि प्रयोग गरी खाडी मुलुकहरू, जापान, हङकङ, कोरिया, आदिमा पठाउने हुँदा यस्ता कामदारहरूको नेपाल सरकारसँग यकिन तथ्याङ्क उपलब्ध छैन। नेपालबाट श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जानको लागि ११० देश खुला गरिएको छ। लिबिया, इरान र अफगानिस्तानमा

रोक लगाइए पनि ती देशमा पनि अवैध तरिकाबाट गइरहेको अवस्था देखिन्छ। नेपालका तराईका जिल्लाहरूबाट भारतमा दैनिक उपभोग्य सामानहरू किनमेल गर्न जाने प्रवृत्तिले गर्दा झन जोखिम बढिरहेको अवस्था छ। प्रहरीले बेलाबेलामा नक्कली श्रम स्वीकृति बनाएर वैदेशिक रोजगारीमा जानेहरूलाई पक्राउ गरेबाट अवैधानिकरूपमा वैदेशिक रोजगारीमा जानेको संख्या ठूलो रहेको अनुमान गर्न सकिन्छ।

नेपाललाई मानव बेचबिखन तथा ओसारपसारका दृष्टिकोणबाट स्रोत राष्ट्रको रूपमा मानिदै आइएकोमा हालको समयमा स्रोत, ट्रान्जिट हुँदै गन्तव्य राष्ट्रको रूपमा पनि परिणत भइसकेको सरोकारवालाहरू बताउँछन्। मानव बेचबिखनबाट महिला र किशोरीहरू बढी पीडित/प्रभावित हुने गरेकोमा पछिल्लो समयमा पुरुषको संख्या पनि बढ्दै गएको छ। विदेश पठाइदिने भनेर हवाईजहाज चढाएर नेपालकै अन्य शहरमा पुऱ्याइने घटनासमेत सुनिन थालेका छन्। नेपालीहरूलाई भुटानी शरणार्थी बनाई अमेरिका पठाएको घटनाका अभियुक्तलाई पक्रेर मुद्दा चलाइएको अवस्थाले मानव बेचबिखनले नयाँनयाँ स्वरूप लिंदै गएको पुष्टि भएको छ।

## ५) मानव बेचबिखन तथा ओसारपसार विरुद्धका नीतिगत व्यवस्था

नेपालले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि विगत लामो समयदेखि विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। नेपालले मानव बेचबिखन तथा ओसारपसारलाई गम्भीर अपराधको रूपमा स्वीकार गरी अन्तर्राष्ट्रिय र क्षेत्रीय सन्धिहरूसमेत अनुमोदन गरेको छ। मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि नेपालले अवलम्बन गरेका मुख्य नीति तथा कानुनहरू यस प्रकार रहेका छन्।

### क) नीतिहरू

**१. वैदेशिक रोजगार नीति, २०६८**

यस नीतिमा नेपालीका लागि अन्तरराष्ट्रिय श्रम बजारमा रोजगारका अवसरहरूको पहिचान तथा प्रवर्धन गर्ने रहे तापनि छिमेकी देश भारतमा काम गर्न जानेको संख्या थाहा पाउन आवश्यक ठानिएको छैन। भारतमा जानेको अभिलेख नहुँदा भारतको बाटो भएर तेस्रो मुलुकमा मानव बेचबिखन तथा ओसारपसारमा नियन्त्रण गर्न चुनौती रहेको छ। वैदेशिक रोजगारीमा जाँदा ज्यान गुमाउने, भौतिक हिंसा र यौनहिंसाका साथै मानव तस्करीका विषयहरू पेचिला बन्ने गरेका छन्। विदेशमा अलपत्र परेका र उद्धारको पर्खाइमा रहेका श्रमिकहरूको संख्या पनि उल्लेख्य रहेको छ। यस विषयमा यो नीतिले सम्बोधन गर्न सकेको देखिँदैन।

**२. बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९**

यस नीतिमा जोखिममा परेका र सीमान्तकृत बालबालिकाको लागि तत्काल उद्धार र राहत सेवा प्रदान गर्ने व्यवस्था गर्ने उल्लेख गरिएको छ। जोखिममा परेका बालबालिकाको तुरुन्त उद्धार, राहत र पुनर्स्थापनाका लागि कोषको व्यवस्था गरी परिचालन गर्ने उल्लेख गरिएको छ। बेचबिखन

र ओसारपसारबाट उद्धार गरिएका बालबालिकाका सुरक्षाको प्रत्याभूति, तिनीहरूको परिवार तथा समुदायमा पुनर्स्थापनाको व्यवस्था गर्ने उल्लेख गरिएको छ। यस नीतिमा उल्लेख भए बमोजिमका कार्यहरू प्रभावकारी रूपका कार्यान्वयन हुन सकेको अवस्था छैन।

## ख) ऐन तथा नियमावलीहरू

### १) नेपालको संविधान

नेपालको संविधानमा कुनै पनि महिला, पुरूष र बालबालिकालाई बेचबिखन गर्न, दास वा बाँधा बनाउन र इच्छा विरुद्ध काममा लगाउन नपाइने व्यवस्था गरेको छ। कसैलाई पनि हिंसा, शोषण तथा अनुचित प्रयोग गर्न नपाइने व्यवस्था गरी बालबालिका र महिलाका विशेष अधिकारहरू प्रत्याभूत गरिएको छ। संविधानको धारा २९ को शोषण विरूद्धको हकअन्तर्गत उपधारा-३ ले प्रष्ट रूपमा कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन भन्ने उल्लेख गरिएको छ। यसै गरी धारा ३८ को महिलाको हक र धारा ३९ मा बालबालिकाको हकको व्यवस्थाबाट पनि महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार कार्यलाई निषेध गरेको छ। यस कार्यलाई संवैधानिक रूपमा निषेध गरिए तापनि प्रभावकारी कार्यान्वयनको खाँचो रहेको देखिन्छ।

### २) मुलुकी फौजदारी कार्यविधि संहिता २०७४

मुलुकी ऐन २०२० लाई प्रतिस्थापन गरेको मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ११६ को उपदफा (२) मा मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्धा फिर्ता लिन नसकिने उल्लेख गरिएको छ।

### ३) वैदेशिक रोजगार ऐन, २०६४ तथा नियमावली २०६४

यस ऐन बमोजिम श्रम स्वीकृति, वैदेशिक रोजगार व्यवसायीको नियमन, कामदारको सुरक्षा, उद्धार, पुनरएकीकरण, क्षमता विकासका कामहरू सञ्चालन हुँदै आएको छ। छिमेकी भारतसँगको खुला सिमानाको कारण वैदेशिक रोजगारीमा पठाउँदा इजाजतपत्रबिना नै जाने गर्नाले यस ऐन तथा नियमावलीले नियमन गर्न सकेको छैन।

### ४) नेपालले अनुमोदन गरेका अन्तरराष्ट्रिय कानुनहरू

नेपाल सरकारले संयुक्त राष्ट्र सङ्घले पारित गरेका प्रमुख मानव अधिकार महासन्धिहरू र अन्तर्राष्ट्रिय श्रम संगठनका महासन्धिहरू अनुमोदन गरेपछि त्यसमा भएका व्यवस्थाहरू नेपालमा कानुनसरह लागु हुने तथ्यको सुनिश्चितता सन्धि ऐन, २०४७ ले गरेको छ।

## क) संस्थागत संरचनाहरू र तिनको भूमिका

### १) प्रतिनिधिसभाअन्तर्गत रहेको महिला तथा सामाजिक समिति

संविधानको धारा ९७ अधिनमा रही तथा सङ्घीय संसद, प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७० अनुसार महिला तथा सामाजिक समिति गठन गरिएको छ। यसको कार्यक्षेत्रमा महिला,

बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग र मुस्लिम आयोग तोकिएको छ। यस समितको पहलमा छाउपडी, बोक्सी प्रथा, महिला हिंसा जस्ता कुप्रथा न्यूनीकरणका लागि सम्बन्धित निकायमा निर्देशन तथा अनुगमन गर्ने गरेको छ।

**२) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

यस कार्यालयले नेपाल पक्ष राष्ट्र भएका सन्धि, महासन्धि आदिको कार्यान्वयन गर्ने सम्बन्धित सबै पक्षसँग सहकार्य गरी ती नीतिको आधारमा अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य गर्दछ। नेपाल सरकारको कार्यविभाजन नियमावली २०७४ अनुसार मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको जिम्मेवारी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई तोकिएको भए तापनि यस कार्यालयले हेलो सरकारको माध्यमबाट मानव बेचबिखन तथा ओसारपसारका उजुरी तथा गुनासाहरूको सम्बोधन गर्दै आएको छ। मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (२०७७/७८-२०८१/८२) तथा विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) बाट प्राप्त सिफारिस कार्यान्वयन कार्ययोजना (२०७८-२०८२) मा मानव बेचबिखनका विषय समावेश गरिएको अवस्था छ।

**३) कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय**

यस मन्त्रालयले मानव बेचबिखनसम्बन्धी ऐन तर्जुमा तथा संशोधनमा सहजीकरण गर्ने, अन्तर्राष्ट्रिय प्रावधानहरूको नेपालले स्वीकार गर्ने सम्बन्धमा कानुनी सहयोग प्रदान गर्ने कार्य गरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी कानुन निर्माणमा पनि महत्वपूर्ण भूमिका निभाउँदै आएको छ।

**४) गृह मन्त्रालय**

जनताको माग र आधारभूत आवश्यकता अनुरूप गृह प्रशासनलाई सञ्चालन गरी देशमा भरपर्दो शान्ति सुरक्षा प्रदान गर्नु गृह प्रशासनको लक्ष्यमुताबिक मानव बेचबिखन तथा ओसारपसार जस्ता कार्यको सूक्ष्म निगरानी गर्ने, पीडित/प्रभावितको खोजी तथा उद्धार गर्ने, पीडकलाई पक्राउ गर्ने, अपराधको पुर्पक्षमा रहेका वा कैद सजाय पाएका अभियुक्तहरूलाई कारागारमा राख्ने, नेपाल भारत सीमामा भारतीय समकक्षीहरूसँग सम्पर्क, सम्बन्ध, समन्वय गरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गरी बेचबिखनका पीडित/प्रभावितहरूको संरक्षणका लागि आवश्यक पहल, उद्धार, स्वदेश फिर्ती गराउनेजस्ता कार्यहरू गर्ने गर्दछ।

**५) नेपाल प्रहरी मानव बेचबिखन अनुसन्धान ब्यूरो**

नेपाल प्रहरी मानव बेचबिखन अनुसन्धान ब्यूरो हाल प्रहरी नियमावली, २०७१ बमोजिम सञ्चालित गरिएको हो। यसले मानव बेचबिखन तथा ओसारपसारको रोकथाम, अनुसन्धान, पीडित/प्रभावितको उद्धार र संरक्षण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा समन्वय र साझेदारी गरी मानव बेचबखिन नियन्त्रणमा अग्रपंक्तिमा रहेर भूमिका निर्वाह गर्दै आएको छ। यसको साथै मानव बेचबिखन तथा ओसारपसारसँगसम्बन्धी पीडित/प्रभावित तथा पीडकहरूको तथ्याङ्क व्यवस्थापन गर्दै आएको छ।

**६) परराष्ट्र मन्त्रालय**

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि यस मन्त्रालयले विदेशमा रहेका नेपाली नागरिकको संरक्षण गर्ने, अन्तर्राष्ट्रिय र क्षेत्रीय सञ्जालहरूसँग समन्वय तथा सहकार्य गर्ने, नागरिकको रक्षाका लागि विदेशस्थित नेपाली नियोगसँग समन्वय गर्दै आएको छ। विदेशको भूमिमा घटेका वा विदेशी नागरिकको संलग्नता रहेको मानव बेचबिखन तथा ओसारपसारजस्तो अमानवीय अपराधिक घटना वा मामिलाको अनुसन्धान तथा आवश्यक कारबाही गर्दै आएको छ। साउदी अरब, कुवेत, कतार र संयुक्त अरब इमिरेट्समा आवश्यक पर्दाको बखतमा अल्पकालीन सुरक्षा आवासगृहहरू सञ्चालन गरी पीडित/प्रभावितहरूलाई सहयोग गर्दै आएको छ। विदेशमा अलपत्र परेका नेपालीहरूको उद्धार, मृत्यु भएका कामदारहरूको शव नेपाल झिकाउने जस्ता कार्यहरू सम्पादन गर्नका लागि विदेशस्थित नेपाली नियोगहरूसँग आवश्यक समन्वय गर्ने कार्य गर्दै आएको छ।

**७) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ अनुसार बेचबिखन तथा ओसारपसार नियन्त्रणको जिम्मेवारी पूरा गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यस मन्त्रालयअन्तर्गत मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखा, महिला तथा बालबालिका विभाग, पुनर्स्थापना केन्द्र, सेवा केन्द्र, राष्ट्रिय बाल अधिकार परिषद्, समाज कल्याण परिषद् आदि निकायहरू मानव बेचबिखन नियन्त्रण कार्यमा संलग्न रहेका छन्।

**८) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखा**

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अन्तर्गत रहेको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखाले मानव बेचबिखन तथा ओसारपसार विरुद्ध काम गर्ने सरकारी तथा गैरसरकारी संस्थाहरूले गरेका गतिविधिलाई समेटेर वार्षिकरूपमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण प्रतिवेदन प्रकाशित गर्दै आएको छ। यसै क्रममा मानव बेचबिखन नियन्त्रणको कार्यमा व्यक्तिगत तथा संस्थागत तवरबाट महत्वपूर्ण योगदान पुऱ्याउनुहुने विभिन्न व्यक्ति तथा संघसंस्थाहरूलाई प्रत्येक वर्ष भाद्र २० गते मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय दिवसको उपलक्ष्य पारी पुरस्कार तथा सम्मान प्रदान गर्दै आएको छ।

**९) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालय**

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा २३ तथा नियमावली, २०६५ को नियम ३ मा व्यवस्था गरिएबमोजिम यस सचिवालयले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा गरी मन्त्रालयमा पेश गर्ने, स्वीकृत नीति, योजना, कार्यक्रम कार्यान्वयन गर्ने गराउने तथा अनुगमन गर्ने, विदेशमा अलपत्र परेका पीडित/प्रभावितको उद्धार गर्ने र निजको सहमतिमा स्वदेश फर्काउने लगायतका कार्यहरू गर्दै आएको छ।

**१०) महिला तथा बालबालिका विभाग**

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अन्तर्गत महिला तथा बालबालिका विभागको

स्थापना गरिएको छ। यस विभागले ७५३ ओटा स्थानीय तहमा हुने सामाजिक विकास शाखा/उपशाखा/एकाइसँग समन्वय गरी महिला बालबालिकासँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्दै आएको छ।

**११) पुनर्स्थापना केन्द्र**

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा १३ तथा नियमावली, २०६५ को नियम ११ बमोजिम पीडित/प्रभावित व्यक्तिलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिकरूपमा पुनर्स्थापना गराउनका लागि नेपाल सरकारले आवश्यकताअनुसार पुनर्स्थापना र पुनर्मिलन गराउनको लागि पुनर्स्थापना केन्द्र स्थापना गर्न सक्ने व्यवस्था गरेको छ।

**१२) राष्ट्रिय बाल अधिकार परिषद्**

सङ्घीय सरकारले बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ५९ ले व्यवस्था गरे अनुरूप बाल अधिकारको संरक्षण र संवर्धनका कार्यहरू गर्न गराउनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्रीको अध्यक्षतामा राष्ट्रिय बालअधिकार परिषद् गठन गरिएको छ। यस 'परिषद्ले तीनै तहका सरकारहरूलाई नीतिगत परामर्श, क्षमता विकासका कार्यक्रमहरू तथा बालसंरक्षण' संयन्त्र (बाल हेल्पलाइन सेवा १०९८ र बालबालिका खोजतलास सेवा १०४( को सञ्चालन गर्दै आएको छ। काठमाडौं उपत्यकाको हकमा १०४ नम्बर बालबालिका खोजतलास समन्वय केन्द्र भृकुटीमण्डपमा सञ्चालन गरिएको छ। हराएका बालबालिकाको खोजी गर्न बालबालिका खोजतलास सेवा केन्द्र १०४ र बाल हेल्पलाइन १०९८ सञ्चालनमा रहेको छ।

**१३) प्रदेश र स्थानीय तहको बाल अधिकार समिति**

नेपाल सरकारले बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (१) मा प्रत्येक प्रदेशमा बालबालिकासम्बन्धी विषय हेर्ने मन्त्रीको अध्यक्षतामा प्रदेश बालअधिकार समिति रहने व्यवस्था गरेको छ। यस दफाको उपदफा (२) मा प्रत्येक स्थानीय गाउँ कार्यपालिका उपाध्यक्ष वा नगरपालिकाको उपप्रमुखले तोकेको कार्यपालिकाको अध्यक्षतामा स्थानीय बालअधिकार समिति रहने व्यवस्था गरेको छ। बालअधिकार समितिको कामकर्तव्य र अधिकार तथा बैठकसम्बन्धी कार्यविधि प्रदेश र स्थानीय तहले निर्धारण गरेबमोजिम हुने व्यवस्था गरिएको छ।

**१४) श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

यस मन्त्रालयको काम वैदेशिक रोजगारको नीति निर्माण, मातहतका निकायको अनुगमन, नियमन र वैदेशिक रोजगारको समग्र व्यवस्थापन अनुकूल वातावरण निर्माण गर्नु रहेको छ। नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ अन्तर्गत यसले मन्त्रालयले वैदेशिक रोजगारसम्बन्धी नीति, कानुन, मापदण्ड, व्यवस्थापन र नियमन, रोजगारसम्बन्धी तथ्याङ्क व्यवस्थापन, अध्ययन र अनुसन्धान, श्रम सहचारीको व्यवस्थापन, रोजगार उन्मुख सीपमूलक एवं व्यावसायिक तालिम सञ्चालन, मन्त्रालयसम्बन्धी अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि सम्झौता गर्ने कार्यको जिम्मेवारी दिएको छ।

**१५) वैदेशिक रोजगार बोर्डको सचिवालय**

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३८ अनुसार वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन र कामदार तथा व्यवसायीको हकहित प्रवर्धन गर्न वैदेशिक रोजगार बोर्डको सचिवालयले नेपाली कामदारले विदेशमा कमाएको आय सरल र सुलभ तरिकाले नेपाल भित्र्याउने सम्बन्धमा आवश्यक प्रबन्ध मिलाउनको लागि नेपाल सरकारलाई परामर्श दिने कार्य गर्दै आएको छ। वैदेशिक रोजगारमा जाने कामदारका लागि बोर्डले स्वीकृत गरेको पाठ्यक्रमअनुसार अभिमुखीकरण, तालिम दिंदै आएको छ। वैदेशिक रोजगारमा जाने कामदारले वैदेशिक रोजगार कल्याणकारी कोषमा निश्चित रकम जम्मा गर्नुपर्ने व्यवस्था छ। उक्त रकम अभिमुखीकरण, तालिम र सूचनामूलक जानकारी सम्प्रेषण जस्ता कार्यहरूमा समेत खर्च गर्न सकिने व्यवस्था गरिएको छ।

**१६) वैदेशिक रोजगार विभाग**

वैदेशिक रोजगार ऐन, २०६४ ले वैदेशिक रोजगारमा जाने नेपाली कामदारहरूलाई श्रमस्वीकृति दिने अधिकार वैदेशिक रोजगार विभागलाई दिएको छ। श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा जाने नेपाली कामदारहरूको विवरण वैदेशिक रोजगार व्यवस्थापन सूचना प्रणालीमा एकीकृत गरी राख्ने रहेको छ। वैदेशिक रोजगारीमा जाने कामदारहरूको लागि वैदेशिक रोजगार विभाग सम्पर्क बिन्दु भएको कारण औपचारिक माध्यमबाट विप्रेषण भित्र्याई उत्पादनमूलक क्षेत्रमा उपयोग गर्नका लागि कामदारहरूलाई सूचना तथा जानकारी दिने नेपालले ११० ओटा देशमा श्रम स्वीकृति लिएर विदेशमा काम गर्ने अनुमति दिंदै आएको अवस्था छ।

**१७) वैदेशिक रोजगार न्यायाधिकरण**

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ मा उल्लेख भएका कसूरहरूमध्ये वैदेशिक रोजगार विभागबाट सजाय हुने भनी लेखिएका कसूरबाहेक अन्य कसूरहरूमा शुरु कारबाही र किनारा लगाउनका लागि यस न्यायाधिकरणले कार्यसम्पादन गर्दै आइरहेको छ। यस न्यायाधिकरणमा दायर हुने वैदेशिक रोजगारसम्बन्धी कसुर मुद्धाका असमर्थ पक्षलाई निशुल्क कानुनी सहायता प्रदान गर्ने व्यवस्था गरिएको छ।

**१८) प्रदेश सरकार**

साविकमा जिल्ला तहमा भएका महिला तथा बालबालिका कार्यालयहरू खारेज भई प्रदेश तथा स्थानीय तहमा समायोजन भएर महिला तथा बालबालिकाका सवालहरू प्रदेश तथा स्थानीय तहले हेर्ने व्यवस्था मिलाइएको छ। महिला तथा बालबालिका कार्यालयहरूबाट सम्बोधन हुँदै आएको मानव बेचबिखन तथा ओसारपसार विरुद्ध निरोधात्मक, संरक्षणात्मक तथा न्यायमा पहुँच अभिवृद्धिसम्बन्धी विभिन्न कार्यक्रमहरू हाल प्रदेश तथा स्थानीय सरकारबाट सञ्चालन हुने व्यवस्था गरिएको छ।

**१९) स्थानीय सरकार**

विगतमा केन्द्र मातहत रहेका सम्बद्ध निकायहरू परिचालन गरी मानव बेचबिखन विरुद्धका कार्य स्थानीय सरकारले गर्दै आएको छ। स्थानीय नीति कानुन र कार्यक्रममा मानव बेचबिखन नियन्त्रणको विषय समावेश गरिएको छ।

**२०) दिगो विकासको लक्ष्य २०३०**

दिगो विकासको लक्ष्य २०३० को लक्ष्य नं ५.२ मा मानव बेचबिखन र यौन शोषणसहित सार्वजनिक र निजी क्षेत्रमा महिला, बालिका र किशोरीमाथि हुने सबै प्रकारका हिंसाको अन्त्य गर्ने रहेको छ। नेपालले २१०० सम्ममा बालबालिका तथा किशोर किशोरीहरूलाई सबै प्रकारका हिसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरूको हक अधिकार संरक्षण तथा प्रवर्धन गर्ने मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका समूह/समुदायको सामाजिक आर्थिक रूपान्तरण गर्ने, गरीबीको रेखामुनि रहेको जनसंख्या एकल अङ्गमा ल्याउने, उत्पादनशील क्षेत्रमा रोजगारी अभिवृद्धि गरी बेरोजगारी दर तथा श्रमको अल्प उपयोगमा उल्लेखनीय रूपमा कमी ल्याउने लक्ष्य लिएको छ।

## ख) मानव बेचबिखन नियन्त्रणका लागि न्यायपालिकाको भूमिकाको समीक्षा

**१) सर्वोच्च अदालत**

यस अदालतले अन्य प्रकृतिको मुद्धा लगायत मानव बेचबिखन तथा ओसारपसारको कार्यबाट पीडित/प्रभावितहरूको संरक्षण र न्याय दिलाउने कार्यका लागि समय/समयमा महत्वपूर्ण फैसला, निर्णय तथा निर्देशनात्मक आदेशहरू जारी गरी नजिर बनाउने रहेको छ। यसबाट मानव बेचबिखन तथा ओसारपसारका पीडित/प्रभावितहरूको संरक्षण गरी उनीहरूलाई न्याय दिलाउने कार्यमा महत्वपूर्ण भूमिका रहेको छ। यस अदालतको वार्षिक प्रतिवेदन २०७८ अनुसार मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी ४० ओटा मुद्धाहरूको फैसला गरी नजिर स्थापना गरेको छ।

**२) उच्च अदालत**

संविधानको धारा १४४ को उपधारा १ मा संविधान प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भएपनि सो उपचार प्रयाप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानुनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै कानुनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने अधिकार उच्च अदालतलाई दिएको छ। यसको प्रयोजनका लागि उच्च अदालतले बन्दी प्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा जस्ता उपयुक्त आदेश जारी गर्न सक्ने छ। सङ्घीय कानुन बमोजिम उच्च अदालतले शुरू मुद्दा हेर्ने, पुनरावेदन सुन्ने र साधक जाँच्ने लगायतका कार्यहरू ७ ओटा प्रदेशमा स्थापित ७ ओटा उच्च अदालत तथा उक्त उच्च अदालतका विभिन्न ९ ओटा इजलास र २ ओटा अस्थायी इजलास गरी कुल १८ ओटा अदालत तथा इजलासहरूबाट हुँदै आएको छ। यस अदालतले मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित मुद्धाहरूलाई संक्षिप्त कार्यविधि ऐन २०२८ अपनाएर छिटोछरितो रूपमा न्यायसम्पादन गर्ने प्रावधान राखिएको छ।

**३) जिल्ला अदालत**

नेपालको संविधानको धारा १४८ अनुसार प्रत्येक जिल्लामा एकएक ओटा गरी नेपालभरिमा ७७ ओटा जिल्ला अदालतहरूको स्थापना गरिएको हो। जिल्ला अदालतले न्याय प्रशासन ऐन, २०७३ को दफा ७ मा जिल्ला अदालतको अधिकार क्षेत्र तोकिएको छ। यसै अधिकार क्षेत्रभित्र रहेर यस अदालतले

अन्य प्रकृतिका मुद्धाहरूको अलावा मानव बेचबिखन र ओसारपसारसम्बन्धी मुद्दाहरूको समयमै मुद्दा फैसला गरी न्याय दिलाउने, गोपनीयता कायम राख्ने, पीडित/प्रभावित तथा साक्षीको संरक्षण गर्ने, पीडित/प्रभावितका तर्फबाट बहसपैरवी गर्ने कानुन व्यवसायी नियुक्त गर्ने, कानुन बमोजिमको सजाय तोक्ने, पीडित/प्रभावितलाई क्षतिपूर्ति भराउने जस्ता उदाहरणीय फैसला तथा निर्णय गर्दै आएको छ। यसको अलावा मानव बेचबिखनका लागि कारक तत्वको रूपमा रहेको घरेलु हिंसासम्बन्धी स्थानीय तहबाट सिफारिस भई आएका मुद्धाहरू पनि यस अदालतले हेर्दै आएको छ।

**४) महान्यायधिवक्ताको कार्यालय**

यस महान्यायाधिवक्ताको कार्यालयले नेपाल सरकारलाई मुख्य कानुनी सल्लाहकारको भूमिका निभाई सरकारलाई संवैधानिक एवं कानुनी विषयमा रायसल्लाह प्रदान गर्ने गर्दछ। मानव बेचबिखन तथा ओसारपसारविरुद्धका मुद्दा सरकारवादी अन्तर्गत पर्ने हुँदा यस कार्यालयले त्यस्ता मुद्दामा नेपाल सरकारको तर्फबाट अभियोजन गर्ने गरेको छ। नेपालको संविधानको धारा २० को उपधारा १० ले व्यवस्था गरेबमोजिम असमर्थ पक्षलाई कानुन बमोजिम निःशुल्क कानुनी सहायता पाउने व्यवस्था तथा एकीकृत कानुनी सहायता नीति, २०७६ ले व्यवस्था गरेअनुसार असमर्थ पक्षको तर्फबाट कानुनी सहायतासम्बन्धी व्यवस्था गर्ने कार्यमा माननीय कानुन न्याय तथा संसदीय मामिला मन्त्रीको अध्यक्षतामा गठन हुने १५ सदस्यीय राष्ट्रिय कानुनी सहायता परिषद्मा महान्यायाधिवक्ता पदेन सदस्य रहने व्यवस्था गरेको छ। प्रदेशस्तरमा असमर्थहरूका लागि कानुनी सहायता प्रदान गर्नका लागि प्रदेश र स्थानीय तहमा एकीकृतरूपमा कानुनी सहायता उपलब्ध गराउन प्रत्येक प्रदेशमा प्रदेश कानुनी सहायता समिति रहने व्यवस्था गरिएको छ। प्रदेश कानुनी सहायता समिति बनाउने अधिकार सम्बन्धित प्रदेशमा रहने व्यवस्था गरिएको छ।

**निष्कर्षहरू**

- नेपाली महिला र बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार एसिया, मध्य पूर्व, अफ्रिका, युरोप र अमेरिकाका विभिन्न मुलुकसम्म पुगेको कुरा विभिन्न समयमा सरकारी तथा सामाजिक अभियान्ताबाट उद्धार गरिएको तथ्याङ्कबाट समेत पुष्टि भएको छ।
- नेपालका काठमाडौं, पोखरा लगायतका शहरहरूलाई ट्रान्जिट बनाउँदै अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउन विशेष गरी भारतीय मार्ग प्रयोग भइरहेको देखिन्छ।
- भारतसँगको सीमा नाकामा प्रहरी र माइती नेपालको उपस्थिति देखिए पनि नेपाल भारतबिचको खुला सीमानाले पनि यस कार्यको लागि सहयोग पुगेको देखिन्छ।
- वैदेशिक रोजगारीमा जाँदा लेनदेनमा कुरा नमिलेपछि मात्र मानव बेचबिखन तथा अनुसन्धान ब्यूरोमा निवेदन दिन आउने गरेको पाइन्छ।
- आर्थिक तथा सामाजिक रूपले पिछडिएका परिवारका कम उमेरका महिला, किशोरी, युवा र बालबालिकाहरू बेचबिखनको जोखिममा रहेका पाइन्छ।

- राष्ट्रिय कार्ययोजनाको रणनीति १.३ मा मानव बेचबिखन तथा ओसारपसारका कारक तत्वहरूलाई सम्बोधन गर्न जोखिमउन्मुख समुदायमा विशेष गरी किशोर किशोरीहरूको जोखिम न्यूनीकरण गर्न औपचारिक शिक्षाका माध्यमहरूको पहिचान गर्ने रहेको छ। यस रणनीतिअन्तर्गत मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित सवालहरूलाई ग्रामीण समुदायमा जनचेतना अभिवृद्धि गर्नका लागि नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रले औपचारिक तथा अनौपचारिक दुवै किसिमका शिक्षातर्फ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा सहयोग पुऱ्याउन माध्यमिक तहसम्मका विद्यार्थीलाई यस बारेमा चेतना जगाउने खालका विषय/पाठहरू कक्षा ६ देखि १० सम्मका सामाजिक विषयहरूमा समावेश गरेको छ।
- अन्तर्राष्ट्रिय श्रम बजारमा यौन व्यावसायका लागि माग अत्यधिक भएकोले किशोरीहरू, महिला तथा बालिकाहरूलाई आफ्नै परिवार, नातागोता तथा छिमेकी परिचित व्यक्ति र आफन्तबाट बेचिने गरेको पीडित/प्रभावितले दिएको निवेदनबाट पुष्टि हुने गरेको सरोकारवालाहरू बताउँछन्।
- देशमा सङ्घीय शासन प्रणाली लागु हुनुपूर्व स्थापित १० ओटा मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको संरक्षण तथा पुनर्स्थापनाका लागि स्थापित पुनर्स्थापना केन्द्रहरू हालसम्म पनि निरन्तर सञ्चालनमा रहेका छन्।
- मानव बेचबिखन तथा ओसारपसारका घटनाका अभियुक्तहरू शारीरिक परिश्रम नगरी बिना लगानी सजिलै धन कमाउन सकिने महसुस गरी यस कार्यमा संलग्न भएको पाइन्छ।
- मानव बेचबिखन जस्तो जघन्य अपराधमा पनि पैसाको प्रलोभन, आफन्तहरूको भनसुनले गर्दा पीडित/प्रभावितहरू मुद्धामामिलाको झन्झटमा पर्न चाहदैनन्।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ कोदफा ११ मा गाउँपालिका तथा नगरपालिलकाको कामकर्तव्य र अधिकारमा सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तलुन भएका व्यक्तिहरूको पुनर्स्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनगुमन र नियमन गर्ने जिम्मेवारी तोकेको छ तर मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कार्यसम्बन्धी कुनै पनि व्यवस्थान गर्दा यी सवालहरू ओझेलमा परेको देखिन्छ।
- वैदेशिक रोजगारीलाई टेवा पुर्‍याउनका लागि स्थापित अधिकांश वैदेशिक रोजगारका एजेन्सीहरू, सांस्कृतिक/सांगीतिक कार्यक्रमका नाममा विदेश यात्रा गराउने कम्पनीहरू, विदेशी नागरिकसँग विवाह गराइदिने म्यारिज ब्यूरो जस्ता संस्था, मनोरञ्जन क्षेत्रमा कार्यरत विभिन्न किसिमका व्यवसायमूलक संस्थाहरूको क्रियाकलापले पनि मानव बेचबिखन जस्ता जघन्य अपराधका घटनाहरूमा वृद्धि हुँदै गएको पाइन्छ।

## सुझावहरू

- मानव बेचबिखन तथा ओसारपसारमा संलग्नताको आरोप लागेका अधिकारीहरू, कामदार छनोटकर्ताहरू र श्रम बेचबिखनका लागि सब-एजेन्टहरूलाई बेचबिखन कसुरहरूसम्बन्धी अनुसन्धान, अभियोजन र अभियोगहरू लगाई सत्य तथ्य कुरा पत्ता लगाउने।
- मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले संवेदनशील क्षेत्रहरूका विद्यालय तहका विद्यार्थीलाई श्रव्य र दृश्य सामग्रीहरूमार्फत् मानव बेचबिखनको अवस्था, कारण, दलालहरूले अपनाउने तौरतरिका, सम्पर्क स्थानहरू, कानुनी व्यवस्था, वैदेशिक रोजगार, सुरक्षित बसाइँसराइ र मानव बेचबिखन विरुद्ध विद्यार्थीको भूमिका लगायतको बारेमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।
- वैदेशिक रोजगारऐन २०६४ कोदफा ४३ मा इजाजतपत्र नलिईकन वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेमा वा कसैलाई वैदेशिक रोजगारीमा लगाइदिन्छु भनी झुट्टो आश्वासन दिई वा प्रलोभन देखाई वैदेशिक रोजगारीमा लगाइदिने उद्देश्यले कुनै रकम लिएमा वा विदेशप ठाएमा त्यसरी लिएको रकम र सो अन्तर्गतको पचास प्रतिशतले हुने हर्जाना बापत असूल गरी त्यस्तो व्यक्तिलाई विदेश जान र आउन लागेको खर्चसमेत भराइ निजलाई तीन लाख रुपियाँदेखि पाँच लाख रुपियाँसम्म जरिवाना र तीन वर्षदेखि सात वर्षसम्म कैद हुने व्यवस्थालाई प्रभावकारीरूपमा लागु गर्नुपर्ने।
- सबै पीडित/प्रभावितहरू, विशेष गरी पुरुष तथा किशोरहरू र विदेशमा शोषित कामदारहरूका लागि आश्रयस्थल र स्वदेश फिर्ता लगायत पीडित/प्रभावित हेरचाहको उपलब्धता र क्षमता विस्तार गर्ने।
- नेपाली म्यानपावर व्यवसायीहरूले कामदारहरूसँग लिने छनोट वा नियुक्ति शुल्क हटाउन र कुनै पनि छनोट शुल्क रोजगारदातालाई तिराउनका लागि कदम चाल्नुपर्ने।
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनमा व्यवस्था गरिएका पीडित-साक्षीको सुरक्षा-सम्बन्धी प्रावधानहरू लागु गर्ने।
- बालगृह तथा अनाथालयहरूको अनुगमनलाई प्रभावकारीरूपमा सञ्चालन गरी सरकारका न्यूनतम मापदण्ड पूरा नगर्नेहरूलाई जवाफदेही बनाउने।
- जोखिम समुदायमा जाँदा रोजगारीको विकल्प लिएर मात्र जानुपर्ने अन्यथा मानव बेचबिखन कार्य नियन्त्रणका लागि कठिनाइ हुने।
- स्थानीय तहले मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले संवेदनशील स्थानीय तहमा सङ्घीयस्तरबाट प्राप्त मार्गदर्शन र नमूना कानुनलाई आधार मानी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी कानुन तर्जुमा गर्नुपर्ने।
- मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले संवेदनशील क्षेत्रमा स्थानीय तहको मातहतमा रहने गरी स्थानीय संयन्त्र निर्माण गरी प्रभावकारीरूपमा सञ्चालन गर्ने।
- मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले संवेदनशील क्षेत्रमा मानव बेचबिखन तथा ओसार-

पसार नियन्त्रणका लागि त्यस क्षेत्रमा क्रियाशील गैससँग समन्वय र सहकार्यमा सचेतनामूलक कार्यक्रम स्थानीय तहको मातहतमा समुदायस्तरमा सञ्चालन गर्न गराउन आवश्यक नीतिगतरूपमा व्यवस्था मिलाउने।

- स्थानीय भाषामा मानव बेचबिखन तथा ओसारपसार सन्देशमूलक सडक नाटक, टेलिफिल्म, पोस्टर, पम्पलेट, डिजिटल होर्डिङबोर्ड, उत्पादन तथा प्रसारण गर्ने र स्थानीय संयन्त्रसँग सहकार्य र समन्वय गरी सञ्चालन गर्ने।
- वैदेशिक रोजगारीमा जाने युवा वर्गलाई लक्षितगरी मानव बेचबिखन तथा ओसारपसारका दृष्टिकोणबाट संवेदनशील क्षेत्रमा अनिवार्य रूपमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने।
- समुदायमा अपरिचित व्यक्तिको आवागमन र अवाञ्छित क्रियाकलापको निगरानी गरी सम्बन्धित प्रहरी कार्यालयमा सूचना दिने कार्यका लागि बाल क्लब लगायतका अन्य सञ्जाललाई सशक्त बनाउने।
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी स्थानीय कोष स्थापना गरी प्रभावकारी रूपमा परिचालन गर्ने।
- स्थानीय तहको सामाजिक शाखामा कार्यरत कर्मचारीलाई महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अन्तर्गतको कार्यहरूमा बढी केन्द्रित बनाउने।
- मानव बेचबिखन सबै देशको साझा मुद्धा भएकोले अन्तरदेशीय समन्वय र सहकार्य गर्नुपर्ने।
- महिला विकास कार्यालयको भूमिका स्थानीय तहमा सामाजिक विकास शाखालाई दिइएकोले प्रभावकारी कार्यान्वयनका लागि आवश्यक बजेट तथा जनशक्तिको व्यवस्था गर्न पहल गर्नुपर्ने।
- मानव बेचबिखन तथा ओसारपसार विरुद्ध कार्यरत अन्तरसरकारी तथा गैरसरकारी संस्थाहरूले कार्य गर्दा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका निकायसँग समन्वय गरी गर्नुपर्ने।
- उद्धार गरिएका पीडित/प्रभावितहरूको पुनर्स्थापना गर्दा रोजगारीको सुनिश्चितता हुने गरी गर्ने।
- पीडित/प्रभावितहरूका आफन्तहरूनै अभियुक्त हुने भएकाले पीडित/प्रभावितहरूले अदालतमा उजुरी दिनका लागि सहज वातावरण बनाउनुपर्ने।
- समुदायका मानिसहरूलाई वैकल्पिक रोजगारीको अवसर सिर्जना गरी सीपमूलक तालिमको व्यवस्था गर्ने।

**सन्दर्भ सामग्रीहरू**


- एकीकृत कानुनी सहायता नीति, २०७६
- नेपाल लेवर माइग्रेसन रिपोर्ट, २०२२
- नेपालको संविधान, २०७२

- नेपालमा यौनजन्य बेचबिखनका कारण, प्रक्रिया र जोखिमताहरू अनुसन्धान प्रतिवेदन, २०७४
- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको वार्षिक प्रतिवेदन २०७८/७९
- मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना आ.व.२०७७/७८-२०८१/८२
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५
- मानव बेचबिखन तथा ओसारपसार मुद्दाको अभियोजन तथा अदालती कारबाहीसम्बन्धी कार्यसञ्चालन निर्देशिका, २०६८
- मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४
- वेश्यावृत्तिको लागि महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसार विरुद्धको सार्क महासन्धिसम्बन्धी जानकारी पत्र, २०६५

ooo

# लैङ्गिक हिंसा व्यवस्थापनमा अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्रको प्रभावकारिता



✍ सुनालक्ष्मी कर्माचार्य *

## पृष्ठभूमि

लैङ्गिक हिंसापीडित तथा प्रभावितहरुलाई वहुपक्षीय संयोजनद्वारा आवश्यक पर्ने सबै सेवाहरु (स्वास्थ्योपचार, मनोसामाजिक परामर्श, चिकित्सकीय कानुनी सेवा, सुरक्षा, आश्रय, शिक्षा, चेतना र सशक्तीकरण तालिम, कानुनी उपचार र  पुनर्स्थापना) पूर्णरुपमा एकै थलोबाट निःशुल्क उपलब्ध गराउने प्रयोजनले वि.सं २०६९ सालबाट अस्पतालमा आधारित लैङ्गिक हिंसासम्बन्धी एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गरी संचालनमा ल्याएको छ । करिव एकदशकमा संस्थागत संरचना अनुरूप ७७ वटै जिल्लास्तरीय अस्पतालमा एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गरी ९४ वटा पुर्‍याइएको छ । यसबाट प्राप्त सेवा निरन्तर २४ सै घण्टा संचालन हुनेछ । महामारी संकट तथा प्राकृतिक प्रकोपको समयमा समेत लैङ्गिक हिंसा पीडित तथा प्रभावितलाई प्राथमिकतामा राखी निरन्तर सेवा प्रवाहित गराइन्छ । साथै आवश्यकताको आधारमा सरकारी अस्पताल बाहेक सामुदायक तथा निजी शिक्षण अस्पतालमा समेत केन्द्र स्थापना गर्न सकिने मन्त्रालयको नीति रहेको छ । लैङ्गिक हिंसाबाट विशेषगरी महिला तथा बालबालिकाहरू पीडित-प्रभावित हुने गरेका र यसबाट उनीहरूमा शारीरिक, यौनजन्य, मानसिक तथा मनोवैज्ञानिक, आर्थिक तथा सामाजिक असर पर्ने गरेको छ । लैङ्गिक हिंसालाई प्रभावकारी एवम् कुशलतापूर्वक सम्बोधन गर्नका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मुख्य कार्यान्वयन निकायको रूपमा रहेको छ ।

## आर्थिक वर्ष २०७८/०७९ मा ओ.सी.एम.सी. मा दर्ता भएका लैङ्गिक हिंसाका घटनाहरूः

आ.व. २०७८/७९ को प्राप्त प्रतिवेदनअनुरूप एक भेट सङ्कट व्यवस्थापन केन्द्र ओ.सी.एम.सी.बाट जम्मा ११०४६ जना  पीडितहरूलाई सेवा प्रदान गरिएको छ। जसमध्ये १०४९१ जना महिला, ५२८ जना पुरुष र २७ जना यौनिक तथा लैङ्गिक अल्पसंख्यक रहेका छन् । पीडितहरूको उमेरअनुसार ओ.सी.एम.सी. केन्द्रहरूबाट सेवा लिनेमा सबैभन्दा बढी ७१४४ घटना १९ देखि ४९ वर्षका रहेका छन्। १० देखि १८ वर्षमा  २३११ हिंसाका घटना भएको पाइएको छ। त्यस्तै ६१५ घटना ५० देखि ६० वर्षका मानिसहरूमा घटेको पाइएको छ भने, १० वर्ष भन्दा कमका ४६४ र ६० वर्षभन्दा माथिका २३० व्यक्तिमा घटना घटेका छन्।

* *वरिष्ठ कम्युनिटी नर्सिङ अधिकृत, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय*

## २. हिंसाको प्रकार

हिंसाको प्रकारमा सबैभन्दा बढी शारीरिक हिंसाका घटना ३५०६ जना रहेका छन्। यौन दुर्व्यवहारमा पर्नेहरू १७५७ जना देखिन्छन्। त्यसै गरी भावनात्मक हिंसा १४०० जनामा भएको छ। बलात्कारका घटना १५३४ जनामा देखिन्छ। त्यसै गरी ५८१ घटना दर्ता बाल विवाह र जबर्जस्ती विवाहका घटेका छन्। स्रोत र अवसरबाट वञ्चित गरिएका घटना ९९१ रहेका छन्। हानिकारक परम्परागत अभ्यासका कारण ४०६ जना पीडित भएका छन। भावनात्मक दुर्व्यवहारमा १४०१ घटनाहरू दर्ता भएका छन्।

## ३. जातजातिका आधारमा घटेका हिंसाका प्रकार

जातजातिका सम्बन्धमा सबैभन्दा धेरै जनजाति भित्रका ३९८१ घटना भएको पाइएको छ भने ब्राहमण-क्षत्री समुदायमा ३१३१ हिंसाका घटना भएको पाइएको छ। मधेशी समुदायका १५७१ मा लैङ्गिक हिंसा भएको पाइएको छ भने मुस्लिम समुदायका ३७४ घटना दर्ता भएका छन्। त्यस्तै दलित समुदायका ५२४ र अन्य समुदायका करीव ५०० घटना ओ.सी.एम.सी .केन्द्रहरूमा आइपुगेका छन्। शारीरिक, मानसिक र दृष्टिविहीन अपाङ्गता भएका २४९९ जना ओ.सी.एम.सी.मा सेवा लिन आएको पाइएको छ। यसमा सबैभन्दा बढी दृष्टिविहीनहरू रहेका छन्।

## ४. विशेष घटनाको पृष्ठभूमि

माथि उल्लिखित लैङ्गिक हिंसाका घटनाहरू कुन पृष्ठभूमिका कारणले भएका छन् भन्ने सन्दर्भमा बहुविवाहका कारण १३९, दाइजोका कारण १२२, बोक्सीको आरोपमा ४५ जना, छाउपडीका कारण १६५, मानव बेचबिखनसम्बन्धी ६१, सामाजिक भेदभावका ६५१, बालश्रमका १८१, बालविवाहका ३१८ र अन्य कारण नखुलेका १०८० घटनाहरू रहेको पाइएका छन्।

### ओ.सी..एम.सी.बाट प्रदान गरिएका सेवाहरूको विवरण

ओ.सी.एम.सी.बाट हिंसा पीडीत/प्रभावितहरूलाई प्रदान गरिने स्वास्थ्य सेवाहरूमा शारीरिक परीक्षण, मनोसामाजिक परामर्श सेवा चिकित्साजन्य कानुनी परीक्षण, एच.आइ.भी परीक्षण तथा परामर्श सेवा, गर्भ परीक्षण, घाउ तथा चोटपटकको उपचार, आकस्मिक गर्भ निरोधक सेवा, यौन रोगको उपचार, सुरक्षित गर्भपतन सेवा, मानसिक रोगको उपचार मुख्य रहेका छन्।

### क. ओ.सी.एम.सी मा पीडितहरूको सम्पर्क

लैङ्गिक हिंसाबाट पीडित वा प्रभावितहरूलाई ओ.सी.एम.सी.मा सम्पर्क गर्न वा घटना दर्ता गर्न आफैं आए वा कसैको सहयोगमा आए भन्ने सन्दर्भमा आफैं आएका १७६४ घटना देखिएका छन्। त्यस्तै पीडितका नातेदारको सहयोगमा ३५३९ घटना केन्द्रमा आइपुगेका छन्। त्यसै गरी आवास गृहबाट ५०३ जना, नेपाल प्रहरीबाट ३८२१ जना गैरसरकारी संस्थाबाट ५९९, जना स्वास्थ्य संस्थाबाट ५६५ जना स्थानीय तहबाट ५२ जना तथा अन्य माध्यमबाट ६९० ओटा घटना दर्ता भएको पाइएको छ।

### ख. उपचारपश्चात् प्रेषण गरिएको विवरण

ओ.सी.एम.सी.मा आएका पीडित वा प्रभावितहरूलाई उपचार सेवापछि अन्य अवश्यक सेवाका लागि प्रेषण गरिएको विवरण हेर्दा आवास गृहमा ८६३ जनालाई पुनर्स्थापना केन्द्रमा पठाइएको छ। त्यसै गरी १०० जनालाई प्रहरीमा पठाइएको छ। ३६५७ जनालाई कानुनी सहायताका लागि कानुन सेवा प्रदायक निकायमा सम्पर्कका लागि पठाइएको छ। २१०८ जनालाई अन्य सुविधा सम्पन्न अस्पतालहरूमा र २०९ जनालाई घरमै पुनर्मिलन गराइएको छ।

### एकद्वार संकट व्यवस्थापन केन्द्रको सेवा प्रभावकारी सम्बन्धमा भएका प्रयास

ओ.सी.एम.सी.बाट प्रदान गरिने सेवालाई थप प्रभावकारी बनाउनको लागि ओ.सी.एम.सी.मा कार्यरत चिकित्सक, नर्सिङ कर्मचारीहरू लगायत अस्पतालमा कार्यरत अन्य स्वास्थ्यकर्मीहरूलाई आवश्यक क्षमता विकासका कार्यक्रम जस्तैः ६ महिने मनोसामाजिक परामर्श तालिम, स्वास्थ्य-कानुनी तालिम, लैङ्गिक हिंसाप्रतिको स्वास्थ्य प्रतिक्रिया तालिम सञ्चालन गरिएको छ। त्यसै गरी एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीमा अनलाइन अभिलेखन तथा प्रतिवेदन गर्नुपर्ने व्यवस्था रहेको छ। सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय, सहकार्य गर्रिंदै आएको छ। ओ.सी.एम.सी.को सेवा प्रभावकारिता सँगसँगै समस्या तथा चुनौतीहरू पनि रहेका छन्, जसअन्तर्गत सरोकारवाला निकायबिच सहयोग, सहकार्य र समन्वय प्रभावकारी नहुनु, दीर्घकालीन पुनर्स्थापनाको अभाव हुनु, पीडकलाई कानुनी दायरामा ल्याउन नसक्नु जस्ता मुख्य चुनौती रहेका छन्।

## भावी योजनाहरू

लैङ्गिक हिंसा व्यवस्थापन गर्ने विषय कुनै एक संस्था निकाय तथा व्यक्तिबाट मात्र संभव नहुने हुँदा यसलाई बहुसरोकारको विषयको रूपमा मानिन्छ। ओ.सी.एम.सी.बाट लैङ्गिक हिंसापीडित तथा प्रभावितले गुणस्तरीय सेवा प्राप्त गर्नको लागि बहुनिकाय र बहुसरोकारसँग प्रत्यक्ष सरोकार हुनुपर्छ। नागरिक समाज, व्यक्ति र परिवारलाई लैङ्गिक हिसाविरुद्ध सहयोग, सहकार्य र समन्वय गराउन पहल गरी एकीकृत सेवाको गुणात्मक सुदृढीकरणका कार्यक्रमहरूलाई प्राथमिकतामा राखिने र लैङ्गिक हिंसापीडित तथा प्रभावितहरूको समुदायस्तरमा सम्बोधन गर्न ओ.सी.एम.सी.का कार्यक्रम स्थानीय तहसम्म विस्तार गरिने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको भावी योजना समेत रहेको छ। प्रभावकारी सेवा विस्तार गर्ने एकद्वार संकट व्यवस्थापन केन्द्रलाई सम्मान तथा पुरष्कृत गर्दै जाने योजनासमेत रहेको छ। प्रत्येक नागरिकलाई लैङ्गिक हिंसा व्यवस्थापनमा सहयोग गर्नका लागि अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र बारेमा जानकारी र केन्द्रले प्रदान गर्ने एकीकृत सेवामा साथ, सहयोग, सहकार्य र समन्वयका लागि आह्वानसमेत भैरहेको छ। पीडित प्रभावितहरूको मर्यादित जीवनका लागि विशेप योजनाहरू सबै निकायबाट गरिन समेत अवश्यक मानिन्छ।

### निष्कर्ष

अन्त्यमा, लैङ्गिक हिंसा व्यवस्थापनको विषय विश्वभर नै पेचिलो मानिन्छ । धेरैजसो हिंसामा पर्ने बालिका, किशोरी तथा महिलाहरू नै हुन्छन् र हिंसामा संलग्न व्यक्तिहरू नजिकका नाता, परिवार,

छिमेकी तथा चिनजानकै मानिसहरू विशेष गरी पुरूषहरूबाट पीडामा पर्ने गरेको पाइन्छ। माथि उल्लिखित गरिएको एक वर्षको तथ्याङ्कबाट अध्ययन गर्दा ठूलो संख्यामा लैङ्गिक हिंसामा परेका छन् भने यसको समस्या दिन प्रतिदिन न्यूनीकरण गर्न विशेष सक्रियता देखाउन जरूरी छ। एकद्वार संकट व्यवस्थापन केन्द्रको मान्यताअनुसार सबै सेवा प्रदायक संघसंस्थाहरू एकै स्थानमा प्रतिबद्ध भएइ एकबद्ध हुन सके हिंसाको व्यवस्थापन संभव हुन्छ। जुन उद्देश्यले अस्पतालमा अधारित एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना भएइ सञ्चालन भएका छन् तर यथार्थमा एकै थलोबाट एकीकृत सेवा सरल सहज बनाउन भने पक्कै सकिएको छैन। यसैले लैङ्गिक हिंसापीडित प्रभावितहरूलाई एकीकृत सेवा प्रदान गर्न विशेष गरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय महिला अयोग, नेपाल प्रहरी, महान्यायधिवक्ताको कार्यालय, पुनर्स्थापना केन्द्रहरूको सिधा सम्बन्ध, निरन्तर समन्वय र सहज सहकार्य भएमा सेवा प्रभावकारी हुने देखिन्छ।

०००

# सामाजिक लिङ्ग्भेदका विनाशकारी नतिजाहरू



✍ मथुरा खनाल

जैविक  लिङ्गभेद प्राकृतिक हो, जन्मँदैको विशेषता, यसले जनेन्द्रियको भिन्नता र सन्तान उत्पादन गर्ने भिन्न कार्यलाई दर्शाउँछ। यो सर्वव्यापी हुन्छ, स्पष्ट देखिने, जहाँ गए पनि एकनास र समान रहन्छ। यो स्थायी हुन्छ, यसलाई परिवर्तन गर्न सकिँदैन। तर सामाजिक लिङ्गभेद (जेन्डर) सामाजिक र सांस्कृतिक हो। जन्मेपछिको विशेषता, सामाजिक र सांस्कृतिक भएकाले पुरुष र महिलाले गर्ने व्यवहार, भूमिका र जिम्मेवारीलाई भिन्न बनाइदिन्छ। यो देश, काल, परिस्थिति, संस्कृति, धर्म, वर्ण र वर्गअनुसार फरक र परिवर्तनशील छ। साथै समय, संस्कृति र परिवारपिच्छे फेरिन्छ, अस्पष्ट र नदेखिने हुन्छ, अस्थायी तथा परिवर्तन गर्न सकिने हुन्छ। सामाजिक मूल्य, धारणा र मान्यताको आधारमा भएको महिला र पुरुषबिचको अन्तरसम्बन्ध तथा भिन्नतालाई लैङ्गिकता वा सामाजिक लिङ्गभेद भनिन्छ। यो शक्तिसँग सम्बन्धित छ, सामाजिक लिङ्गभेदले महिला र पुरुषबिचको शक्तिसम्बन्ध, जसले महिला र पुरुषको भूमिका, काम, अधिकार, आचरण, स्रोत तथा साधन आदिको पहुँच निर्धारण गरिरहेको छ।

आज विश्व यसै सामाजिक लिङ्गभेद जुन समाज र त्यसले अँगालेको संस्कृति र परम्पराले गर्दा नै आक्रान्त बनिरहेको छ। हाम्रो समाज प्रकृतिलाई सम्मान गर्न बिर्सँदैछ, अन्धविश्वासमा जकडिएको छ, लिङ्गका आधारमा समाजले भिन्नता (विभेद) गर्दै, गर्नुपर्ने र गर्न नहुने कुराहरू तोकिदिएको छ। धार्मिक विषयसँग जोडिएका धेरै अन्धविश्वासमा आधारित व्यवहारहरूलाई परम्परागत चालचलन मानी महिलाहरूलाई बच्चा जन्माउने मेसिन र पुरुषका लागि भोगविलासका साधनका रूपमा राखिदियो। व्यवहारमा दोस्रो दर्जाको नागरिक, केही गर्न नजान्ने, नसक्ने, अनपढ र अछुतको रूपमा व्यवहार गर्न थालियो, मानौं समाजमा महिलाको कुनै भूमिका नै छैन। जन्मदा नै भारी र बोझ थोपारेर आएको सोचले मानौं ऊ मानव जातिमा नै पर्दैन जस्तो मान्यताहीन बनाइयो। तर आज विज्ञान र शिक्षाले यस मान्यतालाई गलत सावित गर्दैछ। महिलाहरू वैज्ञानिक, राजनेता, पाइलट, इन्जिनियर, डाक्टर तथा कुशल व्यवस्थापक बनेका छन् जहाँ पुरुषहरूको भन्दा सफलताका साथ न्यायसङ्गत काम भएका छन्। महिलाहरू धर्तीमाता, न्यायका मूर्ति र सहनशीलताका खानी हुन्, चाहे उनीहरू गरिब किन नहुन्।

आज संसारमा भएका गरिबमध्ये ठुलो संख्या महिलाको छ। संसारका अशिक्षितमध्ये दुई तिहाइ संख्या महिलाको छ। विद्यालय उमेरका लाखौं बच्चाहरू स्कुल जाँदैनन्, ठुलो संख्या बालिकाहरूको छ। नेपालमा पनि गरिबमध्ये ६० प्रतिशत महिलाहरू गरिब छन्, त्यसको प्रमुख कारण महिलाहरूको सामाजिक, आर्थिक,

राजनैतिक र प्राकृतिक स्रोतमा पहुँच र नियन्त्रण नहुनु हो। एकातर्फ सामाजिक, आर्थिक, राजनीतिक रूपमा कमजोर बनाइयो भने अर्कोतर्फ शारिरिक वा स्वास्थ्यको हिसाबमा पनि बच्चा जन्माउने मेसिन र पुरुषका लागि भोगविलासका साधनका रूपमा हेरिने मात्र कहाँ हो र छोरा जन्मिए पुरुषको र छोरी जन्मिए आमाकै कारण हो भन्न अनपढ महिलाहरू नै पछि पर्दैनन्। धेरै छोरी जन्माएको भन्दै सौता भित्र्याउने घरबाट निष्कासन गर्ने, छोरा जन्माउने आशमा धेरै सन्तान जन्माउन बाध्य पार्नेदेखि भ्रुणहत्याका विकराल रूपहरू, जसमा तताएका फलामका झिर शरिरका संवेदनशील अङ्गमा रोप्ने, विषालु वनस्पतिहरूको प्रयोगबाट आमाको ज्यान गएको धेरै घटना त हामी हाम्रो समाजमा अनुभव गरेका छौं, जतिबेला भ्रुणहत्याका आधुनिक उपकरणसहितका अस्पतालहरूको विकास भएको थिएन।

वंश कायम राख्न तथा मरणोपरान्त काँध थाप्नका लागि कम्तीमा तीन भाइ छोरा चाहिने, वैतरणी तरेर स्वर्गमा (काल्पनिक) जानुपर्ने र छोराद्वारा पितृकार्य गर्नुपर्ने जस्ता धर्ममा आधारित आन्धविश्वासमा परेर धेरै सन्तान जन्माउँदा महिला आफै कमजोर हुनुका साथै मृत्यु पनि सामान्य मानियो। बुवाले अर्को विवाह गरी छोरा जन्माउने आशमा धेरै सन्तान हुँदा राम्रो शिक्षा र स्वास्थ्यबाट वञ्चित हुनुपर्‍यो र आर्थिकरूपमा कमजोर अवस्थाको सिर्जना भयो। सौतेली आमाको नराम्रो व्यवहारबाट पीडित बालबलिकाहरू सडकमा, भारतीय सर्कसमा र कोठीहरूमा पुग्न बाध्य पारिए। कुपोषणले मृत्युदर बढायो, एचआइभीजस्ता रोगहरू भित्रिए, समाजमा अपराधका घटना वृद्धि भए, चेतना र शिक्षाको अभावमा अन्धविश्वासमा समाज झनझन जकडियो। स्वास्थ्य र आर्थिक रूपमा कमजोर अवस्थाका जनसंख्याको वृद्धि भयो। छोरीहरूलाई स्कुल पठाउने त कुरै भएन ९ देखि १२ वर्षमा नै विवाह गरी उम्किने चलनको विकास भयो।

१४ वर्षबाट फेरि सन्तान जन्माउने काम सुरु भयो कथा उही दोहोरियो। भाईहरू अलग हुँदै गए जमीन खण्डीकरण हुँदै गयो, उत्पादनले खान नपुग्ने हुँदा बसाइँसराइ र रोजगारीका लागि वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता भयो। पहाडमा खोरिया फडानी भयो तराईका वन जंगल, तथा जैविक विविधता नाश भए। उत्पादनशील जमीनमा पनि बजारीकरण भयो। पहाडमा पहिरो गयो, तराईमा बाडी र डुवान। कम शिक्षा, कम प्राविधिक ज्ञान भएको हुँदा स्वदेश तथा वैदेशिक रोजगारीमा पनि ऋण खोजी ठुलो धनराशी खर्चेर कहर काट्दै जानु पर्‍यो। उपयुक्त वातावरण नहुँदा स्वास्थ्यमा झन खराबी बढ्यो कतिको ज्यान गयो कतिका किड्नी खराब भए। यता वैदेशिक कमाइको भर पर्न थालियो काम गर्ने चलन हरायो। चाउचाउ खाने, महङ्गा कपडा र गरगहना लगाउने समाजको विकास भयो तर त्यो पनि धेरै टिक्न नसक्ने जस्तो देखिँदै छ। कोरोना कहरको कथा त भरखरै वर्तमान समाजले भोगेको यर्थाथ हो। जति प्रकोपहरू आइपरे पनि कमजोर आर्थिक र स्वास्थ्य अवस्थाको वर्ग (महिला, वृद्ध र बालबालिकाहरू) नै त्यसको शिकार हुन परिरहेको छ। पढेलेखेका शिक्षित थोरै जनसंख्या भएको भए आफ्नो देशमा र आफ्नै स्थानमा नै रोजगारी, व्यापार, कृषि, उद्यम तथा व्यावसाय गरेर जीविकोपार्जन गरेको भए सायद यस्ता विपत्तिबाट ज्यान गुमाउनुपर्ने थिएन होला कि ! यो सम्भव थियो यदि "दुई सन्तान ईश्वरका वरदान" भन्न सकेको भए तर लैङ्गिक विभेद !

अर्कोतर्फ देशभित्रै पनि महिलाहरू माथि जघन्य अपराधहरू झन्झन् बढ्दै छन्। बलात्कार वा जबरजस्ती करणीजस्ता आपराधिक धटनाहरू संस्थागत हुँदैछन्। मान्छेमा जङ्गलीपन बढ्दो छ, परिवारबाटै अपराध

भएका छन् त कतै सामूहिक बलात्कार बढ्दो छ। कानुन बलियो छैन, अनुसन्धानको प्रक्रिया पुरानो र सत्य घटनाहरू लुकाइन्छ। कानुन बनाउने विधायक, प्रहरी र डाक्टरमा संवेदना देखिंदैन। अपराधीको डरलाग्दो हेराइले भएको घटना खुलेर भन्न नसक्ने अवस्थाको सिर्जना भएको छ। महिलाले धेरै पटक मर्नुपर्छ, पीडित महिलाको अवस्था मरेको कुखुरा समान राखेर जाँच गरिन्छ। कानुन पनि कसलाई कति फाइदा हुन्छ भन्ने आधारमा बनाइन्छ। पीडितलाई न्याय दिलाउने मान्छे ज्यादै कम छन्। एकाइसौं शताब्दिको समाज लैङ्गिक विभेदरहित हुन सकेको छैन, जसले गर्दा यी सबै कहरबाट आफ्नो सन्तान मुक्त होस् भन्ने चाहन्छन्। पढेलेखेका समाजमा पनि छोरा जन्मदा खुशी हुने छोरी जन्मिँदा उसको भविष्यको लागि आमाबाबु पीडित हुनुपर्ने अवस्था देखिन थालेको छ। यसको ज्वलन्त उदाहरणमा नमिता, सुनितादेखि निर्मला पन्त, गीता ढकाल र सुस्मिता हत्या प्रकरणलाई लिन सकिन्छ।

लैङ्गिक विभेद न्यूनीकरणका लागि विश्वब्यापी रूपमा अनेकौं संयन्त्रहरू स्थापना भई धेरै प्रयासहरू भइराखेका छन्। कानुनमा परिमार्जन, नीति निमार्ण, सभा सम्मेलन, गोष्ठी, विदेश भ्रमण तथा विरोध प्रर्दशन आदिद्वारा सचेतना बढाइएको छ। विविध किसिमका कार्यक्रम गर्न राजधानीलगायत अन्य ठुला सहरहरूमा रहेका महँगा होटलहरू सधै भरिभराउ भई नै रहेका छन्। नेपाल सरकार, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संधसंस्थाहरू, मानवअधिकारकर्मीहरू, महिला नेत्रीहरू र जनप्रतिनिधिहरू धेरैको यस सम्बन्धमा धेरै समय र ठुलो धनराशी खर्च भइसकेको छ। अन्तर्राष्ट्रिय जगतमा जनाएको प्रतिबद्धतादेखि "लैङ्गिक समानताका लागि पाइला हाराहारी, सन् २०३० सम्म हिस्सा बराबरी" "संविधानलाई व्यवहारमा उतारौं महिला अधिकार सुनिश्चित गरौं" जस्ता नाराहरू लिएर प्रत्येक वर्ष नारी दिवस मनाइन्छ तर ९५ प्रतिशत नेपाली महिलाहरू यसबारेमा अनभिज्ञ छन्। हाम्रो गाँउघर त झन अनपढ, अशिक्षा र अन्धविश्वासमा जकडिएको छ, जहाँ लैङ्गिक विभेद न्यूनीकरणका बारेमा कमै कार्यक्रमहरू गरिन्छन्। यसका अभियन्ताहरू पनि दिनभरि राम्रा भाषण र राम्रा प्रस्तावहरू तयार गर्ने र बेलुका घरमा परिवारका अन्य सदस्यबिच न त दिनभरिका कुरा आदानप्रदान भएका हुन्छन् न त परम्परागत सोचाइ र व्यवहारमा नै परिवर्तन। नेपालमा संसारभरका राम्रा राम्रा कानुन ल्याइएका छन् तर हाम्रो व्यवहार भने जस्ताको तस्तै छ। मानिसहरूलाई नयाँ विचार स्वीकार्ने कुरा मनाउन केही गाह्रो छैन, बरु पुराना विचारहरूलाई छोड्ने कुरा मनाउन सबभन्दा गाह्रो हुन्छ।

अन्तमा, पुरुष र महिलाबिच रहेको जैविक भिन्नता र त्यसैलाई आधार बनाई पितृसत्तात्मक सोचबाट कायम गरिएको सामाजिक विभेदले महिला वर्गलाई मात्र पीडित बनाउने नभई सम्पूर्ण विकास प्रणालीलाई नै अवरुद्ध पार्दछ। लैङ्गिकताको मुद्दा सबै क्षेत्रसँग जोडिएको छ। गरिबी, लैङ्गिक तथा सामाजिक असमानता सामाजिक समस्या हो, यसको समाधान गर्नु पनि हामी सबैको जिम्मेवारी हो। त्यसैले सबैले आफ्नो नीति, कार्यक्रम तर्जुमा गर्दा राष्ट्रले अन्तर्राष्ट्रिय जगतमा जनाएको प्रतिबद्धता समेतलाई ध्यानमा राखी लैङ्गिकमैत्री दृष्टिकोण राख्नु जरुरी छ। कागजमा जतिसुकै परिमार्जन गरे पनि प्रत्येक महिला पुरुषले आफ्नो सोचाइ र व्यवहारमा परिर्वतन नल्याएमा यसमा सुधार हुने सङ्केत देखिँदैन जुन समाज विकासका लागि सधैं घातक हुन सक्छ।

०००

# यौनिक तथा लैङ्गिक अल्पसंख्यकको पहिचान पाउने सङ्घर्ष



✍ माधव दुलाल *

जन्मदा स्त्रीलिङ्गी, हुर्कंदा आम महिलाको जस्तै शरीर, स्वभाव र प्रस्तुति जस्तैः महिनावारी हुने, स्तन बढ्ने, कमलो शरीर भएको, लामो घना कपाल, दाह्रीजुँगा नआउने, महिलाको पहिरन लगाउन मन पर्ने, आवाज मसिनो हुने, महिलाकै सर्वनाममा आफूलाई सम्बोधन गराउन मन पराउने र आफूलाई महिलाको रूपमा प्रस्तुत गर्ने व्यक्तिलाई महिला भनेर चिनिन्छ।

जन्मदा पुलिङ्गी, हुर्कंदा आम पुरुषको जस्तै शरीर, स्वभाव र प्रस्तुति जस्तैः शरीरका मांसपेशी कडा विकास हुने, दाह्रीजुँगा आउने, स्तन नबढ्ने, महिनावारी नहुने, तुलनात्मक रूपमा कपाल छोटो या पातलो हुने, आवाज मोटो हुने, तुलनात्मक रूपमा शरीरमा रौं धेरै हुने, पाठेघर नहुने, पुरुषहरूको पहिरन मन पराउने, पुरुषकै सर्वनाममा आफूलाई सम्बोधन गर्न मन पराउने, आफूलाई पुरुषको रूपमा प्रस्तुत गर्ने व्यक्तिलाई पुरुष भनेर चिनिन्छ।

जन्मदा स्त्रीलिङ्गी, हुर्कंदा शरीर, स्वभाव र प्रस्तुति केही महिलासँग मिल्ने, केही पुरुषसँग मिल्ने जस्तैः महिनावारी हुने, स्तन नबढ्ने, तुलनात्मक रूपमा कडा शरीर भएको, दाह्रीजुँगा अलिअलि आएको हुन सक्ने, पुरुषको पहिरन लगाउन मन पराउने, पुरुषको सर्वनाममा आफूलाई सम्बोधन गराउन मन पराउने, आवाज तुलनात्मक रूपमा महिलाको भन्दा मोटो हुनसक्ने, आफूलाई पुरुष जस्तो प्रस्तुत गर्ने व्यक्तिलाई तेस्रोलिङ्गी (मध्यमलिङ्गी) पुरुष भनेर चिनिन्छ।

जन्मदा पुलिङ्गी, हुर्कंदा शरीर, स्वभाव र प्रस्तुति केही पुरुषसँग मिल्ने, केही महिलासँग मिल्ने जस्तैः शरीरका मांसपेशी नरम विकास हुने, दाह्रीजुँगा नआउने वा कम आउने, महिनावारी नहुने, स्तन केही बढेको हुनसक्ने, आवाज तुलनात्मक रूपमा पुरुषको भन्दा मसिनो हुनसक्ने, महिलाको पहिरन लगाउन मन पराउने, आफूलाई महिलाको सर्वनाममा सम्बोधन गराउन मन पराउने, आफूलाई महिला जस्तै प्रस्तुत गर्ने व्यक्तिलाई तेस्रोलिङ्गी (मध्यमलिङ्गी) महिला भनेर चिनिन्छ।

जन्मदा यौन अङ्ग अष्पष्ट भएको वा पुलिङ्गी, स्त्रीलिङ्गी दुवैको आधीआधी भएको बच्चालाई अन्तरलिङ्गी भनिन्छ। यस्तो बच्चा हुर्कंदा स्वभाव र प्रस्तुतिले पुरुष बन्न पनि सक्छ, महिला बन्न पनि सक्छ। त्यही भएर सानोमै यौन अङ्ग सच्याउने शल्यक्रिया गर्नु उचित हुँदैन किनकि ऊ पछि हुर्कंदा पुरुष

---

** सम्पादक, पहिचान डट कम*

बन्छ या महिला बन्छ भन्ने कुरा बच्चा हुँदा यकिन गर्न सकिँदैन।

समान लिङ्गप्रति आकर्षण भएका जस्तैः पुरुष पुरुषप्रति महिला महिलाप्रति, मध्यमलिङ्गीपुरुष मध्यमलिङ्गी पुरुषप्रति र मध्यम लिङ्गी महिला मध्यम लिङ्गी महिलाप्रति नै आकर्षित छन् भने त्यस्ता व्यक्तिलाई समलिङ्गी व्यक्ति भनेर चिनिन्छ। कोही व्यक्ति दुई वा दुईभन्दा बढी लिङ्गप्रति आकर्षित छन् भने त्यस्ता व्यक्तिलाई दुईलिङ्गी भनेर चिनिन्छ।

### संवैधानिक व्यवस्था

नेपालको संविधानले माथि उल्लेख गरेका नागरिकलाई यौनिक तथा लैङ्गिक अल्पसंख्यक भनेको छ। संविधानको धारा १२ मा लैङ्गिक पहिचान अनुसारको नागरिकता दिने व्यवस्था छ। धारा १८ मा 'यौनिक तथा लैङ्गिक अल्पसंख्यक नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन' लेखिएको छ।

संविधानको धारा ३८ को उपधारा ६ मा सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने व्यवस्था गरिएको छ। २०७२ असोज ३ गते जारी भएको संविधानले पहिलो पटक यौनिक तथा लैङ्गिक अल्पसंख्यकलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुने व्यवस्था गरेको छ।

### अन्यमा नागरिकता

संविधानले समलिङ्गी, तेस्रोलिङ्गी (मध्यमलिङ्गी), अन्तरलिङ्गी, द्विलिङ्गी नागरिक यौनिक तथा लैङ्गिक अल्पसंख्यकभित्र पर्ने परिकल्पना गरेको छ, व्याख्या गरेको छैन। गृह मन्त्रालयले संविधान जारी हुनुभन्दा अघि २०६९ पुस १७ मा शिक्षा मन्त्रालय, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय र नील हिरा समाजको नाममा बोधार्थ र कार्यार्थ दिएर तत्कालीन सबै क्षेत्रीय प्रशासन कार्यालयलाई यौनिक तथा लैङ्गिक समुदायका (समलिङ्गी, तेस्रोलिङ्गी (मध्यमलिङ्गी), अन्तरलिङ्गी, द्विलिङ्गी) नागरिकलाई 'अन्य' उल्लेख गरेर नागरिकता दिन निर्देशिका जारी गरेको थियो। यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरूलाई लिङ्गको महलमा "अन्य" जनाई नागरिकता जारी गर्नेसम्बन्धी निर्देशिकाअनुसार २०७९ सम्म १३९८ जनाले अन्य लैङ्गिक पहिचानमा नागरिकता लिइसकेका छन्।

गृह मन्त्रालयको नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखाका अनुसार ७७ वटै जिल्ला प्रशासन कार्यालयले हालसम्म १३९८ जनालाई "अन्य" पहिचानमा नागरिकता जारी गरेका छन्। गृह मन्त्रालयको सिफारिसमा लिङ्ग परिवर्तन गरेका १० जनाले परिवर्तित लैङ्गिक पहिचानमा नागरिकता लिइसकेको शाखा प्रमुख एवं सहसचिव रुद्रादेवी शर्माले जानकारी दिनुभयो। २६ जनाको परिवर्तित लैङ्गिक पहिचानअनुसार नागरिकता पाउनका लागि सिफारिस आएको छ, ३ जनाको मन्त्रिपरिषदमा पुगेको छ, शर्माले भन्नुभयो, 'चिकित्सकको प्रमाणपत्रसहित जिल्ला प्रशासन कार्यालयबाट आएको सिफारिसअनुसार मन्त्रिपरिषद्ले निर्णय गरेपछि परिवर्तित लैङ्गिक पहिचानमा नागरिकता लिन सकिन्छ।'

केटाबाट केटी र केटीबाट केटा देखिन हर्मोन प्रयोग गर्नेहरूमा पनि समस्या देखिने गरेको छ। आफू

जे हो त्यसैमा रहन दिनुपर्नेमा मनले चाहेअनुसार शारीरिक बनावट नै बदल्न हर्मोन प्रयोग गर्दा जटिल समस्या निम्तिरहेका छन्। विज्ञानले यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिलाई प्राकृतिक, स्वाभाविक मानिसकेको छ तर समाजका कतिपय मानिसहरू भने विपरीतलिङ्गी महिला र पुरुषबिच मात्र आकर्षण हुनुपर्छ र यो नै प्राकृतिक नियम हो भन्ने मान्यता राख्छन्।

## जटिल शल्यक्रिया

आफूलाई महिला या पुरुष नठान्नेहरूमध्ये केहीले महिला र पुरुषमध्ये एक रोजेर जटिल शल्यक्रिया नै गरेका छन्। उनीहरू आफूलाई पारालिङ्गी अर्थात् महिला र पुरुषबाट पार भएको (ट्रान्सफरमेशन) मान्दछन्। फरक लैङ्गिक गुण र विशेषता भएका धेरै मानिसहरू आफूमा नै लैङ्गिक विकृति (जेण्डर डिस्फोरिया) भएको मान्यता राख्दछन्। जेण्डर डिस्फोरिया भन्नाले आफ्नो शरीरका लैङ्गिक अङ्गहरूमाथि चरम असन्तुष्टि बुझिन्छ।

उनीहरू आफूलाई महिला या पुरुष बनाउनका लागि लिङ्ग प्रत्यारोपण (सेक्स रिअसाइन्मेन्ट सर्जरी), स्तन हटाउने वा स्तन प्रत्यारोपण, लिङ्ग छेदन, हर्मोन थेरापीजस्ता अनावश्यक, महँगो र सम्भावित हानिकारक उपचार पछ्याइरहेका हुन्छन्। उनीहरू आफू एक पुरुष या महिला नहुनुलाई सामाजिक समस्या र रोग सम्झन्छन्। अन्ततः उनीहरू आफू गलत शरीर लिएर जन्मेको ठान्दछन्।

महिला या पुरुषको अस्तित्व मात्रै स्वीकार भएकाले या पुरुष या त महिला मात्र बन्नु पर्ने अनिवार्यताका कारण जो महिला या पुरुष होइनन्, उनीहरूलाई रोगी घोषणा गरिदिएर चिकित्सकीय उपचारद्वारा भए पनि महिला या पुरुषमा नै रूपान्तरण हुन बाध्य बनाउँछ। त्यसकारण ट्रान्सजेण्डर (पारालिङ्गी) शब्दमा यो ट्रान्स भन्ने शब्दले रूपान्तरण भन्ने जनाउँछ, जसले आफू प्राकृतिक रूपमा जे छ त्योबाट परिवर्तित होऊ भन्छ। यस्तो विश्वासले मध्यमलिङ्गी (तेस्रोलिङ्गी) व्यक्तिहरू जो आफूलाई महिला या पुरुषको रूपमा स्थापित भएको पाउँदैनन्, आफैंलाई नै समस्याग्रस्त या रोगी ठान्दछन्।

पारलिङ्गी महिलाको खेलकुदमा महिलासँग प्रतिस्पर्धात्मक सहभागितालाई लिएर महिला खेलाडीहरूले नै असन्तुष्टि र विरोध जनाए। जसले गर्दा पुरुषहरूको ओलम्पिक खेल छुट्टै, महिलाहरूको छुट्टै भए पनि मध्यमलिङ्गीहरूका लागि छुट्टै खालको खेलकुदको आयोजना ओलम्पिकले गर्दैन।

नेपालमा शल्यक्रिया नगरी पुरुष जन्मेकाहरूले महिला र महिला जन्मेकाहरूले पुरुष लैङ्गिक पहिचानमा नागरिकताको माग गरेर निवेदन दिन थालेका छन्। अन्यको नागरिकता लिएकाले समेत लिङ्ग परिवर्तन गरेर महिलाको लिएका छन्।

क्यानडाको जेलमा पारलिङ्गी महिलालाई महिला नै हो भनेर महिला कैदी बन्दीसँग राखिएको घटना सबैले उल्लेख गर्ने दृष्टान्त नै बनेको छ। पारलिङ्गी महिला जन्मदा पुरुष थिए। उनले जेल भित्र महिला कैदी माथि बलात्कार गरेको घटनाले क्यानडामा अहिले शल्यक्रिया गरेरै भए पनि पुरुष या महिला बन्नै पर्ने बाध्यतामा परिवर्तन भएको छ। महिला या पुरुष नै बन्नुपर्ने मान्यता राख्ने देशहरूको नक्कल नेपालमा भित्रिएको छ, जसले आफू जे हो त्यसै अनुसार चल्ने यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई

चुनौती दिएको अधिकारकर्मीहरू बताउँछन्।

नेपालमा जस्तै 'जस्तो रूपमा हुर्कंदै बढ्दै जान्छ' त्यस्तै स्वीकार गर्न थालिएको छ। सन् १९९० भन्दा अगाडि समलिङ्गी र तेस्रोलिङ्गी हुनुलाई विवश्व स्वास्थ्य संगठनले मानसिक रोगकै सूचीमा राखेको थियो। १९९० मे १७ मा समलिङ्गी, तेस्रोलिङ्गी हुनु कुनै मानसिक रोग नहुने भनेर विश्व स्वास्थ्य सङ्गठनले घोषणा गऱ्यो। यो घोषणापछि नेपालका यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूले समलिङ्गी, तेस्रोलिङ्गी घृणा विरुद्धको अन्तर्राष्ट्रिय दिवस मनाउँदै आएका छन्।

## सर्वोच्च उदार

सुनिलबाबु पन्तबिरुद्ध नेपाल सरकार रहेको मुद्धामा सर्वोच्च अदालतले २०६४ पुस ६ गते यौनिक तथा लैङ्गिक अल्पसंख्यकलाई पहिचान सहितको अधिकार दिन सरकारका नाममा निर्देशनात्मक आदेश दिएको थियो। सर्वोच्चले लैङ्गिक पहिचानअनुसार तेस्रोलिङ्गी व्यक्तिहरूलाई नागरिकता दिनू, सम्पूर्ण विभेदकारी कानुनहरूको खारेजी वा संशोधन गर्नू र समिति बनाएर समलिङ्गी विवाहसम्बन्धी अध्ययन गर्नू र त्यसको प्रतिवेदनको आधारमा समलिङ्गी विवाहसम्बन्धी कानुन बनाउनू भनेको थियो।

पहिलो संविधान सभाका सदस्य पन्तको रिट निवेदनमा सर्वोच्चले दिएको आदेशअनुसार समलिङ्गी विवाहबारे अध्ययन गर्न बनेको समितिले २०७१ साल वैशाखमा सरकारलाई प्रतिवेदन बुझाइसकेको छ। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले प्रतिवेदनअनुसार अन्तरमन्त्रालय समन्वय गरेर यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिबिच हुने वैवाहिक सम्बन्धबारे राय सुझाव लिइरहेको छ।

विवाहको कानुन नबन्दै दर्ता गर्न पाउनुपर्ने आदेश माग्दै यौनिक तथा लैङ्गिक अल्पसंख्यक नागरिकले सर्वोच्च अदालतमा अर्को रिट दायर गरेका छन्। मुलुकी देवानी संहिता, २०७४ को दफा ६७ मा विवाहको परिभाषा गरिसकेको छ, जसमा विवाह भनेको पुरुष र महिलाबिचको सम्बन्ध मात्र देखाउने भनी तर्क गरी समलिङ्गी विवाहले कानुनी मान्यता नपाउने गरी यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूको इच्छा, आकांक्षा तथा आवश्यकतालाई सम्बोधन नगरिएको पन्तले बताउनुभएको छ।

मुलुकी देवानी संहिता, २०७४ को दफा ६९(१) मा 'प्रत्येक व्यक्तिलाई कानुनको अधीनमा रही विवाह गर्ने, परिवार कायम गर्ने तथा पारिवारिक जीवनयापन गर्ने स्वतन्त्रता हुनेछ' भन्ने व्यवस्था रहेको छ। सोही दफाको उपदफा (२) मा 'विवाह जुनसुकै किसिमबाट भएको भए पनि त्यस्तो विवाह सार्वजनिक गर्नु वा गराउनु पर्नेछ' भन्ने व्यवस्था छ। व्यक्तिले कोसँग विवाह गर्दछ भन्ने कुरो सो व्यक्तिको निजी इच्छा, आकांक्षा र उसको जैविक आवश्यकता भएकाले यस अनुसारको कानुन बनाउन यौनिक तथा लैङ्गिक अल्पसंख्यक नागरिकले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा सुझाव पनि दिएका छन्।

मन्त्रालयको तथ्याङ्क विश्लेषण तथा प्रकाशन शाखाका प्रमुख रामहरि गैह्रेले यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायबाट सुझाव प्राप्त भएको बताउनुभएको छ। उहाँले अब मन्त्रालयले राय सुझावसहित

विवाहसम्बन्धी कानुनको अवधारणालाई कानुन मन्त्रालयमा पठाउने प्रक्रिया सुरु हुने बताउनुभयो।

महिला र पुरुषका बिचमा मात्र विवाह हुन्छ भन्ने मान्यता राख्ने कानुनी व्यवस्थालाई हटाई व्यक्ति व्यक्ति बिचमा विवाह हुन सक्छ भन्ने मान्यता अङ्गीकार गरी समानताको सिद्धान्तको आधारमा समलिङ्गी विवाहलाई कानुनी मान्यता प्रदान गरिनु उपयुक्त हुने मन्त्रालयले अवधारणाको मस्यौदामा लेखिसकेको छ।

२०७३ मा नेपालको सर्वोच्च अदालतले नेपाली महिला सुमन पन्तसँग विवाह गरेकी अमेरिकी नागरिक लेस्ली लुइस मेल्नीकलाई गैरपर्यटकीय भिसा दिन अध्यागमन विभागका नाममा परमादेश जारी गरेको थियो। गैरपर्यटकीय भिसा नदिने अध्यागमन विभागको निर्णय विरुद्ध मेल्नीकसँग अमेरिकाको क्यालिफोर्नियामा समलिङ्गी विवाह गरेर नेपाल आएकी पन्तले सर्वोच्च अदालतमा रिट निबेदन दिनुभएको थियो। सर्वोच्चको आदेशमा पन्त र लेस्लीले स्पाउस भिसा पाउनुभयो।

नेपाली नागरिक अधीप पोखरेल र जर्मन नागरिक टोविस (जो समलिङ्गी विवाहित जोडी हुन्) ले हालेको रिट निवेदनमा विदेशमा भएको विवाहलाई अन्यथा मान्न नसकिने आदेश सर्वोच्च अदालतले २०७९ चैत ६ गते दिएको छ। वैवाहिक भिसा प्राप्त गर्न विवाह प्रमाणित हुने आधिकारिक प्रमाणपत्र अथवा विवाह दर्ताको प्रमाणपत्र र दम्पती मध्येका नेपाली नागरिकको नागरिकता प्रमाणपत्रलाई मुख्य कागजात मानी गैरपर्यटकिय भिसा जारी गर्न सर्वोच्चले आदेश दिएको छ।

विवाहपश्चात् परिवार बसाउने सम्बन्धमा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले पनि अधिकार सुनिश्चित गरेको छ। खास गरी मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ अन्तर्गतको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा १ ले आत्म निर्णयको अधिकार, धारा २ ले बिना भेदभाव अधिकारको सम्मान र सुनिश्चितता, धारा ६ ले प्रत्येक व्यक्ति जीवनको अन्तनिहित अधिकारको रक्षा गरिने र जिउनबाट जथाभाबी वञ्चित नगरिने प्रत्याभूति भनी बाँच्न पाउने अधिकार, समानताको अधिकार र जहाँकही पनि कानुनको अगाडि व्यक्तिको रूपमा मान्यता पाउने अधिकारलाई सुनिश्चित गरिएको छ।

आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र १९६६ को धारा १ ले आत्मनिर्णयको अधिकार, धारा ९ ले सामाजिक सुरक्षाको अधिकार र धारा १० ले विवाह तथा परिवारको अधिकारको प्रत्याभूति राज्यले गर्नुपर्ने व्यवस्था गरेको छ।

## पहिलो पटक गणना

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको पहलमा पहिलो पटक घर परिवार गणनाका आधारमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक नागरिकको तथ्याङ्क सार्वजनिक भएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले नेपालमा २,९२८ जना अन्य लैङ्गिक पहिचानका नागरिक रहेको तथ्याङ्क सार्वजनिक गरेको हो।

यो समुदायको वकालत गर्नेहरूले भने विश्व स्वास्थ्य सङ्गठनको हवाला दिँदै सयमा ८ देखि १० जना

महिला र पुरुष भन्दा फरक समलिङ्गी, तेस्रोलिङ्गी, अन्तरलिङ्गी भएका व्यक्तिहरूको जन्म हुन्छ भन्ने आधारमा नेपालमा लाखौं रहेको दाबी गर्दै आएका छन्। यो कुनै आधिकारिक तथ्याङ्क भने होइन। गणाना नहुँदै नेपालले यौनिक तथा लैङ्गिक अल्पसख्यकहरूलाई धेरै पहिलादेखि नै मान्यता दिँदै आएको छ।

सन् २००१ मा जिल्ला प्रशासन कार्यालय काठमाडौंले समलिङ्गी तेस्रोलिङ्गीको यौन स्वास्थ्य र मानवअधिकारमा काम गर्ने गरी नील हिरा समाज नामक गैरसरकारी संस्था दर्ता गरेको थियो। सुनिलबाबु पन्त संस्थापक रहेको समाजमा पहिले सदस्य बस्नसमेत डराउने समलिङ्गी तेस्रोलिङ्गीले अहिले संस्थाकै नेतृत्व हाँकिका छन्। नील हिरा समाजसँगै हालसम्म यौनिक तथा लैङ्गिक अल्पसंख्यकको मानवअधिकारमा काम गर्ने उद्देश्य सहित दर्जन बढी संघसंस्था दर्ता भइसकेका छन्।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले सरोकारवाला संस्थालाई वार्षिक अनुदानसमेत दिँदै आएको छ। संविधानमा अधिकार लेखिएसँगै मन्त्रालयले यौनिक तथा लैङ्गिक अल्पसंख्यक नागरिकप्रति समाजमा रहेको भ्रम हटाउन जनचेतनामूलक कार्यक्रमसमेत सञ्चालन गर्दै आएको छ। सीपमूलक तालिम कार्यक्रमका लागि पनि मन्त्रालयले बजेट विनियोजन गर्दै आएको छ। यौनिक तथा लैङ्गिक अल्पसंख्यक नागरिकका लागि मन्त्रालय अभिभावकको रूपमा उभिएको छ।

ooo

# ज्येष्ठ नागरिकको हितमा गरिएका व्यवस्था, अवस्था र आवश्यकता



✍ बाबुकाजी कार्की*

## विषय प्रवेश

ज्येष्ठ नागरिक राज्यका अमूल्य सम्पत्ति हुन्। आफ्नो जीवनकालमा समाज र देशमा घटेका घट्ना भोगेका र साक्षत्कार गरी अनुभव सँगालेका जिउँदो इतिहास हुन् ज्येष्ठ नागरिक। उनीहरूको अनुभव र विज्ञतालाई देश विकासमा सदुपयोग गर्न पाउनु राज्यको लागि अवसर हो। देश विकासको महायज्ञमा सबै उमेरका जनताको सक्रिय सहभागिता अपरिहार्य रहन्छ। तुलनात्मक रूपमा युवा वर्गको योगदान उल्लेख्य रहने भए तापनि ज्येष्ठ नागरिकको भूमिकालाई पनि नजरअन्दाज गरिनु हुन्न। ज्येष्ठ नागरिकहरू देशको समृद्धिको यात्रामा निशुल्क योगदान गरी मातृभूमिको सेवा गर्न लालयित छन्।

मेरो समाज मेरो योगदान जस्ता अभियान सञ्चालन गरी ज्येष्ठ नागरिकलाई सामाजिक रूपान्तरणमा उत्साहप्रद सहभागिता गराउन सरकार र सरोकार पक्षले ध्यान दिनु जरुरी छ। वृद्धवृद्धाले आफ्नो लामो जीवनभरि सँगालेका ज्ञान सीप पछिल्लो पुस्ताका लागि अर्ती उपदेश अमूल्य मार्गदर्शनको रूपमा सदुपयोग गरिनु बुद्धिमानी ठहर्छ। 'कुरा सुन्नु बुढाको आगो ताप्नु मुढाको अनि पितृदेवो भवः, मातृदेवो भवः जस्ता परम्परागत आदर्श वाक्य आत्मसात् गर्नाले सु-संस्कृत र सभ्य बन्न मार्गदर्शन प्रदान गर्दछ। ज्येष्ठ नागरिकले आफ्नो जीवनकालमा भोगेका असीमित अनुभवहरूको सदुपयोग देश विकासमा लगाउने योजना तथा नीतिहरू राज्यले बनाउन चुक्नु हुन्न।

ज्येष्ठ नागरिकको अनुभवलाई राष्ट्रिय पुँजीका रूपमा विकास गरिनुपर्छ। विकास निर्माणमा आइपर्ने जोखिम र अवरोधहरूलाई ज्येष्ठ नागरिकले विगतमा भोगेका र समाधानमा अपनाएका ज्ञान, सीप र दक्षताको प्रयोगबाट सहजरूपमा समाधान खोज्न टेवा पुग्छ जसबाट समय र लगानीको बचत गर्न सकिन्छ। सरकारी, गैरसरकारी क्षेत्रमा बसेर काम गरेका निवृत्त कर्मचारीको विज्ञताको यथाशक्य प्रयोग 'समृद्ध नेपाल सुखी नेपाली' बनाउने लक्ष्य प्राप्तिमा होस्टेमा हैंसे हुन सक्छ। कतिपय अवस्थामा निवृत्तहरूको योग्यता, दक्षता र अनुभव हासिल गर्न राज्यको लगानीसमेत रहेको हुन्छ। स्वतन्त्ररूपमा समाजमा आफ्नो संस्कार, संस्कृति र सीप जगेर्ना गर्दै जीविका चलाइरहेका ज्येष्ठ नागरिकको दक्षताको उपयोग परम्परागत कला संस्कृतिको संरक्षण र पुस्तान्तरणका साथै पर्यटन प्रवर्धनमा समेत सदुपयोग गर्न सकिन्छ।

---

* *सदस्य, राष्ट्रिय ज्येष्ठ नागरिक कोष, समाज कल्याण परिषद*

## विश्व र नेपालको जनसांख्यिक अवस्था

ज्येष्ठ नागरिकसम्बन्धी पहिलो विश्व सम्मेलन सन् १९८२ जुलाई २६ देखि अगष्ट ६ सम्म अष्ट्रियाको भियनामा भएको थियो। दोस्रो सम्मेलन सन् २००२ अप्रिल ८ देखि १२ स्पेनको म्याड्रिडमा सम्पन्न गरियो। सन् १९९० मा बसेको संयुक्त राष्ट्रसंघ महासभाले प्रत्येक वर्ष १ अक्टोबरलाई अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाउने प्रस्ताव पारित गरेको थियो। पारित प्रस्तावमा वृद्धवृद्धाहरूका स्वतन्त्रता, सहभागिता, रेखदेख, आत्मसन्तुष्टि र मर्यादालाई प्राथमिकता दिनुपर्ने उल्लेख छ।

सन् २०१७ मा ६० वर्ष माथिका ज्येष्ठ नागरिकको संख्या विश्वको जनसंख्यामा १३.५५ रहेको अनुमान गरिएको छ। ज्येष्ठ नागरिकको विश्व जनसंख्या वार्षिक ३ प्रतिशतले बढिरहेको र सन् २०५० सम्ममा करिब २.१ अरब हुने अनुमान गरिएको छ। सन् २०५० मा ज्येष्ठ नागरिकको कुल संख्या १० वर्ष मुनिका कुल बालबालिकाभन्दा बढी हुने अनुमान छ। ज्येष्ठ नागरिकको जनसंख्या विकासोन्मुख देशहरूमा समेत बढ्दो छ। नेपालमा ज्येष्ठ नागरिक ऐन, २०६३ अनुसार ६० वर्ष पूरा गरेका नागरिकलाई ज्येष्ठ नागरिक भनिएको छ।

विश्वमा प्रत्येक सेकेण्डमा २ जना ६० वर्षे ज्येष्ठ नागरिकमा प्रवेश गर्छन्। अहिले विश्वमा ९० करोडको हाराहारीमा रहेका ज्येष्ठ नागरिक सन् २०५० सम्ममा दुई अरब पुग्ने प्रक्षेपण गरिएको छ। स्वास्थ्य र जनचेतनामा सकारात्मक परिवर्तनका कारण नेपालीको सरदर बाँच्ने आयुदर वृद्धि हुँदै गएको छ। नेपालीको सरदर बाँच्ने आयु दर ६८ वर्ष पुगेको छ। यस आर्थिक वर्ष २०७९/८० देखि सरकारले ज्येष्ठ नागरिकले भत्ता पाउने उमेर घटाएर ६८ वर्ष कायम गरेको छ। विगत पछिल्ला ६ ओटा राष्ट्रिय जनगणनाको विश्लेषण गर्दा ज्येष्ठ नागरिकको संख्या बढ्दो क्रममा नै छ।

| क्र.सं. | साल (वि.सं.) | ६० वर्ष वा माथिको जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २०१८ | ४,८९,३४६ | ५.२० |
| २ | २०२८ | ६,४८,७०३ | ५.६१ |
| ३ | २०३८ | ८,५७,०६१ | ५.७१ |
| ४ | २०४८ | १०,७१,२३४ | ५.८१ |
| ५ | २०५८ | १४,७७,३७९ | ६.५० |
| ६ | २०६८ | २१,५४,४१० | ८.१३ |
| ७ | २०७८ | २९,७७,३१८ | १०.२१ |

*स्रोतः राष्ट्रिय जनगणना, राष्ट्रिय तथ्याङ्क कार्यालय*

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको जनसंख्या वृद्धिदर ०.९२ प्रतिशत छ भने ज्येष्ठ नागरिकको जनसंख्या वृद्धिदर ३.१ प्रतिशत रहेको देखिन्छ। नेपालको जनसंख्याको १०.२१ प्रतिशत ज्येष्ठ नागरिक छन्। पुरुषको भन्दा महिलाको संख्या उच्च रहेको छ। नेपालको संविधानको धारा ४१ मा ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको मौलिक हकको सुनिश्चित

गरेको छ। विद्यमान ज्येष्ठ नागरिक ऐनले ७० वर्ष उमेर नपुगेका सामान्य ज्येष्ठ नागरिक र ७० वर्ष उमेर पूरा गरेकालाई वरिष्ठ ज्येष्ठ नागरिकको रूपमा परिभाषित गरेको छ। त्यस्तै असहाय, अशक्त र एकलको आधारमा पनि ज्येष्ठ नागरिकको वर्गीकरण गरिएको छ।

## ज्येष्ठ नागरिकसम्बन्धी विद्यमान कानुनी व्यवस्था

### नेपालको संविधान

नेपालको संविधान (धारा ४१) मा ज्येष्ठ नागरिकको मौलिक हकमा ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ। राज्यका नीतिहरू (धारा ५१(ज) (सामाजिक न्याय र समावेसीकरणसम्बन्धी नीति" (१२) मा सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिकरूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने। संविधानको अधिकारको सूची अनुसूची—८ (स्थानीय तहको एकल अधिकार सूची) को सि.न. १६ मा ज्येष्ठ नागरिकको विषय समावेश भएको छ।

### ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३

यस ऐनबमोजिम ज्येष्ठ नागरिकको ५ ओटा वर्गीकरण गरिएको छ। जसमा ७० वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक, ७० वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक, असहाय ज्येष्ठ नागरिक, अशक्त ज्येष्ठ नागरिक, एकल ज्येष्ठ नागरिक छन्। वर्गीकरणमा "एकल ज्येष्ठ नागरिक" भन्नाले विधवा, विधुर वा अविवाहित एकल ज्येष्ठ नागरिक सम्झनुपर्छ भनेर थप स्पष्ट पारिएको छ। ज्येष्ठ नागरिकप्रति परिवारको कर्तव्यमा ज्येष्ठ नागरिकलाई सबैले सम्मान गर्नुपर्ने, ज्येष्ठ नागरिकलाई आफ्नो आर्थिक हैसियत तथा इज्जत आमदअनुसार पालनपोषण तथा हेरचाह गर्नुपर्ने, कसैले ज्येष्ठ नागरिकको इच्छाविपरीत निजलाई परिवारबाट अलग राख्न वा अलग बस्न बाध्य गराउनु नहुने, भिक्षा माग्न लगाउन नहुने, ज्येष्ठ नागरिक विरुद्धको अपराध सरकारवादी हुने, आवश्यक सेवा, सुविधा र सहयोग प्रदान गर्नु गराउनु सबैको कर्तव्य हुने, यातायात सेवामा ज्येष्ठ नागरिकको लागि कम्तीमा २ सिट सुरक्षित राख्नुपर्ने र यात्रु भाडादरमा कम्तीमा ५० प्रतिशत छुट दिनुपर्ने, स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाले ज्येष्ठ नागरिकलाई प्राथमिकता दिई स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने, स्वास्थ्य संस्थाले ज्येष्ठ नागरिकले उपचार गराउँदा लाग्ने स्वास्थ्य सेवा शुल्कमा कम्तीमा ५० प्रतिशत छूट दिनुपर्ने प्रावधान छन्। अन्य व्यवस्थाहरूमा ज्येष्ठ नागरिक कल्याण कोष स्थापना (नेपाल सरकार, विदेशी सरकार, विदेशी व्यक्ति वा अन्तर्राष्ट्रिय संघसंस्था, स्वदेशी व्यक्ति वा संघसंस्था, अन्य कुनै स्रोतबाट गर्ने व्यवस्था छ। ज्येष्ठ नागरिकको मृत्यु भएमा सामाजिक परम्परा अनुसार वा निजले इच्छाएको धार्मिक परम्परा अनुसार निजको अन्त्येष्टी गराउनु पर्ने व्यवस्था छ। ज्येष्ठ नागरिकलाई परिचयपत्र ज्येष्ठ नागरिक बसोबास गरेको गाउँपालिका वा नगरपालिकामार्फत् उपलब्ध गराउने व्यवस्था छ। ज्येष्ठ नागरिकले हक अधिकार सुनिश्चितताको लागि उजुरी गर्नको लागि सहज व्यवस्था गरिएको छ। ज्येष्ठ नागरिकले दिएको उजुरी वा निवेदन गर्न सक्ने र सोउपर सम्बन्धित निकायले ३० दिनभित्र टुङ्गो लगाइसक्नुपर्नेछ। हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रले त्यस्तो केन्द्रमा रहेका ज्येष्ठ नागरिकलाई

वर्षको कम्तीमा १ पटक तीर्थाटन र २ पटक विभिन्न स्थानको दृश्यावलोकन गराउने व्यवस्था गराउनुपर्ने आदि व्यवस्था रहेका छन्।

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४**

- संघ र प्रदेश कानुनको अधिनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापन गर्ने।
- ज्येष्ठ नागरिकको पनि लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन र वितरण गर्ने।
- ज्येष्ठ नागरिक क्लब, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्ने।
- ज्येष्ठ नागरिक केन्द्र तथा अशक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन गर्ने।
- ज्येष्ठ नागरिक, अशक्तहरूको व्यवस्थापनसम्बन्धी अन्य कार्य गर्ने।

**१५औं आवधिक योजना**

चालु १५औं आवधिक योजनामा ज्येष्ठ नागरिकहरूको संरक्षण र सम्मानित जीवनको प्रत्याभूतिको सोच तथा ज्येष्ठ नागरिकहरूको जीवन सम्मानित, सुरक्षित र व्यवस्थित बनाई उनीहरूको ज्ञान, सीप र अनुभवलाई राष्ट्रले समृद्धिका लागि उपयोग गर्ने लक्ष्य राखेको छ।

जसमा पारिवारिक, आर्थिक र कानुनी संरक्षणको माध्यमबाट ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्धन गर्नु, ज्येष्ठ नागरिकलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउनु र ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई आर्थिक, सामाजिक रूपान्तरण र विकासमा उपयोग गर्नु उद्देश्यहरू निर्धारण गरिएको छ भने देहायका रणनीतिहरू लिएको छ।

- पारिवारिक र सामाजिक माध्यमबाट ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहारसुसार र उपयुक्त वातावरण सिर्जना गर्ने,
- असहाय, अशक्त, एकल (महिला, पुरुष) र जोखिममा परेका ज्येष्ठ नागरिकको विशेष संरक्षण र सुरक्षाको कानुनी तथा संस्थागत व्यवस्था गर्ने,
- ज्येष्ठ नागरिकले आर्जन गरेको ज्ञान, सीप र अनुभवलाई नीति निर्माणमा उपयोग गर्ने,
- ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा सेवालाई वृद्धि गर्ने।

**ज्येष्ठ नागरिकका हितमा चालिएका कदमहरू**

ज्येष्ठ नागरिकको हितमा नेपालमा विविध नीति तथा रणनीति अवलम्बन गरिएका छन्। चालू पन्ध्रौं योजनाले ज्येष्ठ नागरिकहरूको जीवन सम्मानित, सुरक्षित र व्यवस्थित बनाई उनीहरको ज्ञान, सीप सीप र अनुभवलाई राष्ट्रले समृद्धिको लागि उपयोग गर्ने लक्ष्य लिएको छ। विगतदेखि नै विभिन्न आर्थिक वर्षका बजेटमार्फत् ज्येष्ठ नागरिकको उल्लिखित अनुभवलाई स्थानीय सरकारसँगको सहकार्यमा

ज्ञानकेन्द्र, ध्यानकेन्द्र र आरामकेन्द्र स्थापना गर्दै पुस्तान्तरण गर्दै जाने अवधारणा ल्याएको छ। त्यस्तै अल्जाइमरलगायत उमेरगत रोगहरूको निशुल्क उपचार तथा असहाय ज्येष्ठ नागरिकका लागि संरक्षणको व्यवस्थासमेत गर्ने उल्लेख छ। ज्येष्ठ नागरिकको लागि मासिक ४ हजार भत्ता, निशुल्क स्वास्थ्य बीमा, यातायात तथा औषधोपचारमा ५० प्रतिशत छुट, ज्येष्ठ नागरिक परिचयपत्र, सेवा प्रवाहमा विशेष प्राथमिकता दिइने नीति लिइएको पाइन्छ। सरकार र सरोकार संघसंस्थाको पहलमा ज्येष्ठ नागरिक कोष स्थापना भए तापनि प्रभावकारिता ल्याउन थप पहल गर्नुपर्ने खाँचो खट्किएको छ।

## विद्यमान समस्या र चुनौती

ज्येष्ठ नागरिकको हितमा काम गर्न लागेको धेरै लामो समय भएको छैन। यस सम्बन्धमा सरकारले गर्दै आएको प्रयासलाई सकारात्मक नै मान्नुपर्छ। तथापि नीति नियमहरूको निर्माण र कार्यान्वयनको प्रभावकारितामा सुधार गर्नुपर्ने धेरै क्षेत्रहरू छन्। ज्येष्ठ नागरिकको अवस्था र आवश्यकता बारेमा पर्याप्त अध्ययन अनुसन्धान तथा भरपर्दो तथ्याङ्क र सूचनाहरूको अध्ययन र विश्लेषणबिना नीति नियमहरू बन्ने गरेको छनक वास्तविकताको नजिक छन्। विद्यमान समस्याहरूको रौंचिरा विश्लेषण र व्यवस्थापनबाट मात्रै ज्येष्ठ नागरिकको हकहितमा गरिने कामले सार्थकता पाउँछ। केही समस्या तथा चुनौतीहरू यस प्रकार छन्।

- भरपर्दो र अध्यावधिक तथ्याङ्कको अभावमा बन्ने योजनाहरूका कारण प्रभावकारितामा ह्रास आउनु,
- सरकारी र गैरसरकारी संघसंस्थाहरूले गर्दै आएका कार्यहरूमा समन्वयको अभावका कारण ज्येष्ठ नागरिकले पाउने लाभमा आवश्यकता र औचित्यको आधारमा न्यायोचित वितरण हुन नसक्नु,
- ज्येष्ठ नागरिकको आवश्यकता, चाहना, रुचि, क्षमताको पहिचान गरेर पर्याप्त नीति तथा कार्यक्रमहरू नआउनु,
- घरपरिवार, समुदाय र नागरिकहरूमा ज्येष्ठ नागरिकको हक अधिकार बारेमा भएका कानुनी व्यवस्थाको जानकारी नहुनु,
- अग्रजहरूको सम्मान र उनीहरूको अनुभव र ज्ञानलाई प्रचुर उपयोग गर्ने खालका नीति तथा रणनीतिको अभाव रहनु,
- अशक्त, असहाय, बेवारिसेको हेरचाहमा समुदाय र स्थानीय सरकारले पर्याप्त ध्यान दिन नसक्नु,
- उमेरगत शारीरिक तथा मानसिक कमजोरीका कारण घरपरिवार र समाजमा घुलमिल गर्न सहज नहुने कारणले पनि ज्येष्ठ नागरिकमा आउने उदासिनतालाई सम्बोधन गर्ने खालका मनोवैज्ञानिक परमार्श र सहज वातावरण बनाउनेतर्फ सरकार र सरोकार पक्षको पर्याप्त ध्यान जान नसक्नु,
- वृद्धाश्रम तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरूमा धार्मिक तथा मनोरञ्जनात्मक सामग्रीहरूको र

स्वास्थ्य लगायतका अन्य परामर्श सेवाको यथोचित व्यवस्थापन हुन नसक्नु,

- मौजुदा नियम कानुन लगायतका अन्य योजना तथा कार्यक्रमहरूको कार्यान्वयनमा प्रभावकारिता ल्याउन अनुगमन निरीक्षण र निर्देशनमा जवाफदेहिताका साथ सुधारको खाँचो खट्किएको छ।

**ज्येष्ठ नागरिकको हकहितका लागि प्राथमिकता दिनुपर्ने थप विषयहरू**

ज्येष्ठ नागरिकको हकहित संरक्षणका लागि तीन तहका सरकारबिच सहकार्य र समन्वयको विकल्प छैन। समयानुकुल ऐननियमको परिमार्जन गर्ने, आवश्यकताअनुसार वृद्धभत्ता र यस क्षेत्रमा कार्यरत संघसंस्थाहरूका लागि अनुदान रकम वृद्धि गर्ने, विपन्न ज्येष्ठ नागरिकको गाँस बास कपासको व्यवस्था गर्ने, सरकारी संरचनाहरू ज्येष्ठ नागरिकमैत्री बनाउने, ज्येष्ठ नागरिकको सम्मानमा प्रभावकारिता ल्याउन जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, सार्वजनिक निजी सहकार्यका कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने, निजी तथा गैरसरकारी संघसंस्थाहरूलाई ज्येष्ठ नागरिकको हितमा काम गर्न प्रोत्साहित गर्ने तथा आवश्यकताअनुसार अनुगमन निरीक्षण र नियमन गर्ने सरकारी नीति हुनुपर्छ। ज्येष्ठ नागरिकको हकहितका कार्यहरू सरकार, समुदाय र परिवारको जवाफदेहितामा मात्रै फलदायी हुने वास्तविकतालाई नकार्न सकिन्न।

सदियौँदेखि चल्दै आएको ज्येष्ठ नागरिक प्रतिको संरक्षण र सम्मानमा पछिल्लो समयमा विचलन आउन थालेको जगजाहेर नै छ। संयुक्त परिवारबाट एकल परिवारमा बस्ने चलन बढ्दै गएको परिवेशमा आर्थिक, सामाजिक र मानसिकरूपमा ज्येष्ठ नागरिक रमाउने वातावरणमा ह्रास आउदै गएको महसुस हुँदैछ। 'बाह्र छोरा तेह्र नाती बूढाको धोक्रो काँधैमाथि' को भनाइ चरितार्थ हुँदै गएको छ। अचेलको 'बाबुभन्दा छोरो जान्ने खुकुरीभन्दा कर्द लाग्ने' प्रवृत्ति हावी हुनु शुभ संकेत होइन। वृद्धवृद्धाप्रति सन्ततिको कर्तव्य बोध र जिम्मेवारीको भावना क्रमश ह्रास हुँदै गएको छ। पारिवारिक स्नेहबाट अग्रजहरू विमुख हुँदै छन्। दुख पीडा र हिनताबोध जस्ता निराशाजनक जीवन जीउन विवश हुन पुगेका वृद्धवृद्धाको संख्या बढ्दो क्रममा छ। मानव जीवनचक्रमा हरेकले एक पटक पुग्नैपर्ने वृद्ध अवस्था हो। माया, ममता र करुणाका खानी ज्येष्ठ नागरिकको चित्त दुखाउनु सन्तति, समाज र सरकारका लागि आत्मघाती कदम हो।

ज्येष्ठ नागरिकको संख्यात्मक वृद्धिअनुसार उनीहरूको गाँस, बास र कपासको उचित प्रबन्ध गर्ने दायित्व सन्तति र सरकारको हो। साधारणतया वृद्ध अवस्थामा देखिएका र भोगिएका समस्याहरूमा खानपान र औषधी उपचारको उपयुक्त व्यवस्था, बसोबासको उचित प्रबन्ध, मर्यादा, आत्मसन्तुष्टि, मनोरञ्जनात्मक वातावरणको सहजता, सिर्जनात्मक अनुभवको उपयोग, आर्थिक तथा सामाजिक सुरक्षाको सुनिश्चितता, आरोग्य वा वृद्ध आश्रमको उचित व्यवस्थापन आदिमा विशेष ध्यान दिनुपर्ने हुन्छ। ज्येष्ठ नागरिकको दिनचर्यालाई सक्रिय, स्वस्थ र आत्मनिर्भर बनाउन उनीहरूको शारीरिक र मानसिक तन्दुरुस्ती अनुकूल बालबच्चा हेर्ने, खाना बनाउने, कृषिकर्ममा लगाउने, व्यापार व्यवसायमा सक्रिय बनाउन सकिन्छ। त्यस्तै, विभिन्न क्षेत्रमा दक्षता हासिल गरेका चिकित्सक, व्यवस्थापक, प्राविधिक लगायतका विज्ञहरूको अनुभवलाई समाज सेवा र देश निर्माणमा सदुपयोग गर्न सकिन्छ।

राष्ट्रिय ज्येष्ठ नागरिक कोषको सक्रियतामा नेपाल सरकारले प्रत्येक वर्षको पुस ११ गते राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाउने प्रचलनको सुरुवात सरकारले गरेको छ। राष्ट्रिय ज्येष्ठ नागरिक कोषको पहलमा मनाउन लागिएको दिवसमा सम्माननीय राष्ट्रपतिज्यूबाट सताब्दी महिला तथा पुरुषलाई अभिनन्दनलगायत विभिन्न क्षेत्रमा उत्कृष्ट योगदान पुर्‍याउने समाजसेवीलाई प्रशंसा तथा कदरपत्र आदि प्रदान गरी मनाउँदै आएको छ। एक दिने दिवसमा मात्र ज्येष्ठ नागरिकलाई सम्मान गर्दैमा दिवसले सार्थकता पाउन सक्दैन्।

## निष्कर्ष

ज्येष्ठ  नागरिक ऐन, तथा नियमहरूमा भएका कल्याणकारी प्रावधानहरूको प्रभावकारी कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तीनै तहका सरकारबिच सहकार्य र जिम्मेवारी बोध हुनुपर्छ। दिवा सेवा तथा दिवा मिलन केन्द्र, अशक्त स्याहार केन्द्र लगायतका सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन र सहकार्यमा सरकारी र गैरसरकारी संघसंस्थाका सदभाव, सहयोग, सहकार्य र समन्वयमा मात्र ज्येष्ठ नागरिकका लागि गरिएको कल्याणकारी कामले सार्थकता पाउन सक्छन्। ज्येष्ठ नागरिकको अनुभवलाई राष्ट्रिय पुँजीका रूपमा विकास गरिनुपर्छ। विकास निर्माणमा आइपर्ने जोखिम र अवरोधहरूलाई ज्येष्ठ नागरिकले विगतमा भोगेका र समाधानमा अपनाएका ज्ञान, सीप र दक्षताको प्रयोगबाट सहजरूपमा समाधान खोज्न टेवा पुग्छ जसबाट समय र लगानीको बचत गर्न सकिन्छ। सरकारी गैरसरकारी क्षेत्रमा बसेर काम गरेका निवृत्त कर्मचारीको विज्ञताको यथाशक्य प्रयोग समृद्ध नेपाल सुखी नेपाली बनाउने लक्ष्य प्राप्तिमा होस्टमा हैंसे हुन सक्छ। कतिपय अवस्थामा निवृत्तहरूको योग्यता, दक्षता र अनुभव हासिल गर्न राज्यको लगानी समेत रहेको हुन्छ। स्वतन्त्ररूपमा समाजमा आफ्नो संस्कार संस्कृति र सीप जगेर्ना गर्दै जीविका चलाइरहेका ज्येष्ठ नागरिकको दक्षताको उपयोग परम्परागत कला संस्कृतिको संरक्षण र पुस्तान्तरणका साथै पर्यटन प्रवर्धनमा समेत सदुपयोग गर्न सकिन्छ। समग्रमा ज्येष्ठ नागरिकको हेरचाह र सहज जीवन जिउने वातावरण सुनिश्चित गर्नु हामी सबैको दायित्व हो भन्नेतर्फ हेक्का रहनुपर्छ।

## सन्दर्भ सामग्री


- १५औं आवधिक योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१), राष्ट्रिय योजना आयोग।
- नेपाल सरकार (२०६३) ज्येष्ठ नागरिकसम्बन्धी ऐन २०६३, काठमाडौं, कानुन किताब व्यवस्था समिति।
- नेपाल सरकार (२०६५), जयेष्ठ नागरिकसम्बन्धी नियमावली २०६५, काठमाडौं, कानुन किताब व्यवस्था समिति।
- नेपाल सरकार (२०७२), नेपालको संविधान, काठमाडौं, कानुन किताब व्यवस्था समिति।
- नेपाल सरकार (२०७४), स्थानीय सरकार सञ्चालन ऐन २०७४, काठमाडौं, कानुन किताब व्यवस्था समिति।
- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय (२०७५), सशक्तीकरण पूर्णाङ्क २१, काठमाडौं।
- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय (२०७८), सशक्तीकरण पूर्णाङ्क २४, काठमाडौं।
- www.mowcsc.gov.np


ooo

# प्रविधिको प्रयोगकर्ता ज्येष्ठ नागरिक धेरै सुखी



✍ छत्र प्रधान*

विश्वमा ज्येष्ठ नागरिकको जनसंख्या धेरै छिटो बढिरहेको छ। १९८० मा ज्येष्ठ नागरिकहरूको पहिलो सम्मेलन मकाउमा हुँदा ६० वर्ष माथिका ज्येष्ठ नागरिकहरू ३७ करोड ८० लाख थिए। चार दशकको अन्त्यतिर आइपुग्दा यो संख्या बढेर ७५ करोड ९० लाख पुगेको छ। सन् २०५० सम्ममा यो २ अरब पुग्ने अनुमान छ।

ज्येष्ठ नागरिकहरू विश्वकै रोटरी क्लबहरूको लक्षित समूह हो र रहनुपर्छ भन्ने हाम्रो मान्यता हो। हाम्रो डिस्ट्रिक ३२९२ भएपछिका रोटरी इन्टरनेसनलका अध्यक्षहरू पनि धेरैजसो ज्येष्ठ नागरिक नै थिए। यसै गरी हाम्रो डिस्ट्रिकका गभर्नरहरू पनि धेरैजसो ज्येष्ठ नागरिक नै रहेको पाउँछौं।

प्रत्येक वर्ष ज्येष्ठ रोटरियनलाई समावेश गरेर हाम्रो डिस्ट्रिकको प्रक्रियाको बनोटमा महत्वपूर्ण अङ्गको रूपमा Senior citizens Welfare Sub Committee गठन हुन्छ। यसमा युवाहरू जो ज्येष्ठ नागरिक हैनन्, उनीहरूलाई पनि समावेश गर्ने र उक्त समितिको नाम पनि परिवर्तन गरेर ज्येष्ठ नागरिक सामाजिक सुरक्षा समिति राख्न उपयुक्त देख्छु। यस समितिलाई डिस्ट्रिक र क्लबको स्तरको लागि आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गर्नको साथै वार्षिक, मध्यकालीन र दीर्घकालीन योजना बनाउने काम पनि दिन सकिन्छ। यसबाट रोटरीले ज्येष्ठ नागरिकको आवश्यकता सम्बोधन गर्न सजिलो हुने नै छ।

वि.सं. २०७८ असोज १५ गते तदनुसार २०२१ अक्टोबर १ तारिख ३१औं अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस (United Nations International Day of Older Persons, UNINDOP) को "सबै उमेर समूहको लागि डिजिटल प्रविधिको प्रयोगमा समानता" भन्ने सन्देशले नै संसारका ज्येष्ठ नागरिकहरूको लागि डिजिटल प्रविधिको संसारमा उचित प्रयोगमा सहभागिताको आवश्यकता रहेको परिकल्पना गरेको छ।

डिजिटल प्रविधिका क्षेत्रमा अभूतपूर्व रूपमा द्रुत गतिमा वृद्धि भइरहेको नविनतम विकासबाट उच्च किसिमको चौथो औद्योगिक क्रान्तिले हामी कसरी बस्ने, के काम गर्ने र एक-अर्कासँग कस्तो सम्बन्ध राख्ने भन्ने कुराहरू लगायत समाजका सम्पूर्ण पक्षलाई रूपान्तरण गरेको छ। प्राविधिक क्षेत्रमा भएको

---

* *अध्यक्ष, ज्येष्ठ नागरिक कल्याण उपसमिति, नेपाल-भुटान रोटरी इन्टरनेसनल डिस्ट्रिक ३२९२*

प्रगतिले दिगो विकासको लक्ष्य **(SDGs)** प्रति तीव्र गति लिने आशा पलाएको छ। तथापि, अति विकसित र अल्पविकसित देशहरू बिचको गहिरो खाडलसहित संसारको आधा जनसंख्या (क्रमशः ८७ र १९ प्रतिशत) इन्टरनेटको सञ्जालबाट बाहिर रहेको देखिएको छ (अन्तर्राष्ट्रिय दुरसञ्चार संगठनको तथ्य र आंकडा २०२०)। अन्तर्राष्ट्रिय दुरसञ्चार संगठनको हालैको प्रतिवेदनअनुसार महिला र ज्येष्ठ नागरिकहरू समाजका अन्य समूहभन्दा बढी मात्रामा डिजिटल प्रविधिको असमानता भोगिरहेका छन्। उनीहरूलाई या त प्रविधि प्रयोगको अभाव छ कि त प्रविधिको क्षेत्रमा भएको प्रगतिबाट निरन्तर प्राप्त हुने अवसर वा सुविधाबाट पूर्णरूपमा वञ्चित भएका छन् भन्ने देखाएको छ।

यसैबिच हाल जसरी धेरै मानिसहरूलाई यो प्रविधिको प्रयोगमा जोड्ने प्रयासहरू चलिरहेका छन्, त्यसरी नै त्यहाँ नयाँ जोखिमहरू पनि स्पष्टरूपमा देखिएका छन्। जसको उदाहरणको लागि ज्येष्ठ नागरिकहरूको मानव अधिकार, गोपनीयता आदि कुराहरू चुनौतीको रूपमा रहेका छन्। डिजिटल प्रविधिमा अपनाइनुपर्ने नीति र शासन प्रणालीले राष्ट्रिय, क्षेत्रीय, विश्वव्यापीरूपमा आउनुपर्ने द्रुत गतिलाई पछाडि पारेको छ। तर राष्ट्रसंघको मार्गचित्रले यी चुनौतीहरूलाई सहीरूपमा सम्बोधन गर्न, प्रविधिको सहीरूपमा उपयोग गर्न र उनीहरूको जोखिमलाई कम गर्न सिफारिस गरी ठोस रूपमा काम गर्न आह्वान गरेको छ। संयुक्त राष्ट्रसंघ अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसका उद्देश्यहरू निम्न रहेका छन्।

- बढदो उमेर र मानव अधिकार, सामाजिक सांस्कृतिक मापदण्ड र स्वायत्तताको अधिकारलाई ध्यानमा राख्दै डिजिटल प्रविधिसँग सम्बन्धित रूढिवादी, पूर्वाग्रह र भेदभावको सामना गर्दै ज्येष्ठ नागरिकलाई डिजिटल प्रविधिमा सहभागिताको महत्वको वारेमा सचेतना जगाउने दिगो विकासको लक्ष्यमा पूर्ण उपलब्धि हासिल गर्नको लागि डिजिटल प्रविधिको लाभ उठाउने नीतिहरू अवलम्बन गर्ने ।
- साक्षरतामा प्रवेश, हरेक क्षेत्रमा रहेका सार्वजनिक र निजी हित, अन्तरसम्बन्ध, निर्माण, प्रयास, क्षमता विकास, पूर्वाधार र नविनतम कार्यहरूलाई सम्बोधन गर्ने।
- साइबर सुरक्षा र नैतिकता, डिजिटल संसारमा ज्येष्ठ नागरिकको गोपनीयता र सुरक्षाको सुनिश्चितता कायम गर्नको लागि नीतिगत कानुनी संरचनाको भूमिकाको खोजी गर्ने।
- जिम्मेवारी, ज्येष्ठ नागरिकको अधिकारका साथै अन्य उमेर समूहका सम्पूर्ण व्यक्तिहरूको लागि अन्तरसम्बन्धित मानव अधिकारसम्बन्धी दृष्टिकोणको लागि आवश्यक कानुनी संयन्त्रको विकासमा जोड दिने।

डिजिटल प्रविधि युवाहरूमाझ ज्यादै प्रयोगमा आएको छ तर ज्येष्ठ नागरिकलाई यो प्रविधिको सेवाले धेरै टेवा दिन सकेको छैन। जसले गर्दा आधुनिक जीवनमा स्वतन्त्र वन्न चुनौती देखिएको छ।

विगतको दशक भन्दा आज आएर हाम्रो जीवनशैलीमा ज्यादै परिवर्तन आएको छ। त्यसमा डिजिटल प्रविधिले तीव्र गतिमा थप परिवर्तन ल्याएको छ। जसले गर्दा युवाहरूमा त यो प्रविधिले चमत्कारै गरेको छ। यसो हुँदाहुँदै पनि ज्येष्ठ नागरिकमा भने यसको प्रयोग नगण्य रहेको छ। भारतको

Help Age India को प्रतिवेदनअनुसार सन् २०५० सम्ममा भारतमा ज्येष्ठ नागरिकको जनसंख्या १८ वर्ष मुनिका किशोरावस्थाको संख्या जति नै हुने देखिन्छ। त्यसले गर्दा डिजिटल प्रविधिको प्रयोग अत्यावश्यकताका साथै ज्येष्ठ नागरिकलाई आधार मानेर प्रयोग गर्नुपर्ने देखिन्छ किनभने ११ करोड ज्येष्ठ नागरिकहरूको साक्षरता दर ४४ प्रतिशत मात्रै छ र यस्तो अवस्थामा मोबाइल फोन र इन्टरनेटको प्रयोग प्रभावकारी नरहने देखिन्छ।

स्मार्ट फोन र सामाजिक सञ्जालको प्रयोगबिना ज्येष्ठ नागरिकहरू पूर्णरूपले एक अर्कामा बोलचाल गरेर र व्यक्तिगत सम्पर्क राखेर व्यवहार गर्ने गर्छन् तर विगत १० वर्षदेखि प्रविधिमा आएको व्यापक विकासले गर्दा संसार नै परिवर्तन भैसकेको छ। आजका धेरैजसो व्यापार प्रविधिको प्रयोगबाटै हुने गरेको छ र अनुभवका आधारमा यो ज्यादै सजिलो माध्यम बनेको छ। युवा वर्गको लागि यसको प्रयोग बढ्दो गतिमा छ र उनीहरूले स्वभावत यसको प्रयोगलाई अँगालेका छन्। यसले जीवनलाई ज्यादै सहज बनाएको छ भन्दा अत्युक्ति नहोला। तर यो परिवर्तनले, ज्येष्ठ नागरिकहरू जो यो प्रविधिसँग अभ्यस्त भएका छैनन् उनीहरूको जीवन अगाडि बढाउन बाधा पारेको छ। अतः हामीले यो कुरालाई मनन गरी ज्येष्ठ नागरिकजन्य प्रविधि ल्याएनौं भने हाम्रो भोलिको नयाँ अथवा गरिमामय नवआविष्कारमाथि नै अवरोध हुनेछ।

नयाँ प्रविधिले ज्येष्ठ नागरिकको जीवनलाई अहिलेभन्दा धेरै गुणा समृद्ध बनाउन सक्छ। प्रमुख कुरा त प्रविधि सञ्चालन गर्न सक्ने ज्येष्ठ नागरिकले आफुलाई समयसापेक्ष पार्न सक्छन् र स्वतन्त्रतापूर्वक आफ्नो व्यापार अनलाइन प्रविधिद्वारा सञ्चालन गर्नाले अरूमा भर पर्न पनि पर्दैन। उस्तै उमेरका तर प्रविधि नजानेका ज्येष्ठ नागरिकले भन्दा प्रविधिमा पोख्त भएकाले दैनिक जीवनमा खुशी रहन सक्दछन् र सम्पन्नता पनि प्राप्त गर्न सक्छन्। त्यसैले यो प्रविधि आजका ज्येष्ठ नागरिकहरूलाई चौतर्फी विकास गर्ने अत्यावश्यक प्रक्रिया हो। यो प्रविधिबिना ज्येष्ठ नागरिकहरूले एक्लोपन व्यतित गर्नुपर्ने र असन्तुष्ट भएर बस्नुपर्ने अवस्था आउन सक्छ। मानौं, ज्येष्ठ नागरिकको आफ्नो कुनै पनि सन्तान अर्कै शहर वा देशमा बस्छन् र सामाजिक सञ्जाल, फेसबकु, ह्वाट्सएप चलाउन सक्दैनन् भने उनीहरूले आफ्नो सन्तानसँग सम्पर्क राख्न पनि सक्दैनन्। हेल्पएज इण्डियाको प्रतिवेदनअनुसार ९० प्रतिशतभन्दा बढी ज्येष्ठ नागरिकहरूले सामाजिक सञ्जालको प्रयोगबाट आफ्नो परिवार वा साथीभाइसँग सम्पर्क राख्ने गरेको उल्लेख छ।

धेरै ज्येष्ठ नागरिकहरू जो एउटा शहरबाट अर्को शहरमा आउनेजाने गर्छन् अथवा जसको स्वास्थ्यमा समस्या छ, उनीहरूको जीवन चुनौतीपूर्ण छ तर सामाजिक सञ्जालजस्तै मोबाइल फोनको प्रयोगले मात्र पनि ज्येष्ठ नागरिकलाई वरदान सावित भएको छ। त्यसरी नै अनलाइन सेवा अर्को त्यस्तै महत्वपूर्ण प्रविधि हो। जसको प्रयोगले ज्येष्ठ नागरिकले आफुले प्रयोग गरेको वस्तुको बिल तिर्न सक्छन् र आवश्यक वस्तु यिनै माध्यमबाट मगाउन पनि सक्छन्। यसका साथै बैंकको कारोबार घरमै बसेर आनन्दका साथ गर्न सक्छन्। जस्तैः घरबाटै टिकट बुकिंङ गर्न सक्छन्, खाना मगाउन सक्छन् काम गर्ने मानिस मगाउन सक्छन् र मनोरञ्जन समेत लिन सक्छन्। यो प्रविधि आवश्यक वस्तु प्राप्त गर्नको लागि, यात्राको लागि सन्तोषजनक त छँदैछ त्यसबाहेक चाहेको खाना मगाउनको लागि पनि उत्तिकै

आवश्यक छ। वास्तवमा त्यही प्रविधिबाट नै अन्य प्रविधिको प्रयोग कसरी गर्ने भन्ने समेत सुविधा प्राप्त गर्न सकिन्छ।

उदाहरणको लागि ज्येष्ठ नागरिकलाई तालिम दिन विभिन्न नाम गरेका एप उपलब्ध छ जसले आवश्यक एपहरू वेबसाइट र अन्य कुरा कसरी प्रयोग गर्ने भन्ने कुरा भिडियो द्वारा सिकाउँछ। इन्टरनेट प्रविधि जहाँ गए पनि सूचना प्राप्त गर्न सक्ने माध्यम हो चाहे त्यो ताजा खबर होस् वा आफुलाई इच्छा लागेको नयाँ कुरा सिक्नको लागि होस्। अतः यो अतुलनीय प्रविधिको स्रोत हो। यो प्रविधिमा भएका भिडियोहरूले नयाँ कुरा कसरी सिक्ने, नियमित व्यायाम कसरी गर्ने र विश्वका पक्वान्न पकाउने परिकार बारेमा जानकारीसमेत दिन्छ।

यस प्रकारको प्रविधि सिक्नाले आफ्नो स्वास्थ्यको लागि तुरून्तै काम लाग्ने कुराहरू सिकेर ज्येष्ठ नागरिक आफु स्वस्थ्य रहन सक्छन्। यी प्रविधिहरूले मुटुको धडकन (गति), रगतमा चिनीको मात्रा, रक्तचाप आदि काबुमा राख्न सक्छन्। यस्ता तत्काल प्रयोगमा आउने सुरक्षाका साधनहरू ज्येष्ठ नागरिकहरूका लागि घरभित्रै अति काम लाग्ने हुन सक्छन्। त्यसका साथै Argument/Virtual Reality को प्रयोगले ज्येष्ठ नागरिकले आफ्नो श्वाश-प्रश्वासको गति अनुभव गर्न सक्छन् र विश्वभरि जहाँ भए पनि आफूले यसको सहयोग लिन सक्छन्।

संक्षेपमा भन्ने हो भने यी प्रविधिहरूले ज्येष्ठ नागरिकहरूको जीवनस्तर विकसित गर्न सक्छन् तर त्यहाँ सीप सिक्न अवरोध छ। मानौं, कुनै नयाँ सीप हामीले सिकायौं भने त्यसलाई बुझ्न समय लाग्छ। अतः ज्येष्ठ नागरिकलाई यो नयाँ प्रविधि सिक्न प्रशस्त समय र धैर्यको आवश्यकता पर्छ। ज्येष्ठ नागरिकलाई नयाँ चिज सिकाउन पटक-पटकको सहयोग आवश्यक हुन्छ। स्वभावतः नयाँ चिज सिक्न बारम्बार सो कुरालाई दोहर्‍याउनुपर्ने हुन्छ। अर्को महत्वपूर्ण कुरा के हो भने ज्येष्ठ नागरिकलाई नयाँ कुरा सिकाउँदा प्राविधिक रूपमा स्वतन्त्र छोड्नुपर्छ र मात्र त्यसको राम्रो नतिजा प्राप्त गर्न सकिन्छ। प्रायः आफ्नो परिवार वा आफन्तले ज्येष्ठ नागरिकलाई त्यस्तो सुविधा दिनुपर्ने हुन्छ। यसले गर्दा उनीहरूलाई ठूलो मद्दत पुग्छ तर उनीहरू आफैंले सिक्ने कुरामा भने मेलो पाउँदैनन्। वास्तवमा उनीहरूलाई सिकाउन मद्दत गर्नैपर्छ र त्यही प्रविधिले नै कसरी सिकाउन सक्छ भन्ने कुरामा उनीहरूलाई स्वतन्त्र पार्दै अगाडि वढाउनुपर्छ। नयाँ प्रविधिको सीप विकास गर्न ज्येष्ठ नागरिक समूहको लागि हाम्रो देशमा पनि अति नै जरूरी भएको छ। जसका लागि ज्येष्ठ नागरिकको समूहलाई नै एक आपसमा छलफल गराउने र सिकाउने खालको अति नै धैर्य प्रशिक्षकको आवश्यक पर्छ। यसको धैर्यले गर्दा ज्येष्ठ नागरिकलाई नयाँ सीप सिक्न सहज हुनुपर्छ।

नेपालमा आजका युवाहरूबिच सरकारले प्रविधि शिक्षामा जोड दिएको छ तर यस्तै प्रयास ज्येष्ठ नागरिकहरूको लागि पनि व्यवस्था गर्न आवश्यक छ । प्रविधिका नयाँ तालिमहरूको योजना गरी उनीहरूको जीवनस्तर उकास्न आवश्यक देखिन्छ। त्यसैले देशमा प्रविधिको विकास गर्न ज्येष्ठ नागरिकहरूको प्राविधिक सीप विकास गर्न अति आवश्यक देखिन्छ।

ооо

# ज्येष्ठ नागरिकको सक्रिय जीवनशैली



✍ कल्पलता दाहाल*

ज्येष्ठ नागरिक भन्नाले ६० वर्ष उमेर पूरा गरेको नेपाली नागरिक बुझिन्छ । असहाय ज्येष्ठ नागरिक भन्नाले जीवनयापन गर्ने कुनै आधार आयस्रोत वा सम्पत्ति नभएका, पालनपोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएका वा भए पनि पालनपोषण नगरी अपहेलित वा उपेक्षित जीवनयापन गर्नु परेका नागरिक हुन् । अशक्त ज्येष्ठ नागरिक शारीरिक र मानसिक रूपमा असहज जीवनयापन गरिरहेका ज्येष्ठ नागरिक हुन् । ज्येष्ठ नागरिक ज्ञान, सीप, अनुभवले भरिपूर्ण आस्थाका धरोहर, जिउँदा इतिहास, जीवित देवता हुन्।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कुल जनसंख्या २,९१,६४,५७८ मध्ये साठी वर्ष उमेर पुगेका महिला पुरुषको संख्या २९,७७,३१८ रहेको छ जुन कुल जनसंख्याको १०.२ प्रतिशत हो।

**ज्येष्ठ नागरिकका साझा समस्याहरू**

- शारीरिक, मानसिक अशक्तता
- आध्यात्मिक, बौद्धिक चेतना स्तरका समस्या
- अज्ञानको अन्धकार र भ्रममा बाँच्नु,
- एक्लोपन महसुस हुनु
- भौतिक र भौगोलिक, वातावरणीय प्रभावबाट उत्पन्न समस्या
- सामाजिक, धार्मिक–सांस्कृतिक, आर्थिक, पारिवारिक, लैङ्गिक दृष्टिबाट उत्पन्न समस्या
- पुस्तान्तर,
- सम्मानमा कमी
- कानुन, नीति नियम र शासकीय व्यवस्थाको कार्यगत प्रभावभित्र देखिएका समस्या

वृद्ध भत्ता वितरण महिनैपिच्छे दिने नगरेका कारण खर्च गर्न पैसाको समस्या पर्ने, एक्ला अशक्तहरू भत्ता लिन जान नसक्ने, कतिपय एकल ज्येष्ठ नागरिकको नागरिकता बन्न नसकेको कारण वृद्धभत्ता नपाएको

* *पूर्व अध्ययन उपनिर्देशक, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान*

(समाज कल्याण केन्द्र वृद्धाश्रम पशुपतिमा बुझ्दा) जानकारीमा आएको, कतिपय अशक्त र एक्ला ज्येष्ठ नागरिकका लागि सार्वजनिक यातायातमा चढाउनै नमान्ने, कानुनी व्यवस्था भए पनि ५० प्रतिशत भाडा छुट नदिँदा विवाद गर्न वा भन्न नसक्ने, स्वास्थ्य संस्थाबाट निशुल्क औषधि पाउने सुविधा छ भन्ने थाहा नहुँदा औषधि प्राप्त गर्न नसक्ने, ज्येष्ठ नागरिकसम्बन्धी राज्यले के-कस्ता विकासका कार्यक्रम गर्दैछ, सक्षम ज्येष्ठ नागरिकलाई स्थानीय सरकारले के कस्ता कार्यमा कहिले र कसरी सहभागिता गराउँछ भन्ने थाहा नहुने आदि कारणले आम ज्येष्ठ नागरिकका ज्ञान, सीप, क्षमता, अनुभवलाई अझैसम्म बेमतलब गरिरहेको स्थिति छ।

देशका लागि नभै नहुने मानवस्रोतमध्ये युवा (करिब ६० लाख) चाहिँ श्रम गर्न विदेशिएका, आश्रित बालबालिका, अशक्तहरू यहीँ अनागरिकहरूले चलाएका व्यापार व्यवसायको भरमा  जीवन चलाउनु परिरहेको स्थिति देशमा लुकेको छैन। यस्तो हुनु राम्रो होइन।

## सक्रिय जीवनशैली के हो?

चेतना र जागरणयुक्त, होशपूर्ण, स्वस्थ, सन्तुष्ट, सुखी, आनन्दित, खुशीले भरिएको अर्थपूर्ण जीवनशैली सभ्य, उन्नत, मानवीय मूल्यसहितको मानव क्रियाकलापमा आधारित तथ्यपरक जीवनशैली नै सक्रिय जीवनशैली हो।

## सक्रिय जीवनशैली नै किन?

- राष्ट्रमा कर्मठ, सक्षम, उपयोगी, असल निष्ठावान, अनुशासित नागरिक बन्न र बनाउनका लागि
- पूर्ण स्वास्थ्यका लागि
- सुस्त रहेको जीवनशैलीमा पुनर्ताजगीका लागि
- शान्तिपूर्ण, खुशीले भरपुर, समृद्ध, सुखी र सहज जीवनयापनका लागि
- शरीरमा, मन–विचारमा, विवेकमा चेतना वा सजगता भरेर अध्यात्मको आनन्द लिँदै जीवनको अन्तिम लक्ष्य अर्थात् पूर्णता प्राप्त गर्नका लागि
- सामुहिक सकारात्मक ऊर्जाको सदुपयोग गरी मानव विकासको उत्कर्षमा पुग्नका लागि

## सक्रिय जीवनशैलीका निमित्त अपनाउनुपर्ने उपायहरू

- आफूलाई चिनेर र स्व–पहिचान गरेर, आफूप्रति निरन्तर सजग भई आफैंप्रति विश्वास–आत्म-विश्वास जगाउने कार्य गर्नु
- स्व–उन्नतिका लागि आर्थिक, साधन, स्रोत, समय, शक्तिमा लगानी गर्नु र समाज, राष्ट्र र विश्वकै लागि कल्याणकारी कार्य गर्न सक्षम बन्नु
- आत्मिक शक्ति, संकल्प शक्ति, आफ्नो लक्ष्य के हो, आफ्नो अस्तित्व के हो, जड अनि चेतन के हो छुट्याउन सक्ने बोध र बौद्धिक ज्ञान र सीपको शक्ति आर्जन गरी तन, मन, धन, जनको शक्ति एकत्व गरेर कार्य गर्न सक्षम बन्नु

- अरुलाई दुःख नदिई आफ्नो जीवनको लक्ष्य प्राप्त गर्न बनाएको योजनामा व्यवस्थित ढङ्गले कार्य गर्नु
- स्व–निर्भरता, स्व–अनुशासन, स्व–व्यवस्थापनमा अभ्यस्त रहेर निरन्तर योग ध्यानको अभ्यास गर्दै जाने बुझेका कुरा व्यवहारमा उतार्नु
- सर्वप्रथम स्वयंप्रति प्रेम गर्दे आफ्नो परिवार, छिमेकी, साथी समाजमा कुराकानी, भेटघाट, सहयोग लिने–दिने गरी प्रेम, सदभाव निरन्तर बढाएर शान्तपूर्ण उन्नत जीवन जिउनु
- परिपक्व अवस्थाको ज्येष्ठ व्यक्ति (अर्थात् म) परिवार, समाज, राष्ट्रको समस्या होइन, जुनसुकै उमेर, जात, अवस्था, लिङ्ग, धर्म, सम्प्रदाय, पेशा आदि जे भए पनि मानवीय धर्म, अधिकार र कर्तव्य सबैका साझा विषय हुन्। यति कुरा स्वीकार्दा सबैको असल र सहयोगी बन्न सकिन्छ भन्ने धारणा आफूमा बलियो बनाउने। यही कुरा सामाजसेवी, राष्ट्रसेवक सबैले स्वीकार्नु जरुरी छ।
- "आफू भलो त जगतै भलो, फूलको आँखामा फूलै संसार, आफू छु र पो परिवार छ, आफन्त छन्, समाज छ, देश छ, संसारै छ, भगवान छन्, मठ, मन्दिर, चर्च, मस्जिद गुम्वा छ आफैं नभए....." आफ्नो महत्व यसरी बुझ्न सकिन्छ साथै ज्येष्ठ नागरिकले आफैंप्रति सकारात्मक सोच राखेर अगाडि बढ्न सक्नु हुनेछ।

**ज्येष्ठ नागरिकको सक्रिय जीवनशैलीका सहयोगी, कल्याणकारी मित्र को हुन सक्छन्?**

इच्छुक विषय विज्ञ, अनुभवी, आधिकारिक सँगठनका व्यक्तित्व, प्रतिष्ठित समाजसेवी, राष्ट्रसेवक ज्येष्ठ नागरिकको सक्रिय जीवनशैलीका सहयोगी, कल्याणकारी मित्र हुन सक्छन्। विद्यमान संशोधित ज्येष्ठ नागरिक ऐन, २०७९ अनुसार कार्य गर्न वर्तमान ज्येष्ठ नागरिक नियमावली २०६५ मा संशोधन हुनु आवश्यक छ। साथै ज्येष्ठ नागरिकका विषय सम्बोधन गर्न राष्ट्रिय नीति चाँडै तय हुनुपर्ने अत्यावश्यक भैसकेको छ।

ज्येष्ठ नागरिकका विषयमा कार्य योजना तयार पारी नेपाल सरकारले सहयोगी संस्थाहरूसँग सहकार्य गर्दै अगाडि बढ्न उपयुक्त हुनेछ किनकि वैदेशिक रोजगारी, परिवार विच्छेदनका विभिन्न कारक तत्वहरू रहेका वर्तमान अवस्थामा संशोधित ऐन कार्यान्वयनका लागि स्थानीय सरकारको व्यवस्थापन र विकासका क्षमता अभिवृद्धि नगरी संभव देखिँदैन। बरु स्वदेशी प्रतिष्ठित समाजसेवी संस्थाहरूसँग सहकार्य गर्दा ज्येष्ठ नागरिकका समस्याको छिटो समाधान गर्न र उनीहरूलाई सक्रिय जीवनयापन गर्न यथेष्ट मद्दत पुग्नेछ। यस कार्यमा देशका सातै प्रदेशका ७५३ स्थानीय तहका सबै ६७४३ वडामा पहुँच हुने गरी सरकार र सेवामूलक संस्थाले मिलेर कार्य गर्नुपर्ने हुन्छ।

सक्रिय जीवनशैलीका लागि कार्य गर्दै आएका विभिन्न स्वदेशी–विदेशी संस्थामध्ये नेपालको एक मौलिक समाजसेवी संस्था जीवन विज्ञान पनि हो जसले विगत दशकयता मानिसभित्र बीजरूपमा रहेको भागवत तत्व र पूर्ण कुशलताले भरिएको संभावनालाई उजागर गर्ने उद्देश्य राखेर व्यवस्थापन, मानव मनोविज्ञान र वैज्ञानिक अध्यात्मको उपयुक्त संयोजन गरी आफ्ना कार्यक्रमहरू विभिन्न सरकारी, गैरसरकारी

संगठनका विकासका लागि, व्यक्ति एवं परिवारका लागि दैनिक सञ्चालन गरिरहेको छ। हाल संसारका ५५ देशहरूमा यस संस्थाका कार्यक्रमहरू विस्तारित भएको जानकारीमा आएको छ। यस संस्थाका कार्यक्रमहरूले ज्येष्ठ नागरिकका जीवनशैलीलाई सकारात्मक सक्रिय र क्रियाशील बनाउन मद्दत गरेको छ। सरकारसँग सहकार्य गर्नमा यस्तै सामाजिक संस्था उपयोगी हुने देखिन्छ।

**सन्दर्भ सामग्री**


- जीवन विज्ञान केन्द्रका विभिन्न कक्षा एवं जीवन विकास विशेषज्ञका प्रवचनहरू
- ज्येष्ठ नागरिक स्वस्थ जीवनशैली डा.सुमन के श्रेष्ठ र खगेन्द्र विष्ट २०७७
- ज्येष्ठ नागरिकको सवालमा स्थानीय सरकार तथा सरोकार निकायहरूको भूमिका प्रा.डा.प्रेम शर्मा सदस्य राष्ट्रिय ज्येष्ठ नागरिक महासंघ
- ज्येष्ठ नागरिकसम्बन्धी ऐन २०६३
- ज्येष्ठ नागरिकसम्बन्धी ऐन २०६३लाई संशोधन गर्न बनेबो ऐन २०७९
- नेपाल ऐन संग्रह, खण्ड १६, २०७८ नेपाल सरकार, कानुन किताब व्यवस्था समिति
- पाका मान्छेका कुरा प्रा.डा. मुकेशकुमार चालिसे २०७९, भुंडीपुराण प्रकाशन
- प्रशिक्षणमा प्रस्तुत सामग्रीहरूः एजिङ्ग नेपाल ज्येष्ठ नागरिक स्याहारकर्ता प्रशिक्षण, २–३१ जनवरी, २०२३
- राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन।


०००

# बौद्धिक अपाङ्गता र यसमा परिवारको भूमिका



✍ मणिराज श्रेष्ठ*

**बौद्धिक अपाङ्गता के हो ?**

कलिलो अथवा वृद्धि-विकास भइरहेको मस्तिष्कमा असर परी बौद्धिक विकास ढिलो भई स्थानीय ठाउँ, वातावरण, रहनसहन, संस्कार, भाषा आदि अनुकुल समुदायमा उमेरसापेक्ष गरिनुपर्ने क्रियाकलाप र व्यवहार गर्न वा देखाउन नसक्ने स्थितिलाई बौद्धिक अपाङ्गता भनिन्छ। यो कुनै रोग होइन बरु विभिन्न रोगको कारणबाट यो स्थिति आउन सक्छ। गर्भावस्थादेखि १८ वर्षको उमेरभित्र यो स्थिति देखा परेको हुन्छ।

मस्तिष्कमा परेको असरको मात्राअनुसार बौद्धिक अपाङ्गता भएर देखा पर्ने समस्याहरू पनि धेरै वा थोरै तथा जटिल वा साधारण हुन सक्छन्। जस्तो कि, थोरै मात्र मस्तिष्कमा असर परेका बच्चाहरू हेर्दा शारीरिकरूपमा बौद्धिक अपाङ्गता नभएका अन्य बालबालिकाहरूजस्तै देखिने र समयमा नै उचित अवसर तथा तालिम पाएमा विभिन्न सामान्य क्रियाकलापहरू गर्न सक्ने हुन्छन् र बढी असर परेका बच्चाहरू साना-साना सीप तथा क्रियाकलापहरू सिक्नलाई पनि धेरै समय लाग्ने र कोही-कोहीले सिक्न पनि नसक्ने हुन सक्छ। अन्य प्रकारको अपाङ्गताभन्दा यो केही जटिल र संवेदनशील हुन्छ।

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ मा बौद्धिक अपाङ्गताको परिभाषा यसरी गरिएको छ। उमेरको वृद्धिसँगै बौद्धिक सचेतनाको विकास हुन नसकी बौद्धिक विकास नभएका कारणले उमेर वा वातावरणमा सापेक्ष क्रियाकलाप गर्न समस्या हुने अवस्थाको व्यक्ति (जस्तोः डाउन्स सिन्ड्रोमसमेत)।

